| Retained Earnings | 318,136 | 248,442 |
| Reserves | 1,403,870 | 1,384,021 |
| **Total equity attributable to equity holders** | **2,887,528** | **2,797,985** |
| **Non-controlling interests** | - | - |
| **Total equity** | **2,887,528** | **2,797,985** |
| **Total Liabilities and Equity** | **23,623,369** | **22,146,052** |
| Net worth value per share | 247.75 | 240.06 |
| Value of assets per share | 2,026.85 | |

### Condensed Statement of Profit and Loss As on Quarter Ended 30th Aswin 2081 (16/10/2024)

Rs in "000"

| Particulars | Current Year | | Corresponding Previous Year | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Interest Income | 725,651 | 725,651 | 549,119 | 549,119 |
| Interest Expense | 421,159 | 421,159 | 400,018 | 400,018 |
| **Net Interest Income** | **304,492** | **304,492** | **149,101** | **149,101** |
| Fee and Commission Income | 52,379 | 52,379 | 108,626 | 108,626 |
| Fee and Commission Expense | - | - | - | - |
| **Net Fee and Commission Income** | **52,379** | **52,379** | **108,626** | **108,626** |
| **Net Interest, Fees and Commission** | **356,871** | **356,871** | **257,727** | **257,727** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | | | | |
| **Total Operating Income** | **356,871** | **356,871** | **257,727** | **257,727** |
| Impairment Charge/(reversal) for Loans | 23,479 | 23,479 | 8,377 | 8,377 |
| **Net operating income** | **333,392** | **333,392** | **249,350** | **249,350** |
| **Operating Expense** | **183,682** | **183,682** | **170,688** | **170,688** |
| Personnel Expenses | 127,930 | 127,930 | 117,099 | 117,099 |
| Other Operating Expenses | 53,337 | 53,337 | 49,787 | 49,787 |
| Depreciation & Amortization | 2,415 | 2,415 | 3,803 | 3,803 |
| **Operating Profit** | **149,710** | **149,710** | **78,662** | **78,662** |
| Non-Operating Income | - | - | - | - |
| Non-Operating Expense | - | - | - | - |
| **Profit before Income Tax** | **149,710** | **149,710** | **78,662** | **78,662** |
| **Income Tax Expense** | **44,913** | **44,913** | **23,599** | **23,599** |
| Current Assets | 44,913 | 44,913 | 23,599 | 23,599 |
| Deferred Tax | - | - | | - |
| **Profit for the Period** | **104,797** | **104,797** | **55,063** | **55,063** |
| **Condensed Statement of Comprehensive Income** | | | | |
| Profit for the period | 104,797 | 104,797 | 55,063 | 55,063 |
| Other Comprehensive Income | - | - | - | - |
| **Total comprehensive income** | **104,797** | **104,797** | **55,063** | **55,063** |
| Per share income | | | | |
| Basic earning per share (Basic EPS) | | 35.29 | | 20.31 |
| Diluted earning per share (Diluted EPS) | | 35.29 | | 20.31 |

### Ratio as per NRB Directives

| Particulars | Current Year | | Correspondin Previous Year | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Capital Fund to RWA | - | 11.95% | - | 12.53% |
| Non Performing Loan (NPL) to Total Loan | - | 4.26% | - | 4.17% |
| Total Loan Loss Provision to Total NPL | - | 88.19% | - | 62.54% |
| Cost of Funds | - | 8.81% | - | 9.97% |
| Credit to Deposit & Borrowing Ratio | - | 385.59% | - | 353.69% |
| Base Rate | - | 13.53% | - | 14.32% |
| Interest rate spread | - | 4.81% | - | 2.69% |

**Interest rate on deposits & Loan & Advance**

**1. On Deposits : 7.5% to 13.26%** | **2. Loan : 12 % to 15%**

### Statement of Distributable Profit and Loss For the Quarter Ended 30th Aswin 2081 (16/10/2024)

Rs in "000"

| Particulars | Upto this Quarter |
|---|---|
| Net Proft for the period end Quarter | 104,797 |
| **Appropriations** | |
| 1.1 Profit required to be appropriated to: | |
| a. General Reserve | (20,959) |
| b. Foreign Exchange Fluctuation Fund | |
| c. Capital Redemtion Reserve | |
| d. Corporate Social Responsibility | (1,048) |
| e. Employee Trainning Fund | |
| f. Client Protection Fund | (1,048) |
| g. Other-Employee Welfare Fund | |
| **Profit or Loss of this qyarter before regulatory adjustment** | **81,742** |
| a. Interest receivable (-)/previous accrued interest received (+) | - |
| b. Short loan loss provision in accounts (-)/reversal (+) | |
| c. Short provision for possible losses on investment (-)/reversal (+) | |
| d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+) | |
| e. Deferred tax assets recognised (-)/ reversal (+) | - |
| f. Goodwill recognised (-)/ impairment of Goodwill (+) | |
| g. Bargain purchase gain recognised (-)/resersal (+) | |
| h. Acturial loss recognised (-)/reversal (+) | - |
| i. Loan Loss Reserve Written Back on Restructure Loan (+/-) | - |
| Profit brought forward from Previous Years | 248,442 |
| Previous year's dividend paid (Share + Cash) | - |
| **Net Proft for the period end available for distribution** | **330,184** |

**Notes to interim financial statements:**

1. The above figures are subject to change as per the direction of the supervisors, regulators and or external auditors.
2. The interim financial statements have been prepared in accordance with Nepal Financial Reporting Standard (NFRS) as issued by the Accounting Standard Board, Nepal and applied the carve out issued by ICAN.
3. Loan and advances to MFIs are presented as a net amount of impairment and includes staff loans.
4. Actuary valuation will be done for employment service benefits
5. The previous period's figures have been reclassified, restated, and regrouped wherever necessary for comparability and consistent.
6. The interim Financial Statement has been updated in https://nationalmicrofinance.com.np/
7. Personnel Expenses include staff bonus allocated as per rule.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

**आ.व. २०८१/८२ को प्रथम त्रैमासिक विवरण**

**१. वित्तीय विवरण :**

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

**(ख) प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (वार्षिकिकरण) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रू ३५।२९ | ४१।८१ | रू २४७।७५ | रू २०२६।८५ | ९।४९ |

**२. व्यवस्थापकीय विश्लेषण :**

**(क) यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :** यस अवधिमा यस वित्तीय संस्थाको मौज्दात, आम्दानी र तरलतामा व्यवस्थापनले अनुमान गरे अनुरूप नै सन्तोषजनक रुपमा बृद्धि रहेको छ ।

**(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले स्थापनाको शुरुदेखि नै वित्तीय पहुँच अभिबृद्धि गराई नेपालको गरिबी घटाउने, वित्तीय समावेशीकरण बढाउने उद्देश्यले नेपाल भरी नै लघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडि बढिरहेको छ । यस संस्थाले महिला सहयात्रा लघुवित्त वित्तीय संस्था लि. लाई प्राप्ती गरी मिति २०७८/०३/३० देखि एकीकृत कारोबार सञ्चालन भईसकेको छ । साथै, राष्ट्रिय स्तरका नेशनल माइक्रोफाईनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पश्चात मिति २०८०/०३/३० देखि "घ" वर्गको राष्ट्रीय स्तरको नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट वित्तीय कारोबार समेत शुरू गरिसकेको छ । हाल देशभर संस्थाले १८४ वटा शाखा कार्यालयहरू मार्फत ७४ जिल्लामा २,३१,३०० जना विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गरिरहेको छ । यस संस्थाले नविनतम प्रविधिहरुको प्रयोग गरी छिटो छरितो र विश्वासनीय एवं दिगो सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रहेको छ । संस्थाले कृषि, पशुपालन, सेवा व्यवसाय तथा लघुउद्यम जस्ता व्यवसायहरु सञ्चालनको लागि विशेष गरी महिलाहरुलाई केन्द्रित गरी उत्तरदायी लघुवित्त सेवा उपलब्ध गराउँदै आएको छ । समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिष्कृत गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेको छ । आगामी आर्थिक वर्षमा वित्तीय पहुँच नपुगेका ग्रामीण क्षेत्रमा शाखा विस्तार गरी अझ प्रभावकारी रुपमा सेवा तथा सुविधाको विस्तार गर्ने लक्ष्य रहेको छ ।

**(ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** बैंकिङ्ग क्षेत्रमा तरलताको अवस्था लगायत बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त विपन्न वर्ग अन्तर्गतको थोक कर्जामा लिने ब्याजदरको उतार चढाव, लघुवित्त वित्तीय संस्थाहरू विरूद्ध भैरहेको किस्ता असुलीसंग सम्बन्धित प्रतिकुल गतिविधीहरू र अर्थतन्त्रमा विद्यमान संकुचन आदि कारणले संस्थाको कारोबारमा असर पर्न सक्छ । तथापि संस्थाले तय गरेको कुशल कार्य नीतिका कारण गम्भीर समस्या व्यहोर्नु परेको छैन ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) यस त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको विरुद्ध भुक्तानी सम्बन्धमा कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना समेत पनि प्राप्त भएको छैन ।

(ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क) दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोवारका लागि संस्थाले नेपाल स्टक एकस्चेन्ज लिमिटेडमा शेयर सूचिकृत भई सन्तोषजनक कारोवार भईरहेको छ ।

(ख) नेपाल स्टक एकस्चेन्जको वेवसाइट अनुसार यस त्रैमासिक अवधिको शेयरको कारोवार निम्न अनुसार भएको देखिन्छ ।

| अधिकतम मुल्य | न्यूनतम मुल्य | अन्तिम मुल्य | कारोवार दिन | कारोवार संख्या | कारोवार शेयर कित्ता |
|---|---|---|---|---|---|
| रु १,७२७/- | रु १,३००/- | रु १,४७५।५०/- | ५७ | ७,२७६ | ६१६,५५४ |

**५. समस्या तथा चुनौती :** वित्तीय संस्थाले भोगेका समस्या तथा चुनौतीहरूमा अप्रत्याशित रुपमा श्रृजना हुन सक्ने प्रतिकुल अवस्था, कर्जा कोषको लागि परनिर्भरता, कोरोना भाइरस (COVID-19) महामारीको कारणले ग्राहकहरुको व्यवसाय र आम्दानीमा परेको प्रभावको अवस्था, अर्थतन्त्रको संकुचन, तरलता अभाव, लघुवित्त संस्थाहरूको विरूद्धमा भइरहेको अराजक गतिविधिहरू र कर्जा कोषमा ब्याज दरको बृद्धि आदि कारणले सञ्चालन लागत बृद्धि भै मुनाफामा पर्न सक्ने असर विद्यमान रहेको छ ।

**६. संस्थागत सुशासन :** संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐन, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ तथा आयकर ऐन २०५८ पालना गरेको छ । संस्थाको प्रवन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन बिनियमावली, कर्जा नीति लगायत आवश्यक कार्यबिधि तयार गरी कार्यान्वयनमा ल्याईएको छ । संस्थाले आफ्नो कारोबार चुस्त दुरुस्त, छिटो छरितो, पारदर्शी तथा आन्तरिक प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समिति, व्यवस्थापन समूह तथा व्यवस्थापन तहमा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति लगायतका समितिहरु मार्फत कार्य भईरहेको छ ।

**७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :** आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण तथा सूचना लुकाईएको छैन ।

करप्रणालीमा रहेका छिद्रको माध्यमबाट नै अर्थतन्त्रले सास फेर्छ ।
**- बेरी ब्रेसवेल मिल्नेस**

सम्पादकीय

# डीएफआईको लगानी विस्तार

नेपालले आफ्नो विकास अभियानमा स्रोतको अभाव झेलिरहेको अवस्थामा विभिन्न विकास वित्तीय संस्थाहरू (डेभलपमेन्ट फाइनान्स इन्स्टिच्युसन्स) अर्थात् डीएफआईहरूले नेपालमा लगानी बढाउन थालेका छन् । डीएफआई विकासोन्मुख देशका परियोजनाहरूमा लगानी गरी आर्थिक विकासमा सहयोग गर्ने विशेष संस्था हुन् । यिनले अन्य अन्तरराष्ट्रिय वित्तीय संस्थाले लगानी गर्न जोखिमयुक्त मानेको देशमा लगानी गरी वैकल्पिक स्रोत उपलब्ध गराउँछन् । प्रत्यक्ष वैदेशिक लगानी अपेक्षाको अनुपातमा ज्यादै कम भित्रिइरहेको अवस्थामा डीएफआईको लगानी निकै सहयोगी हुने देखिन्छ ।

नेपालले विभिन्न विकास साझेदारहरूसँग ऋण र अनुदान लिइरहेको छ । ऋण पनि सहुलियत ब्याजदरमा लिने गरेको छ । तर, त्यतिले मात्र नेपालको लागि आवश्यक स्रोतको जोहो गर्न सकिँदैन । त्यसैले ब्रिटिश इन्टरनेशनल इन्भेस्टमेन्ट (बीआईआई), डच उद्यमशील विकास बैंक (एफएमओ), अमेरिकाको विकास वित्त निगम (डीएफसी), फिन फन्ड, स्वीस फन्ड, डच ग्रोथ फन्ड, जापान इन्टरनेशनल कोअपरेशन एजेन्सी (जाइका)लगायत संस्थाबाट लगानी आउन थालेको छ जुन सकारात्मक छ । यी संस्थाबाट प्राप्त हुने लगानी निजी लगानी हो । उनीहरूले हरित प्रविधि, महिला उद्यमशीलता, साना तथा मझौला उद्योगहरू जस्ता क्षेत्रमा लगानी परिचालन गर्छन् । नेपालले सन् २०४५ सम्ममा नेट जिरो नीतिमा जाने प्रतिबद्धता व्यक्त गरेको छ । त्यो प्रतिबद्धता पूरा गर्न डीएफआईको लगानी सहयोगी हुन्छ ।

विश्व बैंक र एशियाली विकास बैंकजस्ता बहुपक्षीय संस्थाबाट लिएको ऋणभन्दा डीएफआईसँग लिएको ऋणको ब्याज निश्चय नै महँगो हुन्छ । डीएफआईहरूले भेन्चर क्यापिटल, प्राइभेट इक्विटी आदिबाट लगानी बढाएको पाइन्छ । निजीक्षेत्रका ठूला परियोजनमा पनि उनीहरूले लगानी गरेका छन् भने बैंकहरूमार्फत पनि विभिन्न क्षेत्रमा लगानी गरेका छन् । ब्याज केही महँगो भए पनि स्रोत अभावका बेला उनीहरूको लगानी निकै सहयोगी भएको पाइन्छ ।

**सही ढंगले विकास निर्माणले गति लिने हो भने बैंक वित्तीय संस्थाहरूबाट मात्रै लगानी पुग्दैन । त्यसका लागि विदेशी लगानी पनि उत्तिकै आवश्यक पर्छ ।**

डीएफआईहरू सामान्यतया तल्लो र मध्यम आय भएका देशमा निजीक्षेत्रका परियोजनाहरूमा लगानी गर्न बढी केन्द्रित हुन्छन् । यिनीहरूको प्राथमिक उद्देश्य रोजगारी सृजना र दिगो आर्थिक वृद्धिलाई सहयोग गर्नु रहेको देखिन्छ । यस्ता संस्थाले पूँजीगत लगानी, ऋण, निजी इक्विटी र भेन्चर क्यापिटल र ऋण ग्यारेन्टीजस्ता उपकरणबाट वित्तीय स्रोत उपलब्ध गराउँछन् । तर, परियोजनाको पारदर्शिता, वातावरणीय र सामाजिक उत्तरदायित्व सुनिश्चित नभई उनीहरू लगानी गर्दैनन् । त्यसैले यस्तो लगानीका लागि सरकारले प्रोत्साहित गर्न आवश्यक छ ।

पूँजीगत लगानीका लागि केन्द्रीय बैंकबाट स्वीकृति चाहिन्छ । स्वीकृति प्रक्रिया लामो छ र स्पष्टताको अभाव छ भने प्रतिफलको ग्यारेन्टीसमेत छैन । त्यसैले यस्ता पक्षमा सुधार गर्नु आवश्यक छ । नेपाल राष्ट्र बैंकले प्राइभेट इक्विटी फन्ड र भेञ्चर क्यापिटलले कुनै नेपाली कम्पनीमा पूँजी लगानी गर्दा कर्जा तिर्न नसकी उक्त कम्पनी कालोसूचीमा परेपनि प्राइभेट इक्विटी फण्ड र भेञ्चर क्यापिटलहरू नपर्ने गरी मौद्रिक नीतिमा व्यवस्था गरिएको छ जुन स्वागतयोग्य कदम हो । तर, थप प्रयासहरू आवश्यक देखिन्छ ।

नेपाल २०२६ पछि अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुँदै छ । त्यसपछि नेपालले पाउने सुविधा र सहुलियत ब्याजदरको कर्जा कम हुनेछ वा पाउन गाह्रो हुनेछ । त्यतिबेला डीएफआईको लगानी निकै सहयोगी हुन सक्छ । नेपालमा स्रोतको ठूलो खाडल छ । सही ढंगले विकास निर्माणले गति लिने हो भने बैंक वित्तीय संस्थाहरूबाट मात्रै लगानी पुग्दैन । त्यसका लागि विदेशी लगानी पनि उत्तिकै आवश्यक पर्छ । १६औं आवधिक योजनाले पनि अघिल्लो योजनाको तुलनामा निजीक्षेत्रको लगाती बढाउने नीति लएको छ । त्यसका लागि पनि यस्तो लगानी आवश्यक पर्छ । यस्तो लगानीले पैसा मात्र नआई प्रविधिको पनि हस्तान्तरण हुन्छ । व्यवस्थापन, प्रविधि आदि भित्रिने हुँदा त्यसले नेपालको विकासमा सहयोग पुग्ने देखिन्छ । त्यसैले यस्तो लगानी ल्याउन सरकारले उनीहरूले माग गरेअनुसारका नीतिगत सहजताको व्यवस्था गर्नुपर्छ ।

# उडान कटौती र हवाई भाडा विवाद

## विमानस्थलको समस्या कहिलेसम्म ?



**नेपालमा हवाई यात्रुको संख्या बढ्दो छ । ६ महीनाका लागि रातीको उडान बन्द गर्दा अहिले हाहाकारको अवस्था छ । त्यसैले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलले यो बढ्दो बजारलाई थेग्न नसक्ने स्पष्ट छ ।**

**- भीम पन्त**

हवाई यातायात क्षमता अभिवृद्धिका लागि विमानस्थलको दक्षिण-पश्चिमतर्फ समानान्तर 'ट्याक्सीवे', उत्तरतर्फको 'इन्टरनेशनल एप्रोन' र विमानस्थलको पूर्वतर्फको 'ह्याङ्गर एप्रोन' लगायतको विस्तारका लागि त्रिभुवन विमानस्थल राति १० घण्टा बन्द भएको छ । यही मौकामा सरकारले भैरहवा विमानस्थलबाट उडान बढाउन खोजिरहेको छ भने वायुसेवा कम्पनीहरूले भाडा बढाउने बहाना पाएका छन् । यही स्वार्थको द्वन्द्वमा सर्वसाधारणले बढी भाडा तिर्नुपरिरहेको छ । यद्यपि सरकारले वायुसेवा कम्पनीहरूलाई बढी भाडा लिएको विषयमा प्रश्न उठाएको छ । एजेन्टलाई एकमुष्ट विक्री गर्ने व्यवस्था खारेज गरेको छ । यसले बिस्तारै हवाई भाडामा भएको अचाक्ली वृद्धिलाई रोक्न सक्छ ।

### हवाई भाडा वृद्धिको विवाद

अहिले अन्तरराष्ट्रिय उडान ३५ प्रतिशत कटौती गरिएको छ । यसको सीधा असर पर्यटन क्षेत्रलाई पर्ने देखिएको छ । माग र आपूर्तिले टिकटको मूल्य निर्धारण गर्छ । सामान्यतया टिकटिङका लागि प्रयोग हुने सफ्टवेयरमा एआई प्रयोग हुन्छ जसले माग र आपूर्तिको विश्लेषण गरेर मूल्य तय गर्छ । यस्तोमा अहिले उडान कटौती हुँदा माग बढ्छ र त्यसले भाउ बढाउँछ । तर, सधैं यसरी भाउ निर्धारण हुँदैन । मौकामा चौका हान्ने नियतले वायुसेवा कम्पनीहरूले हवाई मूल्य बढाउँछन् । हवाई मूल्य निर्धारणमा हवाई इन्धनलगायतको खर्च जोड्ने गरिन्छ तर अन्य परिस्थिति हेरेर पनि मूल्यमा घटबढ गरिन्छ । उदाहरणका लागि दिल्ली-काठमाडौं उडानमा नेपालको वायुसेवा नहुँदा भारतीय वायुसेवा कम्पनीले दोब्बर मूल्य लिन्छन् तर जब नेवानिको उडान नियमित हुन्छ तब भाडा घटाउँछन् । यसरी हवाई सेवाको भाडा निर्धारणमा प्रतिस्पर्धा महत्त्वपूर्ण हुन्छ । अहिले उडान कम भएको मौकामा यात्रु संख्या बढी भएकाले यसरी भाडा तेब्बरसम्म बढाइएको बुझ्न सकिन्छ । तर, बिस्तारै भारतको दिल्ली भएर अन्यत्र उडान गर्नेको संख्या बढ्यो भने अहिले बढाएको मूल्य घटाउन वायुसेवा कम्पनी बाध्य हुनेछन् ।

सरकारले भैरहवाबाट उडान गर्दा भाउ नबढोस् भनेर वायुसेवा कम्पनीहरूलाई विभिन्न सुविधा दिएको छ । तैपनि धेरै कम्पनी भैरहवा जान रुचाइरहेका छैनन् । नचलेको ठाउँमा गएर सेवा दिन तिनलाई चुनौतीपूर्ण लागेको हुनुपर्छ । तर, अहिले पाँचओटा कम्पनी त्यहाँ उडानका लागि गइसकेका छन् । अब तिनलाई नियमित बनाउन विभिन्न सुविधालाई निरन्तरता दिनु उपयुक्त हुन्छ । यी सबै कुरा हुँदा हुँदै पनि नेपाल नागरिक उड्डयन प्राधिकरणले यही बेला किन विस्तारको काम गर्नु परेको हो भनी प्रश्न उठेको छ । एक त पर्यटकीय याम भर्खर शुरू भएको छ । अर्को, दशैंतिहारका लागि धेरै नेपाली नेपाल आएका छन् । तिनीहरू फर्कने बेलामा नै उडान कटौती हुँदा अहिलेको समस्या बढी चर्को देखिएको हो । त्यसैले नागरिक उड्डयन प्राधिकरणसँग अन्य विकल्प थियो कि भन्ने प्रश्न उठेको छ । तर, ठ्याक्कै सही विकल्प भने देखिँदैन ।

पाँच वर्षअघि पनि विमानस्थल सुधार र विस्तारका लागि राति विमानस्थल बन्द थियो । तर, त्यति बेला यस्तो समस्या नआउनु र अहिले आउनुमा पर्यटक आगमनको बढी चहलपहल हुने याम पर्नु नै कारण हो कि भन्ने देखिन्छ । हवाई टिकटको कृत्रिम अभाव र अस्वाभाविक मूल्य वृद्धि सम्बन्धमा छलफल गरी वायुसेवा कम्पनीहरूले नियमानुसार लिन पाउने भाडा सार्वजनिक गर्ने र उक्त मूल्यभन्दा बढीमा टिकट विक्री भएको पाइएमा कारबाहीको दायरामा ल्याउने निर्णयसमेत भइसकेको छ । एकमुष्ट रूपमा टिकट विक्रीको अधिकार हस्तान्तरण गर्ने व्यवस्था खारेज गर्ने निर्णय भइसकेको छ, जसका कारण धेरै टिकट होल्ड गर्ने र बजारमा टिकटको अभाव देखाई महँगो मूल्यमा बेच्ने प्रथाको अन्त्य हुने विश्वास लिइएको छ ।

### धावनमार्ग विस्तारले खोलेको ढोका

त्रिभुवन विमास्थलको धावनमार्गसँगै समानान्तर हुने गरी ट्याक्सीवे बनाउन लागिएको छ । अहिले उडान सुरक्षामा कुनै खतरा उत्पन्न नहोस् भनेर उडान बन्द गरिएको हो । मुलुकको जेठो अन्तरराष्ट्रिय विमानस्थल पटकपटक मर्मत र क्षमता अभिवृद्धि गरिँदै आएको छ । विसं २०७७ मा उक्त विमानस्थलको धावनमार्ग विस्तार गरी ३ हजार ३०० मीटर कायम गरिएको थियो । त्यतिबेला दैनिक १२ घण्टा उडान बन्द गरिएको थियो । सामान्यतया धावनमार्गको लम्बाइ ५ हजार मीटर हुन आवश्यक हुन्छ । त्यसो भयो भने ठूला विमान सजिलै उड्न र अवतरण गर्न सक्छन् । यति लामो धावनमार्ग भैरहवा र पोखरा दुवै ठाउँमा छैन । काठमाडौंमा पनि छैन । त्यसैले यसको धावनमार्ग विस्तार गर्न आवश्यक छ । निजगढ विमानस्थल नबनुन्जेल काठमाडौंको विमानस्थललाई सकेसम्म पूर्ण रूपमा उपयोगमा ल्याउने गरी काम गर्नु आवश्यक छ । सबै सुविधा काठमाडौंमा केन्द्रित हुँदा अहिलेसम्मको अभ्यासले पनि अन्तरराष्ट्रिय वायुसेवा कम्पनीहरू भैरहवा जान नमानेका हुन् । अहिलेको बाध्यताले उनीहरूलाई त्यहाँ व्यवसायको सम्भावना देखाउन सक्छ । भित्रिँदा भन्दा बाहिरिँदा सजिलो हुन सक्छ ।

### निजगढ विमानस्थलको औचित्य

नेपालमा हवाई यात्रुको संख्या बढ्दो छ । ६ महीनाका लागि रातको समयमा उडान बन्द गर्दा अहिले हाहाकारको अवस्था छ । त्यसैले त्रिभुवन विमानस्थलले यो बढ्दो बजारलाई थेग्न नसक्ने स्पष्ट छ । विमानस्थल बन्द भएको अहिले मात्र होइन । विसं २०७५ मा दैनिक १० घण्टा विमानस्थल बन्द गरेर झन्डै ४ महीना अन्तरराष्ट्रिय विमानस्थलको धावनमार्ग पूर्ण रूपमा मर्मत (कालोपत्र) गरिएको थियो । त्यति बेला पनि करीब ३० प्रतिशत उडान कटौती भएको थियो । अहिले आन्तरिकतर्फ ११ हेलिकोप्टर कम्पनीसहित १९ हवाई कम्पनी र अन्तरराष्ट्रियतर्फ तीन नेपालीसहित ३० हवाई सेवा कम्पनीले उडान गर्दै आएका छन् । काठमाडौं विमानस्थलमा आन्तरिकमा दुईतर्फी ३ सयभन्दा बढी र अन्तरराष्ट्रियतर्फ १ सय हाराहारीमा उडान हुने गरेको छ । त्रिभुवन विमानस्थलले यो चापलाई धान्न नसक्ने देखिन्छ । त्यसैले अब निजगढ विमानस्थल निर्माणका लागि तात्ने बेला भइसकेको छ । तराई जोड्ने द्रुतमार्ग केही वर्षमा बनिसक्छ । त्यसो हुँदा निजगढ विमानस्थल बनाउँदा अहिलेको धेरै समस्या कम गर्न सकिन्छ । वार्षिक ३० लाख पर्यटक ल्याउने सपना देखिरहँदा विमानस्थलको विषय मुख्य बन्नुपर्छ भन्ने बिर्सनु हुँदैन ।

### तत्कालको आवश्यकताका लागि विस्तार

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको भौगोलिक अवस्थिति, यसको क्षमता र उपलब्ध सेवासुविधाका हिसाबले यो अहिले नै लगभग पूर्ण क्षमतामा सञ्चालन भइरहेको छ । हाल त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा ३ हजार ५० मीटरको धावनमार्ग छ तर त्यो धावनमार्गमा जोड्ने ट्याक्सीवे भने १ हजार ९५० मीटर मात्रै छ । तिनमा पाँचओटा ट्याक्सीवे छन् । विमानहरूले ट्याक्सीवेबाट रनवेमा छिरेर रनवेको केही अंशमैं ट्याक्सी कार्य गरेर रनवेको अन्त्यमा गई मोडेर उडान गर्नुपर्ने अवस्था छ । यसले गर्दा जहाज रनवेमा बस्ने समय अलिक बढी छ । यसलाई सुधार गरेर अहिलेको भन्दा कम समयमा उडान गर्न सकिन्छ । अनुभवी पाइलटहरूका अनुसार काठमाडौंमा न्यारो बडी जहाजका लागि २ मिनेट ३० सेकेन्डदेखि ३ मिनेट र वाइड बडी विमानका लागि ३ देखि ४ मिनेट समय रनवेमा ट्याक्सी गर्न र घुमाउन लाग्ने गरेको छ । एकपटकमा एउटा जहाजले मात्रै रनवे प्रयोग गर्न पाउने नियमका कारण रनवेबाट जतिसक्दो चाँडो विमानहरूलाई निकाल्नुपर्छ जसका कारण अर्को जहाजका लागि उक्त रनवे उपलब्ध गराउन सकियोस् । यसका लागि अहिले गर्न लागिएको निर्माणले ठूलो सहयोग पुर्‍याउँछ । यसबाट त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको हवाई नियन्त्रण क्षमतामा २५ प्रतिशत वृद्धि हुने देखिन्छ । अर्थात् होल्ड र डिलेलगायत समस्या केही कम हुन्छ । विभिन्न पूर्वाधारको विकास र विस्तारबाट पनि उडान संख्यामा उल्लेख्य वृद्धि गर्न सकिन्छ । त्यसैले निजगढ विमानस्थल नबनुन्जेलका लागि यसको क्षमता बढाउने काममा लागिरहनुपर्ने देखिन्छ ।

### अफ सिजनमा निर्माण कार्य किन भएन

अहिले सबैभन्दा बढी व्यस्त हुने समयमा नै विमानस्थल किन बन्द गर्नुपरेको भनी धेरैले प्रश्न गरेका छन् । हुन पनि मुख्य पर्यटकीय सिजनमा नै उडान कटौती गर्दा त्यसको प्रत्यक्ष मार नेपालको पर्यटनलाई पर्ने निश्चित छ । वैदेशिक रोजगारमा जानेहरू मर्कामा परेका विषयमा सरकारको ध्यान गएको छ । तर, पर्यटन क्षेत्रमा परेको असरप्रति भने खासै चिन्ता देखिँदैन । कुन समयमा निर्माण कार्य अघि बढाएको भए हुन्थ्यो त ? नेपालमा पर्यटकीय सिजन वर्षको २ पटक गरी झन्डै महीनालाई मान्ने गरिएको छ । शुरुआती चरणमा होस् वा अन्तिम चरणमा पर्यटकीय सिजनलाई यो निर्माणले असर पर्ने देखिन्छ । वर्षाको समयमा निर्माण कार्य गर्न असजिलो हुन्छ र बढी समय लाग्छ । रनवेको निर्माण कार्यलाई सकेसम्म छिटो र गुणस्तरीय बनाउन आवश्यक हुन्छ । एकै विमानस्थलमा एकभन्दा धेरै रनवे उपलब्ध हुँदा यस्ता निर्माण कार्य गर्दा विमानस्थल नै बन्द गर्नुपर्ने अवस्था आउँदैन । तर, एक मात्र रनवे भएका कारण त्रिभुवन विमानस्थल बन्द नै गर्नुपर्ने अवस्था छ । प्राधिकरणको भनाइमा अन्य समयमा गर्दा पनि यही नै समस्या आउने हो ।

**सरकारले जेजस्तो निर्णय गरे पनि विभिन्न कामका लागि काठमाडौं आउनुपर्ने बाध्यता छ । सबै सेवा काठमाडौंमा लिएर उड्नका लागि मात्रै को भैरहवा जान्छ ? सबै सुविधा भैरहवामा पाउने हो भने बिस्तारै यात्रुहरू भैरहवा जान थाल्ने सम्भावना छ ।**

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा ट्याक्सीवे निर्माण गर्न १० घण्टा विमानस्थल बन्द गर्ने सम्बन्धमा वायुसेवा कम्पनीहरूलाई पूर्ण जानकारी दिइसकिएको प्राधिकरणको भनाइ छ । पत्रपत्रिकामा पनि यसबारे पर्याप्त समाचार आएको देखिन्छ । यसै अनुसार वायुसेवा कम्पनीहरूले व्यवस्थापन गर्नुपर्थ्यो तर त्यसो नभएको देखिन्छ । विमानस्थल बन्द हुने समयमा उडान तालिका भएका वायुसेवा कम्पनीहरूको उडानलाई विमानस्थल सञ्चालन हुने समयमा समायोजन गर्न किन सकिएन भन्ने प्रश्न पनि छ । विमानस्थलमा रहेको पार्किङवे, टर्मिनलको क्षमता, चेक इन काउन्टरको क्षमता, अध्यागमन तथा भन्सारको क्षमता, सुरक्षा संवेदनशीलता तथा सुरक्षा जाँचको क्षमता समेतलाई आधार मानी कति ओटा जहाजलाई अनुमति दिने भन्ने कुरा स्लट कमिटीले निर्धारण गर्छ । कमिटीले विमानस्थलको उच्चतम प्रयोग हुने गरी स्लट प्रदान गर्दा समेत केही उडान संख्यामा कटौती गर्नुपरेको प्राधिकरणको दाबी रहेको छ ।

### विकल्प गौतमबुद्ध र पोखरा अन्तरराष्ट्रिय विमानस्थल

गौतमबुद्ध र पोखरा अन्तरराष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका लागि वायुसेवा कम्पनीहरूलाई आकर्षित गर्न विभिन्न छूटहरूको व्यवस्थासहितको कार्ययोजना लागू भएको छ । यात्रु सेवा शुल्कमा पूर्ण छूट, ल्यान्डिङ पार्किङ शुल्कमा पूर्ण छूट, ग्राउन्ड ह्यान्डलिङ सेवा शुल्कमा ७५ प्रतिशत छूट, भ्याटको समायोजन, हवाई इन्धन मूल्यलाई परल मूल्यमा विक्री गर्ने आदि व्यवस्था गरिएको छ । त्यस्तै वैदेशिक रोजगारीमा जाने यात्रुहरूका लागि आवश्यक सुविधाहरू पनि गौतमबुद्ध विमानस्थलमा उपलब्ध गराइएको छ । अहिले जजिरा, फ्लाई दुबई, थाई एयर एशिया, कतार एयरलाइन्स, नेपाल वायुसेवा निगमसमेतले पाँचओटा कम्पनीले त्यहाँबाट उडान गर्न थालेका छन् । यहाँबाट उडान संख्या भविष्यमा बढ्दै जान सक्छ तर त्यसका लागि केही पक्षमा तत्काल ध्यान जानु जरुरी देखिन्छ ।

नयाँ विमानस्थल सञ्चालन गर्नु चुनौतीपूर्ण नै हुन्छ । त्यसमा पनि नेपालजस्तो सबै सेवासुविधा राजधानी काठमाडौंमा नै केन्द्रित मुलुकमा काठमाडौंबाहिर अन्तरराष्ट्रिय विमानस्थल सञ्चालन त्यति सहज छैन नै । लुम्बिनीको धार्मिक महत्त्व देखेर गौतमबुद्ध विमानस्थल बनाइएको हो भने पोखरामा पनि पर्यटकीय सम्भावना देखेर नै विमानस्थल बनाइएको हो । तर, ती क्षेत्रबाट पहिला नेपाल वायुसेवा निगमले नै उडान गर्न सक्नुपर्थ्यो, अनिमात्र अरू वायुसेवा कम्पनी जान्थे । व्यापार देखेपछि सबै जान तयार हुन्छन् नै । निगमसँग पर्याप्त विमान नभएकाले उसले यी ठाउँबाट उडान गर्न नसकेको हो ।

### गौतम बुद्धमा उडानको निरन्तरतामा आशंका

अहिले सरकारले बाध्य बनाएकाले वायुसेवा कम्पनीहरू भैरहवा गएका हुन् । तर, सिमराबाट नेपाल छिरेर भैरहवा जानु र भैरहवाबाट फेरि काठमाडौं आउनु ज्यादै अव्यावहारिक हुन्छ । लागत पनि बढ्छ । काठमाडौंबाट भैरहवा गएर त्यतैबाट पश्चिमततर्फ उड्ने रूट बनाएको भए बढी व्यावहारिक हुन्थ्यो । त्यस्तै पश्चिमबाट आउने विमानले पश्चिमको कुनै प्रवेश विन्दु पाउने हो भने यो विमानस्थल उपयोगी हुन्थ्यो । त्यसका लागि सरकारले बलियो कूटनीतिक प्रयास गर्न नसकेको देखिन्छ ।

सरकारको निर्णयप्रति वायुसेवा कम्पनीहरूले विश्वास नगरेकै कारण भैरहवामा जान इच्छा नदेखाएका हुन् । विमानस्थल भनेको विमान उड्ने र बस्नेमात्र होइन, त्यहाँ विभिन्न सेवाहरू पनि आवश्यक पर्छ । पासपोर्ट, भिसा, श्रमस्वीकृति, स्वास्थ्य परीक्षण, किनमेलका लागि उपयुक्त बजार आदिको व्यवस्था नभई विमानस्थल चल्दैन । सरकारले जेजस्तो निर्णय गरे पनि यी कामका लागि काठमाडौं आउनुपर्ने बाध्यता छ । सबै सेवा काठमाडौंमा लिएर उड्नका लागि मात्रै को भैरहवा जान्छ ? सबै सुविधा भैरहवामा पाउने हो भने बिस्तारै यात्रुहरू भैरहवा जान थाल्ने सम्भावना छ । तर, सरकारले आफैले गरेको निर्णयसमेत कार्यान्वयन गरेको छैन । अर्को, नेपालले भारतसँग पश्चिम नेपालबाट जुनसुकै बिन्दुबाट भए पनि नेपाल प्रवेशको मार्ग खुलाउनुपर्छ । यसो नगरेसम्म भैरहवा उपयुक्त विमानस्थल बन्न सक्दैन । पश्चिमबाट छिरेर भैरहवामा बसी त्यहीँबाट पश्चिम हुँदै नेपालबाट बाहिरिन सक्ने अवस्था आउने हो भने लागत कम पर्छ, समय पनि बच्छ । यसो भयो भने वायुसेवा कम्पनीहरूलाई फाइदा हुन्छ र भैरहवा विमानस्थलले राम्रो व्यवसाय पाउँछ ।

अहिले जेजस्तो परिस्थितिमा त्रिभुवन विमानस्थलमा ट्याक्सीवे विस्तार भइरहेको छ त्यसले केही विवाद र समस्या सृजना गरेको छ । यो स्वाभाविक पनि हो । तर, यसको विस्तारको काम नगरी नभएको पनि साँचो हो । यसले केही सयम भाडावृद्धिको समस्या देखाए पनि बिस्तारै त्यो सहज हुँदै जाला भन्ने अपेक्षा गर्न सकिन्छ । विदेशी वायुसेवाको यस्तो मनपरी रोक्न मुलुकको आफ्नो वायुसेवा बलियो बन्नुपर्छ । यतिबेला नेपाल वायुसेवा निगमले भैरहवाबाटै प्रशस्त उडान गरेर यात्रु तान्न सकेको भए अन्य कम्पनीले यसरी अटेरी गर्न सक्दैनथे । गरे तिनकै व्यापार अंश कट्थ्यो । त्यसैले हवाई सेवा प्रतिस्पर्धी बनाउन मुलुकको आफ्नै वायुसेवा पनि बलियो बनाउन जरुरी छ ।

*लेखक पर्यटन व्यवसायी हुन् ।*

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

# जनगणना तथ्यांकले दिएको सन्देश

राष्ट्रिय तथ्यांक विभागले राष्ट्रिय जनगणना २०६८ को तथ्यांक सार्वजनिक गर्दै विगत १० वर्षमा औसत १ दशमलव ३५ प्रतिशतले जनसंख्या वृद्धि भएको बताएको छ । अघिल्लो जनगणनाको तुलनामा जनसंख्या वृद्धिदर करीब १ प्रतिशत बिन्दुले घट्नु भनेको मुलुकले तीव्र जनसंख्या वृद्धि (आरपीजी)को समस्याबाट पार पाउन खोजेको समेत हो । त्यसैले अब मुलुकको ध्यान जनसंख्या नियन्त्रणमा भन्दा बढी गुणस्तरीय व्यवस्थापनतिर लाग्नु आवश्यक छ । मुलुकको जनघनत्व १ सय ८० प्रतिवर्गकिलोमिटर रहेको अवस्थामा अहिलेको जनसंख्यालाई धेरै पनि भन्न मिल्दैन । परिवारको आकार घटेको, शहरी जनसंख्या बढेको, बत्ती बाल्न तथा खाना बनाउन स्वच्छ ऊर्जाको प्रयोग बढेको, कम्प्युटर, मोबाइल, मोटर, मोटरसाइकललगायतको प्रयोग बढेको, साक्षरता दर बढेकोलगायतका तथ्यांक सार्वजनिक भएका छन् । त्यसैले आर्थिक अवसरहरूको सृजना गर्न सक्ने हो भने मुलुकमा समृद्धिको राम्रो लक्षण देखिएको छ । त्यसैले नीतिनिर्माताहरूले स्रोतहरूको समुचित उपयोग र त्यसबाट प्राप्त लाभहरूको समतापूर्ण वितरणतर्फ विचार पुर्‍याउन आवश्यक छ । यो जनगणनाले जुन किसिमका सूचकांकहरू सार्वजनिक गरेको छ, त्यसले मुलुकको आर्थिक विकासका लागि जनसांख्यिक आधार बलियो बन्दै गएको देखिन्छ ।

**(सम्पादकीयबाट)**

**वर्ष ८, अंक ७१, बुधवार १३ मङ्सिर, २०६९**

पाठक पत्र

# सहकारी ठगीको अनुसन्धान

नेपालमा बग्रेल्ती खुलेका सहकारीहरूले मनलाग्दी तरीकाले काम गरेकाले समस्यामा परेका छन् । मुखको भरमा पैसा सापटी दिने सहकारीहरू अहिले पनि छन् । तिनको कारोबार अत्यन्त गैरजिम्मेवार देखिन्छ । विधि र प्रक्रिया मिचेर सहकारीको रकम जथाभावी खर्च गरेकै कारण सहकारीहरू समस्यामा परेका हुन् ।

अहिले सहकारीको पैसा अपचलन गरेको निहुँमा रास्वपाका अध्यक्ष रवि लामिछाने प्रहरी हिरासतमा छन् र प्रहरीले उनीसँग बयान लिइरहेको छ । तर, संसदीय समितिले प्रहरीलाई अनुसन्धान गर्न भनेपछि उनी प्रहरी नियन्त्रणमा पुगेका हुन् । यस्तोमा प्रहरीको अनुसन्धानलाई सघाउनुपर्ने हो । तर, रास्वपाले अदालती प्रक्रियालाई नै असर पुग्ने गरी विरोध प्रदर्शन गरिरहेको छ । राज्यले प्रतिशोध लिएको आरोप लगाउँदै यसका कार्यकर्ता सडकमा उफ्रिरहेका छन् । यसो गरेर उनीहरू अदालतलाई समेत प्रभावित पार्न आँटेका हुन् कि भन्ने देखिएको छ ।

सहकारीमा निकै समस्या छ । त्यसमा अपचलन गर्नेहरू कतिपय अहिले प्रहरी हिरासतमा छन् भने कतिपयचाहिँ जेलमा नै पुगेका छन् । त्यसमा प्रायः सबै दलका प्रभावशाली व्यक्ति पनि छन् । सहकारीमा समस्या आउनुमा यस्ता व्यक्तिले सहकारीको पैसा आफूखुशी खर्च गर्नु हो ।

त्यसैले यस्ता व्यक्तिमाथि अनुसन्धान हुनुपर्छ र गल्ती गर्नेलाई कारबाही हुनुपर्छ । त्यसमा रवि लामिछाने पनि पर्न सक्छन् । उनीमाथि चाहिँ अनुसन्धान नै हुनु हुँदैन भने जसरी अहिले भनाइ सार्वजनिक भएको पाइन्छ । त्यो गलत हो । उनका बारेमा पनि मुद्दा परेपछि त्यसको अनुसन्धान हुनुपर्छ । दोषी प्रमाणित नभए अदालतले उन्मुक्ति दिन्छ । त्यसो हुँदा प्रहरीलाई काम गर्न दिनुपर्छ ।

हो, सरकार केही बढी कडा भएको देखिन्छ । पटकपटक म्याद थप्दै जाने र छिटो अनुसन्धान नटुंग्याउने सरकारी शैलीका कारण प्रतिशोध भन्न पाएको देखिन्छ । त्यसैले राजनीतिसँग जोडिएको अनुसन्धान भएकाले छिटो यो अनुसन्धान टुंग्याउनेतिर प्रहरीको सक्रियता हुनुपर्छ ।

त्यसो त हिरासतमा भए पनि उनले आफ्ना दलका नेताहरूसँग बसेर छलफल गर्न पाइरहेका छन् । उनलाई हिरासतमा नराख्दा प्रमाण नष्ट गर्न र भीडलाई उत्साउन सक्ने सम्भावना पनि नभएको होइन । अहिले पनि यसका नेताहरूले भीडलाई उक्साउन प्रयास गरिरहेको पाइन्छ । त्यसैले यो मुद्दामा गम्भीर रूपमा अनुसन्धान आवश्यक देखिन्छ ।

तर, रविमाथिको अनुसन्धानले त सम्पूर्ण सहकारीको समस्या समाधान हुन्छ न त पीडितले आफ्नो रकम नै फिर्ता पाउन सक्छन् । अहिले न्यायाधीशले भने पनि बल्ल प्रहरीले सहकारी ठगीका अभियुक्तहरूको सम्पत्ति रोक्का गरेको छ । यो काम पहिला नै गर्नुपर्थ्यो । उनीहरू दोषी भएमा उनीहरूका जायजेथा बेचेर भए पनि पीडितको रकम फिर्ता गर्न सहयोग मिल्छ ।

सहकारीका ठगहरूलाई कारबाही गर्नु एउटा पाटो हो तर त्यो भन्दा बढी महत्वपूर्ण पाटो भनेको पीडितहरूको रकम फिर्ता गर्नु हो । अहिले जेलमा परेका केही सहकारी सञ्चालकहरूले आफू जेलबाहिर आउन पाए सबै रकम फिर्ता गर्ने बताइरहेका छन् । त्यस्तो गर्न सम्भव छ त्यसतर्फ पनि सरकारको ध्यान जानुपर्छ ।

सहकारीलाई अर्थनीतिको एउटा खम्बा माने पनि यसलाई सही ढंगले सञ्चालन गर्न कानूनी र अन्य व्यवस्था गर्न नसक्नु सराकारको कमजोरी हो । संविधान बनाउँदाकै समयमा पनि केही सहकारीहरूमा समस्या आइसकेको थियो । बचतकर्ताको पैसा खाएर सञ्चालकहरू बेपत्ता भएका समाचार पनि आएकै हो । त्यसो हुँदा यसको विकृति रोक्न त्यति बेला किन ध्यान दिइएन भन्ने कुरा पनि अहिले टड्कारो रूपमा उठिरहेको छ । अब भने सहकारीका समस्या केही कम होस् भन्ने गरी काम गर्न सरकारले ध्यान दिनैपर्छ ।

*दिनेश डंगोल*
*धर्मस्थली, काठमाडौं ।*

# द्रुतमार्गको प्रगति सोचेभन्दा राम्रो : संसदीय समिति



काठमाडौं । प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिले काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनाको हालसम्मको कार्य प्रगति सन्तोषजनक रहेको जनाउँदै समयमै पूरा हुने विश्वास लिएको छ । समितिका सभापति रामहरि खतिवडाको नेतृत्वमा रहेको संसदीय टोलीले बुधवार गरेको अनुगमनपछि सोचेभन्दा राम्रो प्रगति हासिल भएको निष्कर्ष निकालेको हो ।

समिति सभापति रामहरि खतिवडाले द्रुतमार्गको काम द्रुततर गतिमा भइरहेको प्रतिक्रिया दिए । उनले भने, 'नेपाली सेना अहोरात्र खटेर आयोजना सम्पन्न गर्ने दिशामा अघि बढिरहेको छ । केही व्यवधान छन् भने त्यसलाई छलफलका माध्यमबाट समाधान गर्न सकिन्छ । सन्तोषजनक रूपमा काम भएको छ । सेनालाई धन्यवाद दिन चाहन्छौं ।'

विकास निर्माणका लागि सबैले द्रुत गतिमा काम गर्ने हो भने मुलुक समृद्ध हुन धेरै समय नलाग्ने बताउँदै सभापति खतिवडाले थपे, 'यहाँको प्राविधिक टोलीको काम हेर्दा सुरुङ निर्माण गर्न नेपाली सेना सक्षम हुने देखिएको छ । गौरवका आयोजना समयमै सम्पन्न गर्न सके मुलुकले ठूलो लाभ लिन सक्छ ।' उनले राष्ट्रिय गौरवको सर्वाधिक महत्त्वको सो आयोजना निर्धारित समयमै सम्पन्न गर्न सरकारले आवश्यक साधन स्रोत उपलब्ध गराउनुपर्नेमा जोड दिए ।

द्रुतमार्ग २०८३ चैत मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । आयोजनालाई विभिन्न १३ ओटा प्योकजमा बाँडेर निर्माणको काम भइरहेको छ । प्रस्थान बिन्दु ललितपुरको खोकना र अन्तिम बिन्दु बाराको निजगढ रहेको द्रुतमार्गको कुल लम्बाइ ७० दशमलव ९७७ किलोमिटर छ ।

द्रुतमार्ग पहाडी भू-भागमा २५ मिटर र तराई भू-भागमा २७ मिटर फराकिलो हुनेछ । आयोजनाअन्तर्गत ललितपुरमा ९, काठमाडौंमा ४ दशमलव ६, मकवानपुरमा ४९ दशमलव ७७ र बारामा ७ दशमलव ७६ किलोमिटर सडक हुनेछ ।

द्रुतमार्गमा १० दशमलव ३०९ किलोमिटर लम्बाइको ६ ओटा सुरुङ रहनेछन् । विभिन्न स्थानमा गरी १२ दशमलव ८८५ किलोमिटर लम्बाइको ८९ ओटा पुल निर्माण हुनेछन् । बुदुनेमा दुईओटा विश्रामस्थल तथा खोकना, बुदुने र निजगढमा १/१ ओटा इनटरचेन्ज र टोल प्लाजा निर्माण गरिनेछ ।

मन्त्रिपरिषद्को २०७४ वैशाख २१ गतेको निर्णयअनुसार सो आयोजना निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाई दिइएको थियो । आयोजनाको शिलान्यास २०७४ जेठ १४ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले बाराको निजगढमा गरेका थिए । एशियाली मापदण्डमा निर्माण भइरहेको सो सडक आयोजनाको कुल लागत २ खर्ब ११ अर्ब ९३ करोड रुपैयाँ हुने अनुमान छ । द्रुतमार्ग आयोजनामा हालसम्म ६४ अर्ब ६२ करोड रुपैयाँ खर्च भइसकेको छ ।

सांसद चित्रबहादुर केसीले काठमाडौंमा बसेर गरिएको अन्दाजभन्दा सडक निर्माणमा भएको प्रगति भिन्न रहेको प्रतिक्रिया दिए । 'फास्ट ट्र्याकबारे पढ्थें, राज्यव्यवस्था समितिमा पनि कुराकानी हुन्थ्यो । काठमाडौंमा बसेर जे अन्दाज गरेका थिएँ, त्योभन्दा अहिले यहाँ आउँदा बेग्लै देखें,' उनले भने, 'धेरै राम्रो काम भएको छ । बाँकी काम पूरा गरौं, त्यसलाई समयमै सम्पन्न गर्न आफ्नोतर्फबाट सक्दो कोसिस गर्छु ।' *रासस*

बाँकी पृष्ठ १ बाट ...

**बक्यौता उठ्नेमा ...**

'प्राधिकरणले यसअघि हामीलाई बिलभन्दा पनि यति रकम तिर्नुस् भनेर चिठी पठाएको छ । त्यसमा उद्योगीले कुन समयमा कति बिजुली खपत गरे भन्ने हिसाब उल्लेख छैन । चिठीको आधारमा बक्यौता तिर्न सकिँदैन । हामी बक्यौता तिर्न तयार छौं तर आयोगको प्रतिवेदनले भनेअनुसारै बिल पठाउनुपर्छ,' मारूले भने ।

तर, प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले भने चिठीको साथमा एक्सल सिटसहित उद्योगीले कुन समयमा कति बिजुली खपत गरेको भन्ने बिलसमेत आफूले पठाएको दाबी गर्दै नयाँ बिल पठाउन नपर्ने पत्रकार सम्मेलनमा दोहोर्‍याए ।

आयोगको प्रतिवेदनअनुसार ट्रंक लाइनको हकमा विद्युत् प्राधिकरण र तत्कालीन महशुल निर्धारण आयोगले कम्तीमा ६ घण्टा लोडशेडिङ भएको अवस्थामा समेत कम्तीमा निरन्तर २० घण्टा विद्युत् आपूर्ति भएको अवस्था हुनुपर्ने मापदण्ड छ ।

डेडिकेटेड फिडरको हकमा पनि लोडशेडिङको बेला निरन्तर २४ घण्टा विद्युत् आपूर्ति भएको हुनुपर्ने मापदण्ड छ । उद्योगीहरूले उक्त मापदण्डअनुसार प्राधिकरणले त्यसबेला विद्युत् आपूर्ति नगरेको र प्रिमियम शुल्क तिर्न आफूहरू बाध्य नभएको बताउँदै आएका छन् ।

**मर्ज हुने ...**

एकीकृत संस्थाको नयाँ कार्यसमिति भने आगामी वार्षिक साधारणसभापछि निर्वाचित हुने गिरीले जानकारी दिएका छन् । 'एउटै उद्देश्यका साथ सञ्चालनमा आएका ब्रोकर कम्पनीहरूका दुई संगठन हुन नहुने मान्यताका साथ अघि बढेका हौं,' उनले भने । आगामी दिनमा ब्रोकरहरूको बलियो संगठनका रूपमा यो संघ अघि बढ्नेछ । पुरानो र नयाँ संगठन एक भएर अघि बढ्दा धितोपत्र व्यवसायमा समेत फरकपन आउने गिरीले बताए ।

२०७९ साल असोज २ गते नेपालको धितोपत्र बजारमा ११ वर्षपछि नयाँ ब्रोकर लाइसेन्सका लागि आवेदन खुला गरिएको थियो । यसअघि २०६८ सालमा २३ नयाँ ब्रोकर कम्पनी थप गरी ५० पुर्‍याइएको थियो । बोर्डका निवर्तमान अध्यक्ष रमेशकुमार हमालको सक्रियतामा २०८० सालमा पूँजीका हिसाबमा तीन किसिमका ४३ कम्पनीलाई ब्रोकर लाइसेन्स वितरण गर्ने गरी आशयपत्र प्रदान गरिएको थियो । आशयपत्र प्राप्त गरेका ४३ कम्पनीमध्ये हालसम्म ४२ कम्पनीले लाइसेन्स प्राप्त गरी कारोबार गरिरहेका छन् ।

बोर्डबाट नयाँ ब्रोकर लाइसेन्सका लागि आशयपत्र प्राप्त गरेका ४३ कम्पनीमध्ये एउटा पुरानो ब्रोकर कम्पनी हो । पुरानो ब्रोकर कम्पनी सनी सेक्युरिटिजले ६० करोड पूँजी कायम गरी नयाँ लाइसेन्स लिएको हो । सीमित कार्यको ब्रोकर सेवा प्रदान गर्ने हैसियतमा रहेको उक्त कम्पनीले ६० करोड चुक्ता पूँजी कायम गरी दोस्रो तहको पूर्ण कार्य गर्ने ब्रोकरको लाइसेन्स लिएको हो । थप एक कम्पनी लाइसेन्स पाउने पर्खाइमा छ ।

ब्रोकर लाइसेन्स प्राप्त गर्न बाँकी २८ करोड ५० लाख रुपैयाँ चुक्ता पूँजी भएको सिजी इन्भेस्टमेन्ट सेक्युरिटिज लिमिटेडले भने भौतिक संरचनामा केही सुधार गर्न आवश्यक देखिएकाले स्वीकृति पाउन ढिलाइ भएको बोर्डले जानकारी दिएको छ । यस कम्पनीको लाइसेन्स वितरण नयाँ अध्यक्षको नियुक्तिपछि मात्र अघि बढ्ने बोर्डको भनाइ छ । बाँकी एक कम्पनीले समेत ब्रोकर लाइसेन्स प्राप्त गरेमा नेपालमा दुई धितोपत्र व्यापारी, तीन पूर्ण कार्य गर्ने र बाँकी सीमित कार्य गर्ने ब्रोकर हुनेछन् । हाल दुई धितोपत्र व्यापारी र ९० धितोपत्र दलाल व्यवसायी कम्पनी गरी ९२ कम्पनीले धितोपत्र बजारमा काम गरिरहेका छन् ।

पूँजीका हिसाबमा तीन किसिममा विभाजन गरी बोर्डले नयाँ ब्रोकर लाइसेन्स वितरण गरेको हो । पहिलो तहको सीमित कार्य गर्ने ब्रोकरको पूँजी २० करोड रुपैयाँ, शेयर खरीदविक्री गर्नेसँगै डीपीका रूपमा काम गर्ने, लगानी परामर्श सेवा एवं लगानी व्यवस्थापन गर्ने र मार्जिन कारोबार सेवासमेत दिने पूर्ण दायरासहितको दोस्रो तहको ब्रोकरको चुक्ता पूँजी ६० करोड र तेस्रो तहको स्टक डिलरको सेवा प्रदान गर्ने धितोपत्र व्यापारीको १ अर्ब ५० करोड चुक्ता पूँजी तोकिएको छ । पुराना ब्रोकर कम्पनीले पनि पूँजी बढाएर सेवाको आकार विस्तार गर्न चाहेमा बोर्डले तोकेबमोजिमको पूँजी कायम गर्न सक्नेछन् । यसका लागि बोर्डले २०८२ असार मसान्तभित्रको समयसीमा तोकिदिएको छ ।

**नेपाली वस्तुको ...**

नयाँ दिल्लीले नेपालमा उत्पादित जुत्ता, प्लाइउड र स्यानिटरी प्याडजस्ता वस्तुको भारत निकासी थप केही महीनाका लागि सहज बनाएको नेपाली निर्यातकर्ताले बताएका छन् । उनीहरूका अनुसार अहिलेको गुणस्तर प्रमाणपत्र नै सन् २०२५ को जनवरीसम्म मान्य हुने गरी सहज गरेको सुनिएको तर औपचारिक रूपमा भारतीय पक्षबाट जानकारी नआएको अधिकारीले बताए । सिमेन्ट र जस्ता पाता निर्यातमा अवरोध कायमै रहेको उनको भनाइ छ ।

अवरोधका कारण चालू आर्थिक वर्षको पहिलो ३ महीनामा भारततर्फ सिमेन्ट निर्यातमा व्यापक गिरावट आएको छ । गत आर्थिक वर्ष (आव) को पहिलो त्रैमासमा १ लाख ५५ हजार २४८ टन सिमेन्ट भारत निर्यात गरेको नेपालले चालू आवको पहिलो त्रैमासमा १८ हजार ३०८ टन मात्र निर्यात गरेको भन्सार विभागले जानकारी दिएको छ ।

नेपालले विभिन्न नौ थरी विदेशी दुग्ध पदार्थ आयातमा लगाएको प्रतिबन्ध खुलाउन दबाबका रूपमा भारतले गुणस्तर प्रमाणपत्र नवीकरणमा ढिलाइ गरेको यसअघि सरकारी अधिकारीहरूले बताएका थिए ।

नेपालले हाल पैठारीमा पूर्ण रोक लगाएका दुग्ध पदार्थमा चिल्लो हटाइएको दूध (स्किम्ड मिल्क), चिनी वा अन्य गुलियो पदार्थ नहालिएको (डब्ल्यूएमपी), एसएमपी, ह्वे र परिवर्तित ह्वे जमाएको वा नजमाएको, चिनी हालेको वा नहालेको गुलियो पारेको वा नपारेको, नौनी (बटर), घ्यू, छुर्पी, प्रशोधित, भुजुरी वा धूलो नपारेको चिज, भुजुरी पारेको वा धूलो पारेका सबै प्रकारको चिज छन् ।

भारतले गुणस्तर प्रमाणपत्र नवीकरण नगरेर निर्यात नै प्रभावित भएपछि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले दुग्ध पदार्थ आयात खुलाउन छलफल थालेको थियो । 'अहिले कृषि मन्त्रालयले प्रतिबन्ध फुकाउने/नफुकाउने विषयमा अध्ययन गर्न थालेको सुनका छौं,' अधिकारले भने ।


## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

**(सूचना प्रकाशित मितिः-२०८१।०७।२९)**

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसील**

**सम्बन्धित कार्यालयः- कृषि बिकास बैंक लि. शाखा कार्यालय, बरियारपुर, बारा ।** **लिलाम हुने कार्यालय तथा स्थानः शाखा कार्यालय कलैया, बारा ।**

**धितो लिलाम बिक्री हुने मितिः- ग्राहक नं १ देखी १० सम्मः- २०८१ साल पुष १६ गते मंगलबार**

**ग्राहक नं ११ देखी १९ सम्मः- २०८१ साल पुष १७ गते बुधबार ।**

**ग्राहकहरुको विवरण**

**१- फर्मको नामः- राधा पशुपालन फर्म,** दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, बारा । फर्मको दर्ता नं.: ८६८०।३११।०७७।०७८ दर्ता मिति :२०७७/०६/२८ पान नं.: ६१४०३७०१६

**प्रोपाईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको मिति र कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| राधा देवी साह | प्रशुरामपुर ५, बारा । | ३३३०३९।४७९ | २०६३/११/०७, बारा । | राम प्रसाद कानु | सुखल सा कानु |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| राधा देवी साह | बारा | प्रशुरामपुर | ६ | १७५ | ०-१-१०-० |

**२-फर्मको नाम :शुभम बाख्रा पालन फर्म,** दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, बारा । फर्मको दर्ता नं.: ८५०५।१३१।०७७।०७८ दर्ता मितिः २०७७।०६।०५ पान नं.: ६१३७२९०१७

**प्रोपाईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको मिति र कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| हिरालाल प्रसाद यादव | कुडवा ०४, बारा | ३३१०३२।१३१९४ | २०६६।०२।२५, बारा । | महेन्द्र प्रसाद यादव | केबल यादव |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| सुमित्रा देवी अहिरिन | बारा | कुडवा | ७ | ६५३ | ०-१-१८-८ |
| | | | ५ | ४४४ | ०-०-१३-५ |

**३-फर्मको नामः भुमिका एकिकृत कृषि फर्म,** दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, बारा । फर्मको दर्ता नं.: ११२५०।१३३०।०७८।०७९ दर्ता मिति : २०७८।१०।२४ पान नं.:१०४९२९९७३

**प्रोपाईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको मिति र कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| भुमिका दास यादव | कुडुवा ०५, बारा | ३३३०३२।५७७ | २०६३।१०।१८, बारा । | रामएकवाल प्रसाद याव | दिपा राउत |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| रामएकवाल प्रसाद यादव | बारा | अमरपट्टि | ७ | ५५, ७७ | ०-३-१५, ०-४-० |
| | | | ८ | ३७९ | ०-४-० |
| भुमिका दास यादव | बारा | कुडवा | ८ | ६२३ | ०-०-८ |

**४- फर्मको नामः बिश्वास गल्ला भण्डार,** दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, बारा । फर्मको दर्ता नं.: १३०१६।०७९।८० दर्ता मितिः २०७९।१०।०३ पान नं.:१२०५७०५१३

**प्रोपाईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको मिति र कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| नवल किशोर पंडित | नरहि ०२, बारा | १४७०।२७६।३७२१ | २०५२।०२।२८, बारा । | रामचन्द्र पंडित कुम्हार | टईट पंडित |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| रामचन्दर पंडित कुम्हार | बारा | नरही | ५ | २६१ | ०-१७-१३-४ |

**५- ग्राहकको नामः इनरकलि देवी** ना.प्र.नंः ८।५ जारी मितिः २०४६।०३।०८ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा । पतिको नामः राम नारायण साह तेली, ससुराः लखन साह तेली

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| इनरकलि देवी | बारा | मधुरीजब्दी | ४ | ११८ | ०-२-११-१ |

**६- ग्राहकको नामः रामलाल साह कानु** ना.प्र.नंः ९९८।७३३ जारी भएको कार्यालयः २०३३।०७०४ जिल्ला प्रशासन कार्यालय, बारा । बावुको नामः हुकुम साह कानु, वाजेः राजाराम साह कानु

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| रामलाल सा कानु | बारा | कवहिजब्दी | ८ | २७८, २७९, २७५ | ०-१-०, ०-४-१०, ०-६-१५ |
| | | | ९ | २६८, २७० | ०-१५-०, ०-१३-८ |

**७- ग्राहकको नामः धनमतिया देवी** ना.प्र.नंः ९३०२७३४।३ जारी मितिः २०३५।०३।१८ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा । बावुको नाम : तुफानि साह कानु, बाजे :हरिनन्दन सा

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| धनमतिया देवी | बारा | प्रशुरामपुर | ४ | ८६, १५१, २४१, ४२, १५७, २८९, ३१४ | ०-०-१५, ०-१-९, ०-०-१५, ०-२-०, ०-६-१०, ०-१-१२, ०-०-१५ |
| | | | ५ | १७०, १७२, १७४, १७६ | ०-१-०, ०-०-९, ०-१-०, ०-२-१० |

**८- ग्राहकको नामः शुरेश राय यादव** ना.प्र.नंः १४१६।२७६३ जारी मिति :२०५७।१०।०४ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा । बावुको नामः जिमिलाल राउत, बाजे :ज्योतिक राउत

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| शुरेश राय यादव | बारा | बगहि | ३ | २९९ | ०-८-० |
| शिवकुमारी देवी | बारा | कवहिगोठ | ५ | ९६ | ०-३-३ |

**९- ग्राहकको नामः बिश्वनाथ राउत** ना.प्र.नंः २५१४।१९४७ जारी मितिः २०४५।०२।४ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा । बावुको नामः रामअज्ञा राउत, बाजेः महादेव राउत अहिर

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| बैजनाथ राउत, बिश्वनाथ राउत | बारा | भवानिपुर | ४ | ३३९ | ०-०-१० |

**१०- ग्राहकको नामः गुजुक खाँ थारु** ना.प्र.नं : २९३।७३७९०४६९, जारी मितिः २०३६।०३।१५ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा । बावुको नामः तेजनारायण खाँ थारु, बाजेः गणेशी खाँ थारु

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| गुजुक खाँ थारु | बारा | पिप्रा बसतपुर | ६ | १४१ | ०-१४-५ |

**११- ग्राहकको नामः सुकेशरी देवी** ना.प्र.नंः १४५२।१९४० जारी मितिः २०४६।१०।१४ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा । पतिको नामः नगेन्द्र साह कानु, ससुराः लछन साह कानु

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| सुकेशरी देवी | बारा | पिप्रा बसतपुर | ३ | १७३, ६४ | ०-१२-४, ०-७-० |

**१२- ग्राहकको नामः धन सुन्दर प्रसाद कलवार** ना.प्र.नंः ३७६।५८ जारी मितिः २०४४।११।०९ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा । बावुको नामः हिरामान सा कलवार, बाजेः रेखा साह कलवार

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| सिन्दु देवी कलवारिन | बारा | बलिरामपुर | ७ | ३०४, ३०७ | ०-२-१३.२५, ०-०-१५ |
| | | | ८ | १९६, २०० | ०-६-०, ०-३-३ |

**१३- ग्राहकको नामः राम अगिंया अहिर** ना.प्र.नंः ५९ जारी मितिः २०३३।०४।२१ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा । बावुको नामः औतार राउत अहिर, बाजेः कलपत राउत

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| नगिया अहिरिन | बारा | हरैया | ३ | ९८ | ०-१९-१० |
| रामअगिंया राउत | बारा | हरैया | ३ | ११० | ०-१७-५ |

**१४- ग्राहकको नामः प्रदुमन प्रसाद साह** ना.प्र.नंः ५।७६१५ जारी मितिः २०५२।१२।२५ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा । बावुको नामः जगदिश सा लहेरा, बाजेः राम स्वरुप सा लहेरा

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| जगदिश सा लहेरा | बारा | बरियारपुर | ४ | ११०२, ६१९ | ०-०-१०, ०-०-१२-८ |
| | | दहियार | ६ | ६०२ | ०-५-१७-८ |

**१५- ग्राहकको नामः धनसुनर राउत अहिर** ना.प्र.नंः १५०२ जारी मितिः २०३५।०१।२९, जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा । बावुको नामः सोहन राउत अहिर, बाजेः सुरत राउत अहिर

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| धन सुनर राउत अहिर | बारा | गंजभवानिपुर | ७ | १५२, १५७ | ०-८-०, ०-३-० |

**१६- ग्राहकको नामः राम नरेश चौधरी** ना.प्र.नंः १३१३।०१८४ जारी मितिः २०५९।०१।२२, जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा । बावुको नामः अनुप चौधरी थारु, बाजेः अकिलमान

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| अनुप चौधरी थारु | बारा | अमरपट्टि | २ | ३२७, ३६५ | ०-८-०, ०-१-१० |

**१७- ग्राहकको नामः मुनि देवी** ना.प्र.नंः ३३३०२६।९५३ जारी मितिः २०६३।१०।०९ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा । पतिको नामः जंग बहादुर साह कलवार, ससुराः इमृत साह कलवार

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| मुनि देवी | बारा | अमरपट्टि | २ | १७६ | ०-१५-० |

**१८- ग्राहकको नामः राजिन्द्र राउत अहिर** ना.प्र.नंः ४२९।१०६२ जारी मितिः २०४४।१२।१७, जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा । बावुको नामः भिखारी राउत अहिर, बाजेः रघुबिर राउत अहिर

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| राजिन्द्र राउत अहिर | बारा | बबुआइन | ९ | ५८१ | ०-१२-१५ |

**१९- ग्राहकको नामः बिन्दवा अहिरीन** ना.प्र.नंः १९८।१०९८ जारी मितिः २०४४।१२।०९, जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा । बावुको नामः अनुठा प्रसाद यादव, बाजेः धनराज राउत अहिर

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| बिन्दवा अहिरिन | बारा | बबुआइन | ९ | २०८, २१२, ३२९, २०७ | ०-२-१५, ०-७-१०, ०-५-५, ०-५-१० |
| | बारा | मझरिया | ६ | २७, ७४, २८ | ०-३-७, ०-७-०, ०-३-७ |
| | बारा | मझरिया | ८ | ६७८, ५१४, ६२३ | ०-०-१०-१२, ०-०-११, ०-०-२ |
| ओम प्रकाश यादव | बारा | बबुआइन | ९ | ५३१ | १-०-० |
| बह्मदेव प्रसाद कुशवाहा | बारा | बबुआइन | ९ | ५३० | ०-५-१५ |

**शर्तहरु :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।

२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ ।

३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १० (दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन सम्बन्धित शाखामा जम्मा भएको हुनु पर्नेछ ।

४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ ।

५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।

६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।

७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।

यस्तै कालीकोटको तिलागुफा नगरपालिका-४ को वडाध्यक्ष पदको लागिसमेत निर्वाचन हुँदैछ। त्यहाँ छ सय नौ मतदाता रहेको कालीकोट जिल्ला निर्वाचन अधिकारी धनबहादुर मल्लले जानकारी दिए। डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-५ को अध्यक्षको निर्वाचनमा तीन सय ५३ जना मतदाताले मतदानमा भाग लिनेछन् । विसं २०७९ वैशाख ३० को स्थानीय तह निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिको निधन भएपछि रिक्त पदमा उपनिर्वाचन हुन लागेको हो । *रासस*

# सामाजिक सञ्जालको प्रयोगमा प्रेस काउन्सिलको विशेष अपिल

काठमाडौं । प्रेस काउन्सिल नेपालले आमसञ्चार माध्यम र सञ्चारमाध्यमसँग सम्बद्ध भएका र नभएका सामाजिक सञ्जाल, युट्युब च्यानल तथा फेसबुक पेजबाट सम्प्रेषित सामग्रीलाई तथ्यपूर्ण र विश्वसनीय बनाउन अपिल गरेको छ।

सहप्रवक्ता एवम् सूचना अधिकारी रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा काउन्सिलले विभिन्न पेजसहित सामाजिक सञ्जालमा सञ्चालकको नाम, ठेगाना प्रष्ट राख्न र तथ्यपूर्ण समाचार प्रवाह गर्न आग्रह गरेको हो।

सामाजिक सञ्जालमा देखिएका कतिपय आपत्तिजनक सामग्री अनुगमनसहित प्रवृत्तिगत अध्ययन गरी सच्याउन र सचेतना जगाउन विभिन्न कामसमेत गर्दै आएको काउन्सिलले जनाएको छ । युट्युब, अनलाइन टिभीसहित सामाजिक सञ्जाल पेजको प्रयोगमा सहजता ल्याउन र व्यवस्थित बनाउन प्रेस काउन्सिलले बेग्लै कार्यविधि बनाई कार्यान्वयन गरिरहेको विज्ञप्तिमा उल्लेख छ।

सञ्चारमाध्यमसँग आबद्ध भएका सामाजिक सञ्जाल (युट्युब च्यानल एवम् फेसबुक पेज)बाट सम्प्रेषित सामग्रीका सम्बन्धमा उजुरी आएमा वा स्वअनुगमनबाट कैफियत देखिएमा त्यस्ता सामग्रीका सम्बन्धमा पत्रकार आचारसंहिताको व्यवस्थाबमोजिम नै कारबाही हुने गरेको काउन्सिलले जनाएको छ।

**सञ्चारमाध्यमसँग आबद्ध भएका सामाजिक सञ्जाल (युट्युब च्यानल एवम् फेसबुक पेज)बाट सम्प्रेषित सामग्रीका सम्बन्धमा उजुरी आएमा वा स्वअनुगमनबाट कैफियत देखिएमा त्यस्ता सामग्रीका सम्बन्धमा पत्रकार आचारसंहिताको व्यवस्थाबमोजिम नै कारबाही हुने गरेको काउन्सिलले जनाएको छ।**

यस्तै, अन्य सामाजिक सञ्जालबाट अफवाह फैलाउने, द्वन्द्व बढाउने, अश्लील सामग्री सम्प्रेषण गर्ने, अन्धविश्वासलाई प्रश्रय दिने, अशिष्ट/अमर्यादित गतिविधि समेटिएको सामग्री सम्प्रेषण भएको देखिएमा अनुसन्धान गरी कारबाही गर्न नेपाल प्रहरी (साइबर ब्युरो)मा पत्राचार गर्ने गरिएको पनि विज्ञप्तिमा जनाइएको छ।

'पछिल्लो समय कतिपय सामाजिक सञ्जाल (युट्युब/फेसबुक पेज)बाट प्रचलित कानूनअनुसार दर्ता भइ स्थापित सञ्चारमाध्यमप्रति वितृष्णा फैलाउने गरी गलत भाष्य निर्माण गर्न भएका प्रयासप्रति काउन्सिलको गम्भीर ध्यानाकर्षण भएको छ । सञ्चारमाध्यमको विश्वास नगर्न, सामाजिक सञ्जाल नै आधिकारिक माध्यम हुन् भन्ने जस्ता भाष्य निर्माण गर्न भएका प्रयासप्रति हाम्रो ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा भनिएको छ, 'मिडियाको आवरणमा रहेका पेज, ग्रुपलगायतमा आबद्ध व्यक्तिहरूले विज्ञापनका लागि अनावश्यक दबाब दिने, 'बार्गेनिङ' गर्ने र मागबमोजिम नभएमा वा विज्ञापन दिन अस्वीकार गरेमा त्यस संस्था, कम्पनी एवम् व्यक्तिको बारेमा तथ्यहीन, आधारहीन, अपुष्ट आरोप लगाई गलत सूचना प्रकाशन/प्रसारण गर्ने गरेको भनी गुनासा प्राप्त भइरहेको जनाइएको छ । त्यस्ता गतिविधिलाई तत्काल रोक्न प्रेस काउन्सिल सम्बद्ध सबैलाई सचेत गराउन चाहन्छ।' *रासस*



तस्वीर : रासस

कालिकोटको खाँडाचक्र नगरपालिका-१ मा रहेको कालिकोट जिल्लाको सदरमुकाम मान्म बजार । २०३२ मङ्सिरमा तत्कालीन जुम्ला जिल्लाबाट विभाजित भई कालिकोट जिल्ला बनेपछि मान्म बजार सदरमुकामको रूपमा स्थापित भएको हो ।

# सुगन्धकोकिला उत्पादनको केन्द्र बन्दै छिल्लीकोट

दाङ । दाङको तुलसीपुर उपमहानगरपालिका-१९ छिल्लीकोट विश्वमै लोपन्मुख भनिएको सुगन्धकोकिला (मल्लागिरी) उत्पादनको केन्द्र बन्दै गएको छ । यहाँ पाइने सुगन्धकोकिलाको बीउ हालसम्म विक्री गरी २६ जिल्ला पठाइसकिएको स्थानीय प्रविर पुनले जानकारी दिए ।

'विश्वमै लोपोन्मुख यसको बिरुवा छिल्लीकोटमा पाइन्छ भनेपछि धेरै जनाले बीउ लिएर जाने गर्नुभएको छ,' उनले भने । सुगन्धकोकिला प्रतिकिलो सात सय ५० सम्ममा विक्री हुने गरेको छ । 'विगतमा हामीले किलोको पाँच सयसम्ममा विक्री गरेका थियौं,' उनले भने, 'तर, अहिले मूल्य वृद्धि भएको छ ।'

यहाँका १० गाउँका एक सय पाँच घरले नै सुगन्धकोकिलाबाट आम्दानी लिने गरेका छन् । यहाँ वार्षिक एक सय ५० क्वीन्टल सुगन्धकोकिला उत्पादन हुने गर्छ । सुगन्धकोकिला विदेश निर्यात गरिन्छ । यहाँबाट सुगन्धकोकिलाको कच्चा पदार्थ लगेपछि के बन्छ, भन्ने गाउँलेलाई थाहा नभएको स्थानीयवासी जीवराज रेउलेले बताए । 'यहाँबाट हामी कच्चापदार्थ बेच्छौं, त्यसबाट उच्चस्तरको अत्तर, अगरबत्ती बनाउन प्रयोग हुन्छ भन्ने सुनेका हौं,' उनले भने, 'अरु केमा प्रयोग हुन्छ, भन्ने जानकारी छैन ।'



**यहाँका १० गाउँका एक सय पाँच घरले नै सुगन्धकोकिलाबाट आम्दानी लिने गरेका छन् । यहाँ वार्षिक एक सय ५० क्वीन्टल सुगन्धकोकिला उत्पादन हुने गर्छ ।**

एउटा रुखमा एकपटकमा दुई सय किलोसम्म सुगन्धकोकिला उत्पादन हुने गर्छ । हिजोआज सुगन्धकोकिला भित्र्याउने बेला हो । यस वनस्पतिलाई सरकारले संरक्षण गर्नुपर्ने स्थानीयको माग छ । 'पहिले-पहिलेका रुख सुक्दै जान थालिसकेका छन्, हामीले संरक्षणका लागि केही बिरुवा त रोपेका छौं,' रेउलेले भने, 'सरकारले संरक्षणका लागि पहल गरिदिएमा यहाँका बासिन्दाको आम्दानीको स्रोत बढ्ने र रुख संरक्षण हुने थिए ।' पछिल्लो समय वन कार्यालयले केही रुख रोपे पनि संरक्षणतर्फ कुनै चासो नदेखाएको स्थानीयवासीको भनाइ छ । सुगन्धकोकिला पवित्र हुने भएकाले धार्मिक कार्यमा प्रयोग गरिनुका साथै यसको पातबाट तेलसमेत निकाल्न सकिने र पिपलपछि दोस्रो बढी अक्सिजन दिने रुखका रूपमा लिइने अर्का स्थानीयवासी पूर्ण पुनले बताए ।

सुगन्धकोकिला समुद्र सतहदेखि आठ सयदेखि दुई हजार मिटरको उचाइमा फस्टाउने गर्छ । बिरुवा रोपेको चार वर्षदेखि यसले उत्पादन दिने र यसलाई व्यवस्थित गर्न सकिए देशलाई आर्थिक टेवा पुग्ने स्थानीय बताउँछन् । यहाँ उत्पादित सुगन्धकोकिलाले बेलाबेलामा बजार नपाउने समस्या भएकाले त्यसका लागि चिस्यान केन्द्र स्थापना गरिनुपर्ने माग स्थानीयको छ । *रासस*

# विद्यालय स्थापनाको चार दशकपछि पक्की भवन

**श्रमदानसहित एक करोड ७७ हजार रूपैयाँ लागतमा निर्माण भएका तीनओटा भवनमा आठओटा कोठा रहेको प्रधानाध्यापक मोतीराज गौतमले जानकारी दिए ।**

म्याग्दी । म्याग्दीको मालिका गाउँपालिका-१ खहरेमा रहेको सिद्ध आधारभूत विद्यालय स्थापना भएको चार दशकपछि पक्की भवन निर्माण भएको छ । विभिन्न निकायको अनुदान सहयोगमा तीनओटा कक्षा कोठा भवन निर्माण भएको हो । श्रमदानसहित एक करोड ७७ हजार रुपैयाँ लागतमा निर्माण भएका तीनओटा भवनमा आठओटा कोठा रहेको प्रधानाध्यापक मोतीराज गौतमले जानकारी दिए ।

'विसं २०३९ मा खरको टहरामा शुरू गरिएको विद्यालय करीब चार दशक कच्ची भवनमा सञ्चालन भएको थियो,' विद्यालयको स्थापनाकालदेखि नै त्यहाँ कार्यरत गौतमले भने, 'चार दशक पुरानो भवन जीर्ण भएर पानी चुहिन थालेको थियो । भत्कने त्रास थियो ।'

जग्गा व्यवस्थापन गरी नयाँ भवन निर्माण गरेपछि सुरक्षित र सहज रूपमा पठनपाठन हुने वातावरण सृजना भएको प्रअ गौतमले बताए । तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको अनुदान र श्रमदान गरी कुल ८६ लाख ९१ हजार रुपैयाँ लागतमा दुईतले चारकोठे भवन निर्माण भएको थियो । निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको अनुदान सहयोगमा दुई/दुई कोठे एकतले भवन निर्माण भएको हो । कक्षा ८ सम्मको पठनपाठन हुने विद्यालयमा हाल एक सय ५० जना विद्यार्थी अध्ययनरत छन् । विद्यालयमा कम्प्युटर प्रयोगशाला पनि रहेको छ । संविधानसभा सदस्य नवराज शर्मा, गण्डकी प्रदेशका पूर्वमन्त्री नरदेवी पुन र जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख राजकुमार थापाले भवनको उद्घाटन गरेका हुन् ।

भवन उद्घाटन समारोहमा विद्यालयका संस्थापक गंगाबहादुर पुन, देवीप्रसाद आचार्य, दलमान पुन, पुरुषोत्तम शर्मा र पतिराम सिउथानीको नाम उल्लेखित शिलालेखको पनि अनावरण गरिएको थियो । संस्थापक आचार्यलाई सम्मान समेत गरिएको छ । पुस्तकालय र चमेना गृहका लागि थप दुई कोठा आवश्यक रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मानसिङ सापकोटाले बताए । *रासस*

# सार्वजनिक सेवालाई अपांगतामैत्री बनाइँदै




काठमाडौं । सरकारले सार्वजनिक सेवालाई अपांगतामैत्री बनाउन पाँचओटा संघीय मन्त्रालयको भौतिक संरचनाको पहुँचयुक्त परीक्षण शुरू गरेको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि (सिआरपीडी) को राष्ट्रिय प्रतिवेदन मन्त्रिपरिषद्बाट स्वीकृत भई परराष्ट्र मन्त्रालयमार्फत सिआरपीडी समितिमा पठाइसकेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिशोर शाह सुडीले जानकारी दिए ।

मन्त्री सुडीले पूर्ण र अति अशक्त अपांगता भएका व्यक्तिका लागि व्यक्तिगत सहयोग सेवा कार्यान्वयन सम्बन्धमा विज्ञ तथा सरोकारवालासँग छलफल तथा समन्वय गरी कार्यविधिको मस्यौदा तर्जुमा भइरहेको बताए । अपांगता अधिकारकर्मीहरूले मुलुकका सबै समावेशी विकासका गतिविधिमा अपांगता भएका व्यक्तिको आवश्यकता र सवाललाई समावेश गरिनुपर्ने, अपांगता भएका व्यक्तिको सङ्गठनको क्षमता विकास र विकास प्रक्रियामा उनीहरूको सहभागिता, नेतृत्व विकास र आवाजलाई बलियो बनाउन अन्तर्राष्ट्रिय विकास निकायहरूले राष्ट्रिय नीति र मागलाई ध्यानमा राखेर काम गर्नुपर्ने माग गर्दै आएका छन् ।

विश्व स्वास्थ्य सङ्गठन र विश्व बैंकले सन् २०११ मा प्रकाशित पछिल्लो अपांगतासम्बन्धी विश्व प्रतिवेदनअनुसार संसारको कूल जनसंख्याको १५ प्रतिशत मानिसहरू कुनै न कुनै रूपमा अपांगताको अवस्थामा बाँचिरहेका छन् । हरेक वर्ष यो क्रम बढ्दो रहेको जनाइएको छ ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)का अनुसार अपांगता भएका व्यक्तिहरूको कूल जनसंख्याको ८० प्रतिशत विकासोन्मुख देशहरूमा छन् । विश्व बैंकका अनुसार विश्वका अति गरीब मानिसहरूमा २० प्रतिशत अपांगता भएका व्यक्तिहरू पर्दछन् ।

विद्यालय जाने उमेर समूहका अपांगता भएका बालबालिकाहरूमध्ये ४० दशमलव ५ प्रतिशत आर्थिक अवस्था कमजोर भएकै कारण विद्यालय बाहिर रहेको र यसका लागि सरकारी निकायबाट पर्याप्त पहल नभएको राष्ट्रिय अपांग महासंघले जनाउँदै आएको छ । युनिसेफद्वारा प्रकाशित एक प्रतिवेदनअनुसार ५ देखि १२ वर्ष उमेरका कूल अपांगता भएका बालबालिकामध्ये ३० प्रतिशत बालबालिकाहरू अझै विद्यालयभन्दा बाहिर छन् ।

सरकारी प्रतिवेदनअनुसार सरकारले सञ्चालन गरेका ३५ हजार नौ सय ९३ बाल विकास केन्द्रहरूमा नौ लाख ७३ हजार नौ सय बालबालिकाले सिकिरहेका छन् । यिनमा अपांगता भएका बालबालिकाको संख्या तीन हजार दुई सय ७० मात्र छ । अपांगता भएका महिलामाथि हुने हिंसाहरूमा २१ प्रतिशत शैक्षिक संस्थाहरूमा हुने गरेका पाइएको छ । हरेक आठ जना विभिन्न सहायक सामग्री पाउनुपर्ने अवस्थाका अपांगता भएका व्यक्तिहरूमध्ये केवल एक जनाले मात्र सहायक सामग्री पाएको तथ्यांकहरूले देखाएको छ । *रासस*

# बालबालिका ऐन संशोधन गर्न सांसदहरूको जोड

काठमाडौं । राष्ट्रियसभाका सांसदहरूले 'बालबालिका ऐन, २०७५' लाई संशोधन गर्नुपर्नेमा जोड दिएका छन् । राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिको बैठकमा 'बालबालिकासम्बन्धी ऐनको कार्यान्वयन मापन सम्बन्धमा विज्ञ र सरोकारवालासँगको छलफल'मा सांसदले ऐन लागू भएको ६ वर्षमा धेरै विषय परिर्वतन भएकाले ऐन संशोधन गरी समय सान्दर्भिक बनाउनुपर्नेमा जोड दिएका हुन् ।

राष्ट्रियसभाका सांसद कृष्णप्रसाद सिटौलाले बालबालिकासम्बन्धी ऐन संशोधन गरी बालबालिकाको अर्थपूर्ण सहभागितालाई व्यवहारिक रूपमै कार्यान्वयनको पहल गर्नुपर्ने धारणा राखे ।

अर्का सांसद सुरेशकुमार आले मगरले बालबालिकासम्बन्धी ऐन, २०७५ मा कमीकमजोरी रहेकाले देशैभरका बालबालिकाको अवस्था बारेमा विस्तृत अध्ययन गरेर सुझावका आधारमा ऐन संशोधन गर्नुपर्ने बताए । *रासस*


## श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. को धितो सुरक्षणको सम्पत्ति शिल टेन्डरबाट लिलामी बढाबढ गरिने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

यस श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. को शाखा कार्यालय भैरहवाबाट तपसिलमा उल्लेखित ऋणीहरुले आफूले लिएको ऋण कर्जाको कम्पनीलाई समय-समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना आदि तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित रुपमा ताकेता गर्दा समेत सो चुक्ता भुक्तान गर्ने तर्फ ऋणी, सुरक्षण धनी तथा धनजमानी समेतले कुनै चासो नदेखाई कर्जा रकम बाँकी नै राखी उक्त कर्जा लिंदा गरि दिएको कर्जा सम्बन्धी शर्त-बन्देज उल्लङ्घन गर्नु भएकोले बैंक तथा बित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ (१) बमोजिम तपसिलमा उल्लेखित धितो सुरक्षण लिलाम बढाबढ गरी बिक्री गरिने हुँदा आजका मितिबाट ३५ (पैतिस) दिन भित्रमा यस कम्पनीको जिल्ला रुपन्देही स्थीत भैरहवा शाखाबाट उपलब्ध गराइएको शिल टेन्डर फारम भरी पेश गर्नु हुन साथै सो शिल टेन्डर फारम मिति २०८१ पौष ४ गते विहीवारका दिन कानून बमोजिमको प्रतिनिधिहरुको रोहवरमा खोलिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीकोलागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ऋणी तथा धनजमानीहरुको विवरण : | धितो सुरक्षणको विवरण नं. १ |
|---|---|---|
| १ | **ऋणीको नाम :साँग्रिला ड्रिङ्कीङ्ग वाटर एण्ड बेभरेज इण्डष्ट्रिज प्रा.लि.को अधिकार प्राप्त सञ्चालक अमर बि.सी.**<br>ठेगाना : जिल्ला दाङ लमही न.पा. वडा नं. २ चैलाही ।<br>कर्जा शिर्षक : ब्यापार कर्जा<br>कम्पनी दर्ता नं: ११२९४३/६९/०७०<br>कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौं<br>पान नं: ३०५७९६८७५,आन्तरिक राजस्व कार्यालय, दाङ<br>**सञ्चालक/धनजमानी/ धितो दिनेको विवरण**<br>**नाम : अमर बि.सी.**<br>बाबु : शोभाराम बुढाथोकी<br>बाजे : मान बहादुर<br>ठेगाना : जिल्ला दाङ लमही न.पा. वडा नं. २ चैलाही ।<br>ना.प्र.नं. १९८/२१४३<br>जारी मिति र स्थान : २०५३/०८/३०, दाङ | नीज अमर बि.सी. को नाममा मालपोत कार्यालय घोराही दाङमा दर्ता कायम भई यस वित्तीय संस्थाको पक्षमा दृष्टिवन्धक धितो पारित भई रोक्का समेत रहेको जिल्ला दाङ घोराही ८/ग कि.नं. २२०७ क्षेत्रफल ११२.८५ ब.मी. ।<br>नीज अमर बि.सी. को नाममा मालपोत कार्यालय लमही दाङमा दर्ता कायम भई यस वित्तीय संस्थाको पक्षमा दृष्टिवन्धक धितो पारित भई रोक्का समेत रहेको जिल्ला दाङ चैलाही गा.बि.स. ६/क कि.नं. ३१, ७६९, ८४७ , १००६ र १२९३ क्रमश: क्षेत्रफल ०-१२-१०, ०-८-२, ०-११-१९, ०-२-१२, ०-१-१९ जग्गा तथा लिग-लिगापात समेत ।<br>नीज अमर बि.सी. को नाममा मालपोत कार्यालय लमही दाङमा दर्ता कायम भई यस वित्तीय संस्थाको पक्षमा दृष्टिवन्धक धितो पारित भई रोक्का समेत रहेको जिल्ला दाङ चैलाही गा.बि.स. २/घ कित्ता नं. ३०६, २७९९, २८०१ र २८०३ क्रमश: क्षेत्रफल: ०-०-५, १२५.५६ ब.मी, ४०३.३७ ब.मी, ६३.६५ ब.मी तथा लिग-लिगापात समेत । |
| | **शेयरधनी/धनजमानी/ धितो दिनेको विवरण** | **धितो सुरक्षणको विवरण नं. - २** |
| | **नाम : रमा के.सी.**<br>बाबु : हिरा लाल के.सी.<br>पति : अमर बि.सी.<br>ठेगाना : जिल्ला दाङ धर्ना गा.बि.स. वडा नं. ८ घर भई हाल जिल्ला दाङ लमही नगरपालिका वडा नं. ०५, पासाङ्ग टोल ।<br>ना.प्र.नं. ७५३/१२९४<br>जारी मिति र स्थान : २०५८/१०/२२, दाङ | नीज रमा के.सी. को नाममा मालपोत कार्यालय घोराही दाङमा दर्ता कायम भई यस वित्तीय संस्थाको पक्षमा दृष्टिवन्धक धितो पारित भई रोक्का समेत रहेको घोराही न.पा वडा नं १/ख कित्ता नं. १९८६ क्षेत्रफल ७५.०१ ब.मी. जग्गा, घर तथा लिग-लिगापात समेत ।<br>नीज रमा के.सी. को नाममा मालपोत कार्यालय लमही दाङमा दर्ता कायम भई यस वित्तीय संस्थाको पक्षमा दृष्टिवन्धक धितो पारित भई रोक्का समेत रहेको चैलाही गा.बि.स.३/ख कित्ता नं. १२०२ क्षेत्रफल १६९.३१ ब.मी. । |
| | **शेयरधनी/धनजमानी/ धितो दिनेको विवरण** | **धितो सुरक्षणको विवरण नं.- ३** |
| | **नाम : केशर बहादुर बुढाथोकी**<br>बाबु : मान बहादुर बुढाथोकी<br>बाजे : शशिराम<br>ठेगाना : जिल्ला दाङ लक्ष्मीपुर गा.बि.स. वडा नं. ६ घर भई हाल जिल्ला दाङ घोराही उप-महानगरपालिका वडा नं. ३,वरगदुवा ।<br>ना.प्र.नं. १०४२१/६८१<br>जारी मिति र स्थान : २०३७/१०/२९, दाङ | नीज केशर बहादुर बुढाथोकी को नाममा मालपोत कार्यालय घोराही दाङमा दर्ता कायम भई यस वित्तीय संस्थाको पक्षमा दृष्टिवन्धक धितो पारित भई रोक्का समेत रहेको लक्ष्मीपुर गा.वि.स. वडा नं ५ क कित्ता नं. ११७, ११८, ११९, १२० र १५४ क्रमश: क्षेत्रफल: ०-०-१६, ०-१-७, ०-५-७, ०-६-५, ०-१२-१५ जग्गा तथा लिग-लिगापात समेत । |
| | **धनजमानी**<br>नाम : यम बहादुर बि.सी.<br>बाबु : शंकर बहादुर बुढाथोकी<br>बाजे : डम्बर बहादुर बुढाथोकी<br>ठेगाना : जिल्ला दाङ सौडियार गा.बि.स. वडा नं. ४, हाल घोराही उपमहानगरपालिका वडा नं १५ ।<br>ना.प्र.नं.१०३/४९, जारी मिति र स्थान : २०५३/०३/१९, दाङ | - |
| २ | **ऋणी : अमर बि.सी.**<br>बाबु : शोभाराम बुढाथोकी<br>बाजे : मान बहादुर<br>कर्जा शिर्षक : व्यक्तिगत कर्जा<br>ठेगाना : जिल्ला दाङ लमही न.पा. वडा नं. २ चैलाही ।<br>ना.प्र.नं. १९८/२१४३<br>जारी मिति र स्थान : २०५३/०८/३०, दाङ<br>**धनजमानी दिने**<br>नीज रमा के.सी<br>नीज यम बहादुर बि.सी. | **धितोको विवरण:** माथिको धितो सुरक्षणको विवरण नं. १ र नं. २ मा कायम भइरहेको धितो । |
| ३ | **ऋणी : रमा के.सी.**<br>बाबु : हिरा लाल के.सी.<br>पति : अमर बि.सी.<br>कर्जा शिर्षक : व्यक्तिगत कर्जा<br>ठेगाना : जिल्ला दाङ धर्ना गा.बि.स. वडा नं. ८ घर भई हाल जिल्ला दाङ लमही नगरपालिका वडा नं. ०५, पासाङ्ग टोल ।<br>ना.प्र.नं. ७५३/१२९४<br>जारी मिति र स्थान : २०५८/१०/२२, दाङ<br>**धनजमानी दिने**<br>नीज अमर बि.सी.<br>नीज यम बहादुर बि.सी. | **धितोको विवरण:** माथिको धितो सुरक्षणको विवरण नं. १ र नं. २ मा कायम भइरहेको धितो । |

**लिलाम विक्री सम्बन्धित शर्त तथा बन्देजहरु**

१. बोलपत्र फारम शाखा कार्यालय भैरहवाबाट रु. ५००/- बुझाई प्राप्त गर्न सकिने छ ।
२. उक्त धितो सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गरि लिन बोलपत्र पेश गर्नु पर्नेछ । माथि उल्लेख रहेको धितो सुरक्षण दिनेहरुको सम्पत्ति मध्ये सबै वा सुरक्षण दिनेको जुनसुकैको धितो सकार गर्न बोलपत्र पेश गर्न सकिनेछ ।
३. उक्त धितो सम्पत्तिको सम्बन्धित कागजात हेर्न तथा सो सम्बन्धि अन्य जानकारी प्राप्त गर्न चाहनु हुने महानुभावहरुले शाखा कार्यालय भैरहवामा कार्यालय समय भित्र सम्पर्क राखी हेर्न तथा जानकारी लिन सक्नु हुनेछ ।
४. सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । यदि अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
५. आफूले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस कम्पनीको नाममा खिचिएको ड्राफट/नगद जम्मा गरेको भौचर/गुड फर पेमेन्ट चेक शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ ।
६. बोलपत्र बुझाउने अन्तिम दिन बिदा परेमा बिदाको लगत्तै कम्पनी खुलेकै दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा पनि बिदाको लगत्तै कम्पनी खुलेको दिन अपरान्ह २ बजे सो बोलपत्र खोलिने छ । बोलपत्र दाता, नीजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिति नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
७. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गरिदिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन-कुन धितोको सम्पत्तिको लागि के-कति बोलकबोल गर्न खोजिएको हो, स्पष्ट खुलाई पेश गर्नु पर्नेछ ।
८. लिलाम सकार गर्ने व्यक्ति तथा फर्म/संस्थाले कम्पनीबाट लिलाम स्वीकृत भएको सूचना पाएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफनो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनु पर्ने छ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको रकम स्वतः जफत हुनेछ ।
९. उक्त लिलाममा राखिएको सम्पत्ति नामसारी गर्दा नेपाल सरकारको दस्तुर, अन्य कर, तथा शुल्क, सम्पत्ति कर र धारा बिजुली शुल्क (बाकी बक्यौता समेत) आदी सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
१०. बोलपत्र पेश गर्ने समयसम्म ऋणीले ऋण बक्यौता रकम बुझाएमा लिलामी कार्यबाही स्थगित हुनेछ ।
११. बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार कम्पनीमा निहित रहने छ । रीत नपुर्‍याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
१२. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/०९/०३ बुधवार (कार्यालय समय भित्र)**
**बोलपत्र खोलिने मिति : २०८१/०९/०४ विहीवार**
**स्थान : श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. शाखा कार्यालय भैरहवा, रुपन्देही, फोन : ०७१-५७६५०७/५०८**

**श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.**
डिल्लीबजार, गुरुजुको चौर, पो.ब.नं.:- १०३१३, काठमाडौं ।
फोन: ४५२२०३८, ४५२६१४६, ४५१५३४४, फ्याक्स: ९७७-१-४५२१३३९,
E-mail: info@shreefinance.com.np

# नगरपालिकामा लगाइएको ताला एक महीनापछि खुलाइयो

**राहत वितरणमा पक्षपात गरेको भन्दै बाढी तथा डुबानपीडितले नगरका वडा नं ५, ६, ७, १२ र १३ को वडा कार्यालयमा समेत तालाबन्दी गरिएको थियो ।**

सप्तरी । सप्तरीको हनुमाननगर कंकालिनी नगर पालिका र विभिन्न वडा कार्यालयमा लगाइएको ताला खुलाइएको छ । प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षतामा नगरप्रमुख वीरेन्द्र माझी, वडाध्यक्षहरू, जिल्लास्थित सुरक्षा निकायका प्रमुख र बाढीपीडित आन्दोलनरत पक्षबीच भएको सहमतिअनुसार एक महीनापछि मंगलवार ताला खुलाइएको हो ।

गत असोज २५ गतेदेखि गरिएको तालाबन्दीले नागरिकमा पर्न गएको असुविधाप्रति क्षमायाचना गर्दै अब यस्तो कार्य नगर्ने प्रतिबद्धतासहित ताला खोल्ने निर्णय भएको बैठकमा सहभागी हनुमाननगर कंकालिनी नगरपालिका-५ का अशोककुमार यादवले बताए ।

जसले सम्पूर्ण कामकाज ठप्प भई जनजीवन प्रभावित बनेको थियो ।

मंगलवारदेखि वडा कार्यालय र नगरपालिकाको सेवा शुरू गर्दै १० दिनभित्र नगरसभा गरी कर्मचारीको तलब भत्ता वितरण गर्नेसमेत सहमति भएको छ । *रासस*



तस्वीर : रासस

**भक्तपुरको पोटरी स्क्वायरमा माटाका भाडा बनाउन सिक्दै महिला तथा बालिका ।**



## नबिल बैंक लिमिटेड, नेपालगंज शाखा, बाँकेको, धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति : २०८१/०७/२९)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/१०/१५ को आर्थिक दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **नेपालगंज शाखा, बाँके**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

१

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०३/१५ मा दर्ता नं. १९२६२३/७४/०७५ अन्तर्गत दर्ता भएको **अटो न्यान्च प्रा. लि ।**
ठेगानाः बाँके जिल्ला नेपालगंज उ.म.न. पा. वडा नं. २०, नेपालगंज, बाँके ।

**ऋणी कम्पनीका सञ्चालकहरु तथा ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. बैजनाथ सिंहको नाति अरुण कुमार सिंहको छोरा बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २, बस्ने ना.प्र.नं. १२६०४ (जारी मितिः २०६१/०३/१४, स्थान बाँके) भएका **अपूर्व सिंह ।**
२. नरेश जंग विष्टकी छोरी अरुण कुमार सिंहकी बुहारी, अपूर्व सिंहकी श्रीमती, बाँके जिल्ला नेपालगंज न.पा. वडा नं ८ स्थायी घर भई हाल बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २ बस्ने ना.प्र.नं. ६६१०१९३९५३ (जारी मितिः २०६८/०६/०४, स्थान बाँके) भएकी **निशा विष्ट ।**
३. बैजनाथ सिंहकी बुहारी, अरुण कुमार सिंहकी श्रीमती, बाँके जिल्ला नेपालगंज नगर पञ्चायत वडा नं ३ स्थायी घर भई हाल बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २ बस्ने ना.प्र.नं. ६/६/४/१/०४०१ (जारी मितिः २०३८/१०/०६, स्थान बाँके) भएकी **सुधा सिंह ।**

२

**ऋणीको नाम र ठेगानाको विवरण**

बैजनाथ सिंहको नाति अरुण कुमार सिंहको छोरा बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २, बस्ने ना.प्र.नं. १२६०४ (जारी मितिः २०६१/०३/१४, स्थान बाँके ) भएका **अपूर्व सिंह ।**

**ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. नरेश जंग विष्टकी छोरी अरुण कुमार सिंहकी बुहारी, अपूर्व सिंहकी श्रीमती, बाँके जिल्ला नेपालगंज न.पा. वडा नं ८ स्थायी घर भई हाल बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २ बस्ने ना.प्र.नं. ६६१०१९३९५३ (जारी मितिः २०६८/०६/०४, स्थान बाँके) भएकी **निशा विष्ट ।**
२. बैजनाथ सिंहकी बुहारी, अरुण कुमार सिंहकी श्रीमती, बाँके जिल्ला नेपालगंज नगर पञ्चायत वडा नं ३ स्थायी घर भई हाल बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २ बस्ने ना.प्र.नं. ६/६/४/१/०४०१ (जारी मितिः २०३८/१०/०६, स्थान बाँके) भएकी **सुधा सिंह ।**

**संयुक्त धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
बाँके जिल्ला नेपालगंज नगर पञ्चायत वडा नं ३ स्थायी घर भई हाल बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २ बस्ने **सुधा सिंह**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला, नेपालगंज न.पा, वडा नं. २ सिट नं ०३५९४१०२३ मा अवस्थित कि.नं.७० क्षेत्रफल ८६० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३

**ऋणी फर्म र फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०७६ बमोजिम प्रदेश सरकार,लुम्बिनी प्रदेश, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय बाँकेमा मिति २०७९/०३/०३ मा प्रा.फ.नं ११०१९-११-२०७८/७९ अन्तर्गत दर्ता भएको **लक्स रेस्टुरेन्ट एण्ड बार ।**
ठेगानाः बाँके जिल्ला नेपालगंज उ.म.न.पा. वडा नं. २, नेपालगंज, बाँके ।
**ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरणः**
बैजनाथ सिंहको नाति अरुण कुमार सिंहको छोरा बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २, बस्ने ना.प्र.नं. १२६०४ (जारी मितिः २०६१/०३/१४, स्थान बाँके ) भएका **अपूर्व सिंह ।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. नरेश जंग विष्टकी छोरी अरुण कुमार सिंहकी बुहारी, अपूर्व सिंहकी श्रीमती, बाँके जिल्ला नेपालगंज न.पा. वडा नं ८ स्थायी घर भई हाल बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २ बस्ने ना.प्र.नं. ६६१०१९३९५३ (जारी मितिः २०६८/०६/०४, स्थान बाँके) भएकी **निशा विष्ट ।**
२. बैजनाथ सिंहकी बुहारी, अरुण कुमार सिंहकी श्रीमती, बाँके जिल्ला नेपालगंज नगर पञ्चायत वडा नं ३ स्थायी घर भई हाल बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २ बस्ने ना.प्र.नं. ६/६/४/१/०४०१ (जारी मितिः २०३८/१०/०६, स्थान बाँके) भएकी **सुधा सिंह ।**

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
बाँके जिल्ला नेपालगंज न.पा. वडा नं २, बस्ने **अपूर्व सिंह**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला, सितापुर गा.वि.स, वडा नं. ७ सिट नं ०३५१२८४ मा अवस्थित कि.नं. क्रमशः २८२, २९१, ८७७, ५९५ र ५९४ क्षेत्रफल क्रमशः ४५४५, ४३३०, १३५४.५२, २१८५ र २१८५ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **नेपालगंज शाखा, बाँके**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०८/१३ गते ५:०० बजे भित्र यस बैंकको **नेपालगंज शाखा, बाँके**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०८/१४ गते १:०० बजे बैंकको **नेपालगंज शाखा, बाँके**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११.लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **नेपालगंज शाखा, बाँके**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१





## नबिल बैंक लिमिटेड, चन्द्रौटा शाखा, कपिलवस्तुको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति : २०८१/०७/२९)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनी तथा ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०२/२९ को आर्थिक दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **चन्द्रौटा शाखा, कपिलवस्तु**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

१

**ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, प्रदेश नं. ५ उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तुमा मिति २०७५/०६/१६ मा प्रा.फ.र.नं. ८३१६/०७५ अन्तर्गत दर्ता भएको **न्यू ओम ग्यास सप्लायर्स ।**
ठेगानाः कपिलवस्तु जिल्ला शिवराज न.पा वडा नं. ५, कपिलवस्तु ।
**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः**
कुल विर राउतको नाति भिम बहादुर राउत क्षेत्रीको छोरा अर्घाखाँची जिल्ला जलुके गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला शिवराज न.पा वडा नं. ५ बस्ने, ना.प्र.नं. १५००/७६२ (जारी मितिः २०५९/१०/१३, स्थान अर्घाखाँची) भएका **नारायण कुमार क्षेत्री ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. कुल विर राउतकी बुहारी भिम बहादुर राउत क्षेत्रीकी श्रीमती अर्घाखाँची जिल्ला जलुके गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला शिवराज न.पा वडा नं. ५ बस्ने, ना.प्र.नं. १११८/३४५/१७८१ (जारी मितिः २०४४/११/०३, स्थान अर्घाखाँची) भएकी **दमयन्ती देवी राउत ।**
२. भीम बहादुर राना मगरकी छोरी भिम बहादुर राउत क्षेत्रीकी बुहारी नारायण कुमार क्षेत्रीकी श्रीमती कपिलवस्तु जिल्ला विरपुर गा.वि.स. वडा नं. ०९ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला शिवराज न.पा वडा नं. ५ बस्ने, ना.प्र.नं. ४/०६/१०६५९ (जारी मितिः २०६२/०५/१३, स्थान कपिलवस्तु) भएकी **सुसमा राना ।**

२

**ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तुमा मिति २०७५/०४/१० मा प्रा.फ.नं.घ.उ.का. ७८१९/०७५ अन्तर्गत दर्ता भएको **सारा व्युटीपार्लर एण्ड ट्रेनिङ्ग सेन्टर ।**
ठेगानाः कपिलवस्तु जिल्ला शिवराज न.पा वडा नं. ५, कपिलवस्तु ।
**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः**
भीम बहादुर राना मगरकी छोरी भिम बहादुर राउत क्षेत्रीकी बुहारी नारायण कुमार क्षेत्रीकी श्रीमती कपिलवस्तु जिल्ला विरपुर गा.वि.स. वडा नं. ०९ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला शिवराज न.पा वडा नं. ५ बस्ने, ना.प्र.नं. ४/०६/१०६५९ (जारी मितिः २०६२/०५/१३, स्थान कपिलवस्तु) भएकी **सुसमा राना ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

कुल विर राउतको नाति भिम बहादुर राउत क्षेत्रीको छोरा अर्घाखाँची जिल्ला जलुके गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला शिवराज न.पा वडा नं. ५ बस्ने, ना.प्र.नं. १५००/७६२ (जारी मितिः २०५९/१०/१३, स्थान अर्घाखाँची) भएका **नारायण कुमार क्षेत्री ।**

**न्यू ओम ग्यास सप्लायर्स र सारा व्युटीपार्लर एण्ड ट्रेनिङ्ग सेन्टरको संयुक्त धितोको विवरण**

अर्घाखाँची जिल्ला जलुके गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला शिवराज न.पा वडा नं. ५ बस्ने, **दमयन्ती देवी राउत**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कपिलवस्तु जिल्ला विरपुर गा.वि.स. वडा नं. ०९ नक्सा सीट नं. ९क मा अवस्थित कि.नं. १७६३ क्षेत्रफल ०-०-९-० विघा घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **चन्द्रौटा शाखा, कपिलवस्तु**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०८/१३ गते ५:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **चन्द्रौटा शाखा, कपिलवस्तु**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०८/१४ गते १:०० बजे बैंकको **चन्द्रौटा शाखा, कपिलवस्तु**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११.लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **चन्द्रौटा शाखा, कपिलवस्तु**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१



# बाँकेमा कोदोको उत्पादन परीक्षण सफल



नेपालगञ्ज । बाँकेमा कोदोको उत्पादन परीक्षण सफल देखिएको छ । कोहलपुरमा रहेको सामुदायिक जिन बैंक सञ्जालले जिल्लाको बैजनाथ गाउँपालिका-१ चिसापानीस्थित गाभर भ्यालीमा गरेको कोदोको उत्पादन परीक्षण सफल भएको हो ।

गत साउन महीनामा रोपिएको कोदो अहिले चिसापानीस्थित गाभर भ्यालीमा लहलह झुलेको अवस्थामा देख्न पाइन्छ । पहाड र हिमालमा मात्र उत्पादन हुने कोदो तराईको बाँकेमा पनि फलेको हो ।

'कोदो तराईका जिल्लामा उत्पादन गर्ने योजनाका साथ परीक्षण गर्न हामीले साउनमा रोप्यौं, अहिले कोदोको बाला लहलह लागेर काट्ने बेला भएको छ र स्थानीयले पनि अनौठो मानेका छन्,' सामुदायिक जिन बैंक सञ्जालका संयोजक पुरमल बस्नेतले भने । नौ प्रजातिका कोदोको बीउ रोपेकामा एक-दुई प्रजातिबाहेक अन्य सबै राम्रोसँग फलेको उनले बताए ।

स्थानीयको डेढ कठ्ठाभन्दा बढी जग्गा भाडामा लिएर कोदोका विभिन्न स्थानीय प्रजातिको बीउ परीक्षणका लागि रोपिएको थियो । उत्पादन परीक्षण सफल भएकाले आफूहरू उत्साहित भएको बस्नेतले बताए । 'नार्कका प्राविधिकसँगको समन्वयमा हामीले सो परीक्षण गरेका थियौं, मङ्सिर पहिलो साता उनीहरू फिल्डमा आउने कुरा भएको छ, सो समयमा यसलाई टिप्ने योजना बनाएका छौं,' बस्नेतले भने ।

नार्कका प्राविधिकको सल्लाहमा तराईका अन्य स्थानमा रोप्न मिल्नेगरी यसको बीउ सिफारिस गर्ने योजना बनाइएको जानकारी उनले दिए । नार्कका प्राविधिकको सिफारिसअनुसार तराईका जिल्लामा किसानलाई कोदो रोप्न प्रेरित गरिने उनको भनाइ छ । उनका अनुसार परम्परागत बालीको संरक्षणका लागि सुक्खा ठाउँमा समेत कोदो जस्तो रैथाने बाली लगाउन मिल्ने गरी यसको उत्पादन परीक्षण गरिएको हो ।

विसं २०७८ मा चिसापानीको गाभर भ्यालीमा पहिलो सामुदायिक जिन बैंक स्थापना गरेको जिन बैंकका सचिवसमेत रहेका घरबास सञ्चालक संघका महासचिव कृष्ण चौधरीले बताए । गाभर भ्यालीमा कोदो उत्पादनको प्रशस्त सम्भावना रहेको देखिएकाले यहीँबाट परीक्षण उत्पादन शुरू गरिएको र सफल भएको उनको भनाइ छ ।

जिन बैंकले तराइमा कोदोको मात्र उत्पादन नगरेर रैथाने अन्नबाली, वनस्पति, पशुपन्छी, मौरी, सूक्ष्म जीवाणु र जलीय कुण्ड क्षेत्रमा काम गर्दै आएको छ । *रासस*

# सबै जिल्ला पूर्ण खोप घोषणा

काठमाडौं । देशका ७७ जिल्ला नै पूर्ण खोप घोषणा भएका छन् । पछिल्लो पटक नुवाकोट पूर्ण खोपयुक्त जिल्ला घोषणा भएको हो । स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतमले ती सबै जिल्लाका दुई वर्षमुनिका शतप्रतिशत बालबालिकाले सरकारले उपलब्ध गराएको खोप लगाएपछि पूर्ण खोपयुक्त जिल्ला घोषणा गरिएको बताए । नेपालमा पहिलोपटक अछाम र पाल्पा पूर्ण खोप जिल्ला घोषित भएका थिए ।

'हामीले जन्मेदेखि बालबालिकालाई १५ महीनासम्म विभिन्न खोपका १८ मात्रा दिने गर्दछौं,' उनले भने, 'ती खोप सबै बालबालिकाले पाएपछि ती जिल्लालाई पूर्ण खोप जिल्ला घोषणा गर्दछौं ।' सरकारले जन्मिनेबित्तिकै क्षयरोग विरुद्धको बिसिजी खोप लगाउने गर्दछ ।

यस्तै, ६ हप्ता र १० हप्तामा दुईपटक रोटा भाइरस, पोलियो भाइरस, निमोनिया, भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकार, हेपाटाइटिस-बी इन्फ्लुएन्जा-बी लगायत रोगविरुद्ध क्रमशः रोटा, पोलियो, पिसिभि, डिपिटी र हेप बी-हिब खोप लगाउने गरिन्छ ।

चौध हप्तामा पोलियो, भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकार, हेपाटाइटिस-बी इन्फ्लुएन्जा-बी विरुद्धका खोप क्रमशः पोलियोविरुद्धको खोप, एचआइपिभी, डिपिटी र हेप बी-हिब खोप लगाउने गरिन्छ ।

नौ महीनामा पोलियो, दादुरा र रुबेला तथा निमोनिया विरुद्धको खोप क्रमशः एफआइपिभी, दादुरा तथा रुबेला विरुद्धको खोप र पिसिसी खोप तथा १२ महीनामा जापानिज इन्सेफ्लाइटिस् विरुद्धको खोप तथा १५ महीनामा दादुरा र रुबेला तथा टाइफाइड विरुद्धको खोप दिने गरिन्छ ।

खोप शाखा प्रमुख गौतमले शिशुलाई जन्मेदेखि १५ महीनासम्म दिइन नसकेको खोप १६ महीनादेखि २३ महीनाभित्र दिइने बताए । उनका अनुसार सबै जिल्ला पूर्ण खोप घोषित गरे पनि जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ ले अझै पनि १२ देखि २३ महीनासम्ममा चार प्रतिशत बालबालिकाले कुनै खोप नपाएको उल्लेख गरिएको छ । १६ देखि २३ महीनासम्म पनि खोप नलगाएका बालबालिकालाई पाँच वर्षसम्म पनि खोप लगाइने उनले बताए । *रासस*

# मुख्यमन्त्री लामालाई माओवादीको ध्यानाकर्षण

मकवानपुर। बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामालाई नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बागमती प्रदेशको संसदीय दलका प्रतिनिधिले सरकारले जनता केन्द्रित कार्य सम्पादन गर्नुपर्ने भन्दै ध्यानाकर्षण पत्र बुझाएको छ।

बुधवार मुख्यमन्त्री कार्यालय हेटौंडामा ज्ञापनपत्र बुझाउँदै संसदीय दलका नेता शालिकराम जम्कट्टेलले सरकार गठन भएको एक सय दिन पुगिसकेको भन्दै प्रदेशको समग्र विकासमा सरकार केन्द्रित हुन नसकेको आरोप लगाए। उनले सरकार संघीयताको मर्म र भावना अनुसार सञ्चालन हुनुपर्नेमा जोड दिए।

दलका नेता जम्कट्टेलले विकासको आकांक्षा र आवश्यकतालाई सम्बोधन गर्दै सरकार अगाडि बढ्नुपर्ने उल्लेख गरे। आठ बुँदे मागसहित विभिन्न विषयमा ज्ञापनपत्र बुझाउँदै दलले विभिन्न समयमा सर्वदलीय बैठकले गरेका निर्णय अविलम्ब कार्यान्वयन गर्नुपर्नेमा जोड दिएको छ।

**बुधवार मुख्यमन्त्री कार्यालय हेटौंडामा ज्ञापनपत्र बुझाउँदै संसदीय दलका नेता शालिकराम जम्कट्टेलले सरकार गठन भएको एक सय दिन पुगिसकेको भन्दै प्रदेशको समग्र विकासमा सरकार केन्द्रित हुन नसकेको आरोप लगाए।**

ध्यानाकर्षण पत्रमा संघीयताको संस्थागत शुद्धिकरण, सुशासन र प्रदेशको विकासमा केन्द्रित हुनुपर्ने माग राखिएको छ। गत असोज ११ र १२ गते आएको बाढीपहिरोले प्रदेशका विभिन्न जिल्लामा जनधनको ठूलो क्षति भएको भन्दै पीडितका समस्यालाई तत्काल सम्बोधन गर्न माग गरिएको छ। *रासस*

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

## आ.व. २०८१/०८२ को प्रथम त्रैमासिक प्रतिवेदन

## दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड

ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर-११, काठमाडौं
फोनः ०१-५३३२७४९

**१) वित्तीय विवरण** :

क) आ.व. २०८१/०८२ को प्रथम त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तीय अवस्थाको विवरण तथा आय विवरण।

**वित्तीय अवस्थाको विवरण**

*(रकम रु. मा)*

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | असोज मसान्त २०८१ सम्ममा | अषाढ मसान्त २०८१ सम्ममा | असोज मसान्त २०८० सम्ममा |
| **सम्पत्ति** | | | |
| **गैह्र चालु सम्पत्ति** | | | |
| स्थिर सम्पत्ति | २,९४९,८६३,५०६.६७ | २,९५०,१६८,७८१.८२ | २,९६८,७०३,८२२.६० |
| पूँजीगत कार्य प्रगति | १३७,०५२,५३९.१२ | १३४,४०१,७२९.१३ | ९९,८००,६९०.८५ |
| **जम्मा गैह्र चालु सम्पत्ति** | **३,०८६,९१६,०४५.७९** | **३,०८४,५७०,५१०.९५** | **३,०६८,५०४,५१३.४५** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | २५,३०६,१३१.९९ | १३,४७८,१८२.११ | १५,९४८,१४२.०६ |
| आसामीहरु | २००,७७३,४८१.८६ | १९०,२१८,७३१.९० | १३९,२२२,९८७.१८ |
| अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी | ४०,९८६,४८५.३५ | ३५,३४३,८९९.७८ | ५३,९१२,६२९.४९ |
| **जम्मा चालु सम्पत्ति** | **२६७,०६६,०९९.२०** | **२३९,०४०,८१३.७९** | **२०९,०८३,७५८.७३** |
| **जम्मा सम्पत्ति** | **३,३५३,९८२,१४४.९९** | **३,३२३,६११,३२४.७४** | **३,२७७,५८८,२७२.१८** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी तथा जगेडा कोष** | | | |
| शेयर पूँजी | १,०५४,२६०,४००.०० | १,०५४,२६०,४००.०० | १,०५४,२६०,४००.०० |
| जगेडा कोष र संचित नाफा | १७,७४०,६३७.४६ | १,९८६,७६४.६२ | ३०,२९९,६९०.९७ |
| **जम्मा पूँजी तथा जगेडा कोष** | **१,०७२,००१,०३७.४६** | **१,०५६,२४७,१६४.६२** | **१,०८४,५६०,०९०.९७** |
| **दायित्व** | | | |
| **गैह्र चालु दायित्व** | | | |
| दीर्घकालीन बैंक ऋण | १,७५९,३९७,१७०.३३ | १,७७३,२२६,२४४.९३ | १,७७३,५०९,७००.४० |
| **जम्मा गैह्र चालु दायित्व** | **१,७५९,३९७,१७०.३३** | **१,७७३,२२६,२४४.९३** | **१,७७३,५०९,७००.४०** |
| **चालु दायित्व र व्यवस्था** | | | |
| व्यापारिक र अन्य दायित्व | ४९७,८४५,८१५.६० | ४६८,७३४,०९२.३३ | ३९९,१८४,२९७.६० |
| अल्पकालीन बैंक ऋण | २४,०००,०००.७५ | २४,९८५,४००.७५ | २०,०००,०००.०० |
| अन्य व्यवस्थाहरु | ७३८,१२०.८५ | ४१८,४२२.११ | ३३४,१८३.२१ |
| **जम्मा चालु दायित्व तथा व्यवस्थाहरु** | **५२२,५८३,९३७.२१** | **४९४,१३७,९१५.१९** | **४१९,५१८,४८०.८१** |
| **जम्मा पूँजी तथा दायित्व** | **३,३५३,९८२,१४४.९९** | **३,३२३,६११,३२४.७४** | **३,२७७,५८८,२७२.१८** |

**आय विवरण**

*(रकम रु. मा)*

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | असोज मसान्त २०८१ सम्ममा | अषाढ मसान्त २०८१ सम्ममा | असोज मसान्त २०८० सम्ममा |
| **कुल आम्दानी** | ९७,३३९,७२६.९५ | ३२५,८२४,०९०.०७ | १११,७६८,३१९.६२ |
| विद्युत उत्पादन खर्च | (८,३६६,१४७.९७) | (३३,८३८,३२३.००) | (८,६३०,०००.७२) |
| प्रशासनिक खर्च | (५,३६०,४८९.९४) | (३१,७२८,३२९.१३) | (४,६६३,०११.५०) |
| ह्रास खर्च | (७,५३६,३७६.०१) | (३०,१०९,६३९.१३) | (७,५२१,८७५.५६) |
| वित्तीय लागत | (५८,८११,९५८.१३) | (२२५,५५१,५११.७४) | (६४,१५४,०१८.४०) |
| **खुद नाफा/(नोक्सान)** | **१७,२६४,७५४.९०** | **४,५९६,२८७.०७** | **२६,७९९,४१३.४४** |

*नोटः*
माथि उल्लेखित अंकहरु आवश्यकता अनुसार पुनःवर्गीकरण गर्न सकिने छ।
लेखा परीक्षण नभएका अंकहरु लेखापरीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्नेछ।

**ख) प्रमुख वित्तीय अनुपातहरु सम्बन्धि विवरण निम्नाअनुसार छन्** :

| अवधी | प्रतिशेयर आम्दानी रु. (वार्षिकिकरण) | प्रतिशेयर नेटवर्थ रु. | तरलता अनुपात | प्रतिशेयर कुल सम्पतीको मूल्य रु. | मूल्य आम्दानी अनुपात |
|---|---|---|---|---|---|
| यस त्रैमासिक अन्त्य सम्ममा | ६.५५ | १०१.६८ | ०.५१ | ३१८.१४ | ६८.५४ |

**२) व्यवसायिक विश्लेषण** :

**क) त्रैमासिक अवधिमा कम्पनीको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरणः**
यस कम्पनीको लमजुङ जिल्लाको दोर्दी गाउँपालिकामा १२ मेगावाट क्षमताको दोर्दी-१ जलविद्युत आयोजना सञ्चालनमा रहेको छ। हाल २०८१ असोज मसान्त सम्मको बिल रकम सहित रु २०,०७,७३,४८१.८६ (अक्षरमाः बिस करोड सात लाख त्रिहतर हजार चार सय एक्कासी रुपैंया छ्यासी पैसा मात्र) आसामी बापतको रकम नेपाल विद्युत प्राधिकरणको नाममा रहेको छ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः**
कम्पनीले दीर्घकालीन ऋण चुक्ता गर्न १:१ हकप्रद शेयर जारीको लागि आ.व. २०७९/०८० को वार्षिक साधारण सभाबाट पारित भई विद्युत नियमन आयोगको अनुमति पछि धितोपत्र बोर्डमा निवेदन पेश गरी सकिएको छ। साथै, यस कम्पनीले थप दुई आयोजनाहरु सुपर इङ्खु खोला जलविद्युत आयोजना (२४.४१ मे.वा) र म्याग्दी खोला (ए) जलविद्युत आयोजना (३० मे.वा) को प्रारम्भिक अध्ययन गरिरहेको छ र साथै विद्युत विकास विभागसँग विद्युत उत्पादन अनुमति पत्रको प्रक्रियामा रहेको छ।

**ग) विगतको अनुभवबाट संगठित कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरणः**
यस कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पार्ने खालको घटना र अवस्था हालसम्म देखिएको छैन। तर, मानवीय नियन्त्रण भन्दा बाहिरको दैवीक प्रकोप (काबु बाहिर स्थिति) को असर भने सदा रहिरहने छ।

**३) कानुनी कारबाही सम्बन्धि विवरण** :
यस त्रैमासिकमा कम्पनीले कसै विरूद्ध र कसैले संस्था विरूद्ध साथै संस्थापक र संचालक विरूद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन।

**४) कम्पनीको शेयर कारोबार सम्बन्धि विश्लेषणः**

**क) धितोपत्र बजारमा कम्पनीको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ। यस त्रैमासिक अवधिमा कम्पनीको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसारः**


| अधिकतम मूल्य रू | न्यूनतम मूल्य रू. | अन्तिम मूल्य रू. | कारोबार भएको कुल दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| ५६१.०० | ३८६.०० | ४४९.०० | ५७.०० | २१४३८.०० |

**ख) धितोपत्र बजारमा भएको संगठित कम्पनीको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणाः**
यस कम्पनीको साधारण शेयरको मूल्य शेयर बजारमा हुने खुल्ला कारोबारले निर्धारण गर्ने हुँदा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

**५) समस्या तथा चुनौती** :
कम्पनीले वहन गर्नु परेको समस्या तथा चुनौतीहरू बजारमा रहेको यस्तै प्रकृतिको अन्य संस्था सरह नै छन्। अन्य समस्या र चुनौती समाधानका उपायहरू बारेमा संचालक समितिले समय समयमा समिक्षा गरि आवश्यक रणनीति बनाई सो को निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ। साथै नदीमा प्रशस्त पानी भएता पनि नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) ले जडित क्षमता भन्दा कम विद्युत उत्पादन गर्न निर्देशन दिएकोले आयोजनाले १२ मे.वा. भन्दा कम विद्युत उत्पादन गर्न कम्पनी बाध्य भएको छ र यसरी भएको आर्थिक क्षति वापतको रकम मासिक बिलबाट दाबी गरी भुक्तानीका लागि कम्पनीले ने.वि.प्रा. मा सम्पूर्ण कागजातहरू पेश गरेता पनि सो को समेत भुक्तानी भएको छैन।

**६) संस्थागत सुशासन** :
संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनले कर्मचारीको वृत्ति विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ।

**७) सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण** :
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।



तस्वीर : रासस

**कालिकोटको तिलागुफा नगरपालिका-५ मा रहेको खल्ला गाउँमा हिउँदमा गाईवस्तुलाई खुवाउन जोहो गरी राखिएको घाँस।**

# अष्ट्रेलियामा नेपाल महोत्सव

काठमाडौं। आगामी मङ्सिर ८ गते अष्ट्रेलियाको सिड्नीमा नेपाल महोत्सव हुने भएको छ। प्रत्येक दुई वर्षमा आयोजना हुने महोत्सव डार्लिङ हार्बरस्थित टुम्बालोङ पार्कमा हुने भएको हो।

नेपाली कला संस्कृति रीतिरिवाज तथा नेपालको पर्यटकीयस्थलको प्रवर्द्धन गरी अष्ट्रेलियामा बस्ने नेपालीबीच सद्भाव एकता र भाइचारा बढाउन महोत्सव आयोजना गरिएको आयोजक समिति एनआरएनए एनएसडब्लु राज्य समितिका संयोजक विनोद कुँवरले जानकारी दिए। करीब ५० हजार दर्शकले अवलोकन गर्ने महोत्सवको तयारी ६ महीना अगाडिबाट गरिएको हो। नेपाली परम्परा, संस्कृति, वेशभूषा र खानालाई बाहिरी मुलुक र समाजसँग परिचित गराउने मुख्य अभियान रहेको उनको भनाइ छ।

यो महोत्सवले देश चिनाउने अवसरसँगै नेपाली समाजलाई एकसूत्रमा बाँध्ने कामका साथै बहुसांस्कृतिक समुदायलाई नेपाली समाजसँग चिरपरिचित गराउन मद्दत गर्ने संयोजक कुँवरले बताए।

कुँवरका अनुसार परामर्श, नेपाली खाना ढिँडो, गुन्द्रुक, मःमः सेलरोटीलगायत, नेपाली हस्तकलासम्बन्धी सामान प्रदर्शन गरिने छ।

यसपालि बागमती हस्तकलाले




महोत्सवस्थल तोमलोङ पार्कमा १४ वटा खाद्य स्टल र चाइनिज गार्डेनमा थप ३५ वटा स्टल रहने छन्। नेपाली समुदायका गतिविधि, व्यापारिक उत्पादन, शैक्षिक विशेष 'ह्याण्डीक्राफ्ट' प्रदर्शनी गर्ने उनको भनाइ छ। महोत्सवको लागत करीब दुई लाख ५० हजार डलर अनुमान गरिएको छ। *रासस*

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

**प्रकाशित मितिः २०८१/०७/२९**

यस बैंकको शाखा कार्यालय बनेपा, काभ्रेबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, व्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

**तपसिल**

**१. ऋणीहरुको नाम र ठेगाना**

१.श्री बिष्णु खड्का/श्रीमती दुर्गा खड्काकी बुहारी, श्री उत्तम बहादुर खड्का/श्रीमती मंगला खड्काकी छोरी, श्री बिदुर खड्काकी पत्नी, बागमती प्रदेश, काभ्रे जिल्ला उग्रतारा जनागाल गा.वि.स. वडा नं. ६ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ११ बस्ने श्रीमती **अनिता खड्का** (ना.प्र.नं. १५४०८८, जारी मिति बि.सं.२०६३/०६/२५, जि.प्र.का. काभ्रे)

२.श्री बाबुराम खड्का/श्रीमती कान्छी खड्काको नाती, श्री बिष्णु खड्का/श्रीमती दुर्गा खड्काको छोरा, श्रीमती अनिता खड्काको पति, बागमती प्रदेश, काभ्रे जिल्ला, उग्रतारा गा.वि.स. वडा नं. ६ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ११ बस्ने श्री **बिदुर खड्का** (ना.प्र.नं. ६८८०९, जारी मिति बि.स २०५३/१०/२७, जि.प्र.का. काभ्रे)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१.श्री बिष्णु खड्का/श्रीमती दुर्गा खड्काको नाती, श्री बिदुर खड्का/श्रीमती अनिता खड्काको छोरा, बागमती प्रदेश, काभ्रे जिल्ला, उग्रतारा जनागाल गा.वि.स. वडा नं. ६ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ११ बस्ने श्री **अनिस खड्का** (ना.प्र.नं. ३०-०१-७२-०९३३९, जारी मिति बि.स २०७२/१०/२५, जि.प्र.का. काभ्रे)

२.श्री बिष्णु खड्का/श्रीमती दुर्गा खड्काको नाती, श्री बिदुर खड्का/श्रीमती अनिता खड्काको छोरा, बागमती प्रदेश, काभ्रे जिल्ला, उग्रतारा जनागाल गा.वि.स. वडा नं. ६ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ११ बस्ने श्री **अमिश खड्का** (ना.प्र.नं. ३०-०१-७३-१३०८०, जारी मिति बि.स २०७३/१०/१२, जि.प्र.का. काभ्रे)

**२. ऋणीको नाम र ठेगाना**

श्री बाबुराम खड्का/श्रीमती कान्छी खड्काको नाती, श्री बिष्णु खड्का/श्रीमती दुर्गा खड्काको छोरा, श्रीमती अनिता खड्काको पति, बागमती प्रदेश, काभ्रे जिल्ला, उग्रतारा गा.वि.स. वडा नं. ६ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ११ बस्ने श्री **बिदुर खड्का** (ना.प्र.नं. ६८८०९, जारी मिति बि.स २०५३/१०/२७, जि.प्र.का. काभ्रे)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री बिष्णु खड्का/श्रीमती दुर्गा खड्काकी बुहारी, श्री उत्तम बहादुर खड्का/श्रीमती मंगला खड्काकी छोरी, श्री बिदुर खड्काकी पत्नी, बागमती प्रदेश, काभ्रे जिल्ला उग्रतारा जनागाल गा.वि.स. वडा नं. ६ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ११ बस्ने श्रीमती **अनिता खड्का** (ना.प्र.नं. १५४०८८, जारी मिति बि.स.२०६३/०६/२५, जि.प्र.का. काभ्रे)

२. श्री बिष्णु खड्का/श्रीमती दुर्गा खड्काको नाती, श्री बिदुर खड्का/श्रीमती अनिता खड्काको छोरा, बागमती प्रदेश, काभ्रे जिल्ला, उग्रतारा जनागाल गा.वि.स. वडा नं. ६ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ११ बस्ने श्री **अनिस खड्का** (ना.प्र.नं. ३०-०१-७२-०९३३९, जारी मिति बि.स २०७२/१०/२५, जि.प्र.का. काभ्रे)

३. श्री बिष्णु खड्का/श्रीमती दुर्गा खड्काको नाती, श्री बिदुर खड्का/श्रीमती अनिता खड्काको छोरा, बागमती प्रदेश, काभ्रे जिल्ला, उग्रतारा जनागाल गा.वि.स. वडा नं. ६ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ११ बस्ने श्री **अमिश खड्का** (ना.प्र.नं. ३०-०१-७३-१३०८०, जारी मिति बि.स २०७३/१०/१२, जि.प्र.का. काभ्रे)

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

# 'सरकार चुनौतीलाई अवसरमा बदल्न दृढ छ'

लुम्बिनी। उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले वर्तमान सरकार समाजका व्याप्त चुनौतीलाई अवसरमा बदल्न दृढ संकल्पित रहेको बताएका छन्। उनले लगानीमैत्री वातावरण बनाउन र मुलुकको आर्थिक विकासका लागि सरकार निजी क्षेत्रलाई साथमा लिएर अघि बढ्नेसमेत बताए।

रूपन्देही व्यापार संघको रजतजयन्ती मूल समारोहमा मन्त्री भण्डारीले वर्तमान सरकार संविधान संशोधनमार्फत नीतिगत रूपमै सुधारका लागि साझा मुद्दा बनाइएको बताए। उनले शासन प्रणाली, संरचनागत क्षेत्रमा रहेका कमजोरीलाई सुधारका लागि फरक आस्था र प्रमुख प्रतिस्पर्धी पार्टीबीच गठबन्धन बनेको बताए।

सरकारले निजी क्षेत्रमा लगानीमैत्री वातावरण निर्माणका लागि आवश्यक नीति परिवर्तन गर्ने प्रयासमा रहेको बताउँदै मन्त्री भण्डारीले उत्पादनका क्षेत्रमा लगानी गर्न निजी क्षेत्रलाई आह्वान गरे। उनले निराशाका विषय मात्रै ल्याएर सबै बिग्रियो भन्ने सन्देशले होइन निरासालाई चिरेर आशा र अपेक्षा जगाउनेगरी सकारात्मक सन्देश दिने काममा लाग्न जरूरी रहेको बताए।

मन्त्री भण्डारीले सरकारले लगानीको प्राथमिकता जोड दिएको तर लगानीका क्षेत्र र सम्भावना प्रशस्त हुँदाहुँदै पनि बैंकमा पुँजी थुप्रिएर रहेकामा चिन्ता व्यक्त गरे। उनले पूँजीलाई उत्पादनको क्षेत्रमा लगानी गर्न र स्वदेशी उत्पादनमा जोड दिए।

सरकारले सामान्य ऐन संशोधन गरेपछि भैरहवाको विशेष औद्योगिक क्षेत्र सेजमा उद्योगीको आकर्षण बढ्दै गएको बताउँदै मन्त्री भण्डारीले रुपन्देहीको मोतीपुर औद्योगिक क्षेत्रसहित सरकारले घोषणा गरेका औद्योगिक क्षेत्रको सञ्चालनको काम अघि बढ्ने विश्वास दिलाए।

**उनले लगानीमैत्री वातावरण बनाउन र मुलुकको आर्थिक विकासका लागि सरकार निजी क्षेत्रलाई साथमा लिएर अघि बढ्नेसमेत बताए।**

कार्यक्रममा लुम्बिनी प्रदेश सरकारका पूर्वमन्त्री भोजप्रसाद श्रेष्ठले प्रदेशको विकासमा निजी क्षेत्रको सहकार्य जरुरी रहेको बताए। उनले प्रदेश सरकार निजी क्षेत्रसँग सहकार्यसहित अघि बढ्नेसमेत बताए। *रासस*

# ताप्लेजुङको सिरिजंगा गाउँपालिका-३ मा निर्वाचनको तयारी

ताप्लेजुङ। ताप्लेजुङको सिरिजंगा गाउँपालिका-३ सिकैचामा वडाध्यक्षका लागि आउँदो मङ्सिर १६ गते उपनिर्वाचन हुँदैछ। वैदेशिक रोजगारीमा गएका वडाध्यक्ष दिलप्रसाद बोखिमले स्थानीयको दबाबपछि हङकङबाटै राजीनामा पत्र पठाएपछि यहाँ उपनिर्वाचन हुने भएको हो।

निर्वाचन कार्यालय ताप्लेजुङका निमित्त जिल्ला निर्वाचन अधिकारी बान्दवराज दुलालका अनुसार यहाँ हुने उपनिर्वाचनमा कुल मतदाताको संख्या एक हजार पाँच सय २८ रहेको छ, जसमा कुञ्जारी मतदानस्थलमा एक हजार २६ मतदाता छन्। कुञ्जारीमा पाँच सय ५७ पुरुष र चार सय ६९ महिला छन् भने ओसे मतदानस्थलमा दुई सय ८७ पुरुष र दुई सय १५ महिला गरी पाँच सय दुई मतदाता रहेका छन्। यस उपनिर्वाचनमा पुरुष मतदाताको संख्या आठ सय ४४ र महिला मतदाताको संख्या ६ सय ८४ रहेको निर्वाचन कार्यालय ताप्लेजुङले जनाएको छ।

एक हजारभन्दा बढी मतदाता भएका ठाउँमा थप मतदान केन्द्र राख्न सकिने प्रावधान भए पनि, कुञ्जारीमा एक हजार २६ मतदाता मात्र रहेका कारण दोस्रो केन्द्र थप गरिएको छैन। मतदाता संख्या कम हुँदा जनशक्ति थप्नुपर्ने आवश्यकता नरहेको निर्वाचन कार्यालय ताप्लेजुङले जनाएको छ।

विसं २०७९ को स्थानीय तह निर्वाचनमा पनि अहिलेजस्तै दुईओटा मतदानस्थल थिए। यसअघि कुञ्जारीमा नौ सय ९४ र ओसेमा पाँच सय २९ मतदाता थिए। अब हुने उपनिर्वाचनमा पाँच मतदाता मात्र थपिएका छन्। कुञ्जारीमा ३२ मतदाता बढ्दा ओसेमा २७ मतदाता घटेका छन्।

**वैदेशिक रोजगारीमा गएका वडाध्यक्ष दिलप्रसाद बोखिमले स्थानीयको दबाबपछि हङकङबाटै राजीनामा पत्र पठाएपछि यहाँ उपनिर्वाचन हुने भएको हो।**

विसं २०७९ को निर्वाचनमा ताप्लेजुङमा ८९ हजार ६ सय ८० मतदाता थिए। अद्यावधिक तथ्यांकअनुसार २०८१ कात्तिक १५ सम्म ताप्लेजुङमा ८९ हजार एक सय ८९ मतदाता रहेका छन्, जसमा ४७ हजार छ सय २७ पुरुष र ४१ हजार पाँच सय ६२ महिला छन्। मृत्यु, नाम सार्ने र दोहोरो नाम हटाएपछि अद्यावधिक गरी निर्वाचन कार्यालयले तथ्यांक सार्वजनिक गरेको हो। *रासस*



तस्वीर : रासस

पर्वतको मोदी गाउँपालिका २ देउपुरका धान काट्दै किसान। चाडवाड सकिएसँगै यतिबेला पर्वतका किसानलाई धान र कोदो थन्क्याउने चटारो छ।

# पर्वतमा पुष्पलाल स्मृति पुस्तकालय स्थापना

पर्वत । यहाँ पुष्पलाल स्मृति पुस्तकालय स्थापना गरिएको छ । सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै आम नागरिकमा हराउँदै गएको पठन संस्कृतिको विकास गर्ने उद्देश्यले पुस्तकालय स्थापना गरिएको हो ।

जिल्ला सदरमुकाम कुश्मामा रहेको पुरानो गुप्तेश्वर पुस्तकालय बन्द भइसकेको अवस्थामा नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले पहिलोपटक पुस्तकालय स्थापना गरेको हो। सदरमुकाम कुश्माबजारको मैत्रीचोकमा रहेको एमालेको आफ्नै कार्यालयमा पुस्तकालय स्थापना गरिएको जिल्ला अध्यक्ष गोविन्द पहाडीले जानकारी दिए ।

पुस्तकालयमा राजनीति, कानून, अर्थशास्त्र, इतिहास, धर्म संस्कृति, विज्ञान, कला, प्रकृति विचार, उपन्यास, सामान्य ज्ञान, विभिन्न अभिलेख तथा कृतिलगायत नेपाली साहित्यका सबै विधाका पुस्तक राखिने भएको छ । पुस्तकालय स्थापनासँगै अहिले विभिन्न विधाका पुस्तक संकलन गर्ने काम भइरहेको अध्यक्ष पहाडीले जानकारी दिए । यसलाई जिल्लाकै साझा पुस्तकालयका रूपमा विकास गरिने पहाडीको भनाइ छ ।

सामाजिक सञ्जाल र सतही सूचनाका आधारमा धारणा बनाउने अहिलेको अवस्थामा परिवर्तन गर्नका लागि नै पुस्तकालयको आवश्यकता ठानेर एमालेले आफ्नै स्रोतबाट स्थापना गरेको उनको भनाइ छ । 'यहाँ पार्टी कार्यकर्तादेखि जुनसुकै दलमा आस्था राख्ने हुन् वा अध्ययनमा रुचि राख्नेहरूका लागि चौबिसै घण्टा सेवा उपलब्ध गराइने छ,' अध्यक्ष पहाडीले भने ।

कुनै पनि क्षेत्रमा सफलता प्राप्त गर्न नसकिने भएकाले अध्ययनतर्फ नागरिकलाई प्रेरित गर्नका लागि पुस्तकालय स्थापना गरिएको एमालेका सचिव सुवासचन्द्र पौडेलले जानकारी दिए। पुस्तकालयमा पहिलो चरणमा १५ हजारभन्दा बढी पुस्तक राखिने भएको छ । कार्यालयको पुस्तकालयको क्षेत्रफल हेरेर विस्तार गर्दै लग्ने योजना रहेको पौडेलले बताए । एमालेले पुस्तकालयका लागि आवश्यक र पठनयोग्य सामग्री उपलब्ध गराउन आह्वानसमेत गरेको छ । पुस्तकालय स्थापनासँगै सदरमुकाम र आसपासमा लामो समयदेखि खड्किएको अभावसमेत पूरा हुने पौडेलले बताए ।

विशेषगरी अध्ययनमा रुचि राख्ने, आर्थिक अभावका कारण पुस्तक किनेर पढ्न नसक्नेहरूका लागि बढी फलदायी हुने अध्यक्ष पहाडीको अपेक्षा रहेको छ ।

**सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै आम नागरिकमा हराउँदै गएको पठन संस्कृतिको विकास गर्ने उद्देश्यले पुस्तकालय स्थापना गरिएको हो ।**

यसैबीच, पर्वत साहित्य संगमले आइतवार पाँच सय ५० विभिन्न विधाका पुस्तक पुस्तकालयलाई सहयोग गरेको छ । संस्थाका अध्यक्ष खेमराज शर्मा चापागाईं, संस्थापक अध्यक्ष इन्द्रकुमार विकल्प, पूर्वअध्यक्ष इन्द्रमान खत्री र पूर्व अध्यक्ष राजेन्द्र पहाडीले संयुक्त रूपमा पुस्तक हस्तान्तरण गरेका थिए । सवैभन्दा पुरानो फलेवासको मोती पुस्तकालय निरन्तर सञ्चालनमा रहेको छ । यो नेपालकै नमूना पुस्तकालयका रूपमा पुरस्कृत भइसकेको छ भने छिमेकी जिल्ला बागलुङमा पनि विद्यामन्दिर पुस्तकालय लामो समयदेखि सञ्चालनमा रहेको छ । अन्य पुस्तकालय भने बन्द भइसकेका छन् । *रासस*

# सेतो रगत बनाउने उपकरणको अभावमा बिरामी 'रिफर'

बागलुङ । धौलागिरि अस्पतालमा अहिले विशेषज्ञसहितको सेवा छ । जटिल प्रकारका रोगको समयमै अस्पतालमा उपचार भइरहेको छ । अस्पतालमा पछिल्लो समय जटिल प्रकारका शल्यक्रियासमेत भइरहेका छन् । उपचार र परीक्षणमा समेत नयाँ आधुनिक उपकरण भित्रिँदा बिरामीलाई सहज भएको छ । अस्पतालमा सेतो रगतको आवश्यक पर्ने बिरामीलाई भने उपचारमा समस्या भएको छ ।

रक्त सञ्चार केन्द्रमा सेतो रगत (प्लेटलेट्स) नपाइँदा अस्पतालले जटिल प्रकारको समस्या देखिएर सेतो रगत चाहिने बिरामीलाई पोखरा पठाउनुपर्ने बाध्यता छ । गण्डकी प्रदेश सरकारको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले बागलुङ स्थित रक्तसञ्चार केन्द्रलाई दिएको रातो र सेतो रगत छुट्याउने उपकरण (कम्पानेन्ट सेन्ट्रिफ्युज) प्रयोगमा आउन सकेको छैन ।

थप उपकरण र प्राविधिक जनशक्ति अभावमा उक्त उपकरण एक वर्षदेखि थन्किएको हो । विशेषगरी पछिल्लो समय डेंगीको सङ्क्रमण भई सेतो रगतको मात्रा घटेका बिरामीलाई सेतो रगत आवश्यक पर्दछ । यसो त डेंगीमा मात्र होइन, सर्पले टोक्दा, शल्यक्रिया गर्दा, अत्यधिक रक्तस्राव भएका बिरामीलाई समेत सेतो रगत आवश्यक पर्दछ । रक्त सञ्चार केन्द्र बागलुङमा सेतो रगत निर्माण गर्ने उपकरण अभावले समस्या छ ।

अस्पतालले डेंगी, कोभिड, क्यान्सर र सर्पले टोकेका, सेतो रगत कम उत्पादन हुने बिरामी, शल्यक्रिया गर्दा अत्याधिक रक्तस्राव भएका बिरामीलाई सेवा दिनका लागि सेतो रगत नभएको धौलागिरि अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. किरण तिवारीले बताए । उनले सेतो रगतकै कारण उपचार सम्भव हुने बिरामीलाई समेत पोखरा, काठमाडौँ पठाउनुपर्ने बाध्यता रहेको बताउँदै रक्त सञ्चार र धौलागिरि अस्पतालले सेतो रगत उत्पादन गर्ने व्यवस्थाका लागि प्रक्रिया थालेको जानकारी दिए ।

सेतो रगतको अभाव हुँदा समस्या भएपछि अस्पतालले र रेडक्रसको रक्त सञ्चार केन्द्रको समन्वयमा समस्याको समाधानका लागि मिलेर काम गरिरहेको तिवारीको भनाइ छ । 'डेंगीका बिरामीमा सेतो रगतको अभाव देखिन्छ, बिरामीको अवस्था हेरेर र ३० हजारभन्दा तल प्लेटलेट्स भएमा सेतो रगतको आवश्यकता हुन्छ, डेंगी लागेका सबै बिरामीलाई रगतै आवश्यकता पर्छ भन्ने छैन, जटिल अवस्थाका बिरामीलाई रगत आवश्यकता भएमा हामीले पोखरा पठाउँछौं,' तिवारीले भने ।

यसरी बिरामीहरू जिल्लाबाहिर उपचार गर्न जानुपर्दा अनावश्यक खर्चसमेत हुने गरेको छ । स्वास्थ्य उपचारमा अत्यावश्यक रहेको सेतो रगत निर्माण गर्ने रू. २२ लाखको उपकरण तीन वर्षदेखि रेडक्रसको रक्त सञ्चार केन्द्रमा थन्किएको छ। रक्त सञ्चार केन्द्रमा उपकरण थप, पूर्वाधार निर्माण गरी सेतो रगतको व्यवस्था मिलाउन पहल भइरहेको नेपाल रेडक्रस सोसाइटी बागलुङका सभापति जगन्नाथ आचार्यले जानकारी दिए ।

**उपचार र परीक्षणमा समेत नयाँ आधुनिक उपकरण भित्रिँदा बिरामीलाई सहज भएको छ । अस्पतालमा सेतो रगतको आवश्यक पर्ने बिरामीलाई भने उपचारमा समस्या भएको छ ।**

उनले सेतो रगतका लागि अहिलेको २२ लाखको उपकरणमा थप उपकरण ल्याउन ७२ लाख आवश्यक पर्ने बताए । तत्कालै सेवा सञ्चालनका लागि रू. ३२ लाख रकम चाहिने बताउँदै स्थानीय पालिकाले सहयोग गर्ने आश्वासन दिएको अचार्यको भनाइ छ ।

गण्डकी प्रदेश सरकारले सेतो रगत निर्माणका लागि रू. १५ लाख, जैमिनी नगरपालिकाले रू. तीन लाख र गलकोट नगरपालिकाले रू. दुई लाख बजेट विनियोजन गरेको उनले जानकारी दिए ।

'रू. २२ लाखको उपकरण भित्रिएको तीन वर्ष भयो, अन्य सहायक उपकरण र पूर्वाधार नभइ सेतो रगत निर्माण गर्न सकिएको छैन, यो वर्ष अन्य पालिकाले समेत रकम दिएमा सेतो रगत उत्पादन थाल्छौं,' आचार्यले भने, 'शल्यक्रिया गर्दा, सर्पले टोक्दा, कोभिड र डेङ्गीजस्ता रोगमा सेतो रगत अत्यावश्यक रहेछ, सेतो रगत बनाउन थालेपछि धौलागिरि अस्पतालमै जटिल प्रकारका बिरामीको उपचार हुने र बिरामीको आर्थिक भार कम हुन्छ ।' दान गरेको रगतबाटै सेतो रगत बनाउन सकिने रातो रगत, प्लेटलेट्स र प्लाज्मा छुट्याउनलाई कम्पोटेन्ट मेसिन आवश्यकता पर्दछ । *रासस*

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

को

शाखा कार्यालय: धरान, सुनसरी
फोन नं.: ०२५-५३३०४८/४९

## गैर बैंकिङ्ग सम्पत्ति बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरेको सूचना

**(प्रकाशित मिति २०८१/०५/२९ गते)**

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्तिहरु (घर/जग्गा) जहाँ, जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट आफूले के कति मुल्य तिरी लिने हो सो मुल्य खोली यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय धरान, सुनसरीमा उपलब्ध बोलपत्र फारम भरी शिलबन्दी बोलपत्र सम्बन्धित शाखा कार्यालयमा पेश गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिएको छ ।

**तपसिल**

**गैर-बैंकिङ्ग सम्पतिको विवरण**

**शाखा कार्यालय : धरान, सुनसरी**

१. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ९ (सिट नं. ९/घ) स्थित कित्ता नं. ७२०, ७२२, ७२३ र ५६ को क्रमश: क्षेत्रफल ०-५-१३-०, ०-५-१३-०, ०-५-१३.५-० र ०-५-०-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गा ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ३ (सिट नं. ३/क) स्थित कित्ता नं. ४२२ को क्षेत्रफल ०-१०-०-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

३. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, बयरवन गा.वि.स./न.पा. वडा नं. ९ (सिट नं. ९/अ) स्थित कित्ता नं. ११९०, ११८८ र ११८९ को क्रमश: क्षेत्रफल ०-३-९-१, ०-१-१७-३ र ०-१-१७-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गा ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**गैर बैंकिङ्ग सम्पत्ति बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम मिति २०८१/०७/२९ गते बिहिबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय धरान, सुनसरीबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै गैर बैंकिङ्ग सम्पत्तिको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/०८/१३ गते बिहिबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय धरान, सुनसरीमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८१/०८/१४ गते शुक्रबार दिउँसो १:०० बजे यस बैंकको शाखा कार्यालय धरान, सुनसरीमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी गैर बैंकिङ्ग सम्पत्ति आफ्नो नाममा नामसारी गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय धरान, सुनसरीबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. गैर बैंकिङ्ग सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय धरान, सुनसरीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)**

## आ.व. २०८१/०८२ को प्रथम त्रैमासिक प्रतिवेदन

### राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड

ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर-११, काठमाडौं ।
फोन: ०१-५३३२७४८

**१) वित्तीय विवरण :**

क) आ.व.२०८१/०८२ को प्रथम त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तीय अवस्थाको विवरण तथा आय विवरण ।

**वित्तीय अवस्थाको विवरण**

(रकम रु. मा)

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | असोज मसान्त २०८१ सम्ममा | अषाढ मसान्त २०८१ सम्ममा | असोज मसान्त २०८० सम्ममा |
| **सम्पत्ति** | | | |
| **गैह्र चालु सम्पत्ति** | | | |
| स्थिर सम्पत्ति | १,७१५,०९८,२४१.५६ | १,७१०,२०९,५४७.६८ | १,५१४,९८०,४४०.२५ |
| लगानी | ५४,३४१.०० | ५४,३४१.०० | ३४,१४१.०० |
| **जम्मा गैह्र चालु सम्पत्ति** | **१,७१५,१५२,५८२.५६** | **१,७१०,२६३,८८८.६८** | **१,५१५,०१४,५८१.२५** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | ३,७८५,८६८.७८ | ६,००६,२४४.२५ | १९,९४०,५३६.५४ |
| आसामीहरु | ५८,७६९,६०५.८४ | २०,९९५,९५८.६० | १९,७८२,६४९.७४ |
| अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी | ३५,९२०,८४६.५० | ५६,६१४,२००.६५ | ३०१,३४५,८९८.१२ |
| **जम्मा चालु सम्पत्ति** | **९८,४७६,३२१.१२** | **८३,६१६,४०३.५०** | **३४१,०६९,०८४.४०** |
| **जम्मा सम्पत्ति** | **१,८१३,६२८,९०३.६८** | **१,७९३,८८०,२९२.१८** | **१,८५६,०८३,६६५.६५** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी तथा जगेडा कोष** | | | |
| शेयर पूँजी | ६१२,७९३,८००.०० | ६१२,७९३,८००.०० | ६१२,७९३,८००.०० |
| जगेडा कोष र संचित नाफा | (३३,००१,६८८.२०) | (४३,६४५,३३२.०६) | (२,४४६,७१०.५८) |
| **जम्मा पूँजी तथा जगेडा कोष** | **५७९,७९२,१११.८०** | **५६९,१४८,४६७.९४** | **६१०,३४७,०८९.४२** |
| **दायित्व** | | | |
| **गैह्र चालु दायित्व** | | | |
| दीर्घकालीन बैंक ऋण | ९८०,५७६,१५७.४८ | ९८३,९३३,८६६.२५ | ९७८,१५१,५०८.५२ |
| **जम्मा गैह्र चालु दायित्व** | **९८०,५७६,१५७.४८** | **९८३,९३३,८६६.२५** | **९७८,१५१,५०८.५२** |
| **चालु दायित्व र व्यवस्था** | | | |
| व्यापारिक र अन्य दायित्व | २३०,४४५,५११.६७ | २२०,४७४,३५३.६५ | २६०,७१३,९०४.५७ |
| अल्पकालीन बैंक ऋण | २०,०००,३३०.९४ | २०,०००,३३०.९४ | ६,३६५,५६०.६८ |
| अन्य व्यवस्थाहरु | २,८१४,७९१.७९ | ३२३,२७३.३९ | ५०५,६०२.४५ |
| **जम्मा चालु दायित्व तथा व्यवस्थाहरु** | **२५३,२६०,६३४.४०** | **२४०,७९७,९५७.९८** | **२६७,५८५,०६७.७१** |
| **जम्मा पूँजी तथा दायित्व** | **१,८१३,६२८,९०३.६८** | **१,७९३,८८०,२९२.१८** | **१,८५६,०८३,६६५.६५** |

**आय विवरण**

(रकम रु. मा)

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | असोज मसान्त २०८१ सम्ममा | अषाढ मसान्त २०८१ सम्ममा | असोज मसान्त २०८० सम्ममा |
| **कुल आम्दानी** | ३२,७९२,६५२.७१ | १०७,८२३,०८७.१३ | १९,९६९,८४०.१९ |
| विद्युत उत्पादन खर्च | (४,०८२,५४४.५५) | (३५,३०३,१३०.०५) | **(५,६४१,०७६.५७)** |
| प्रशासनिक खर्च | (६५८,२८९.४३) | (३,१०५,७९१.९३) | (१,०६९,९२४.४६) |
| ह्रास खर्च | (४,१५१,३०६.१२) | (१६,५४३,७२३.२६) | (४,६३९,२५५.२९) |
| वित्तिय लागत | (२५,१०६,५३१.७९) | (११७,८०९,०४८.८४) | (२७,९९९,९१७.२८) |
| **खुद नाफा/(नोक्सान)** | **(१,२०६,०१९.१७)** | **(६४,९३८,६०६.९५)** | **(१९,३८०,३३३.४१)** |

*नोट:*
माथि उल्लेखित अंकहरु आवश्यकता अनुसार पुन:वर्गीकरण गर्न सकिने छ ।
लेखा परीक्षण नभएका अंकहरु लेखापरीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्नेछ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु सम्बन्धि विवरण निम्नाअनुसार छन्:**

| अवधी | प्रतिशेयर आम्दानी रु. (वार्षिकिकरण) | प्रतिशेयर नेटवर्थ रु. | तरलता अनुपात | प्रतिशेयर कुल सम्पत्तिको मूल्य रु. | मूल्य आम्दानी अनुपात |
|---|---|---|---|---|---|
| यस त्रैमासिक अन्त्य सम्ममा | (०.७९) | ९४.६१ | ०.३९ | २९५.९६ | (५२०.८२) |

**२) व्यवसायिक विश्लेषण :**

क) **त्रैमासिक अवधिमा कम्पनीको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धि विवरण:**
यस कम्पनीको रुकुम (पूर्व) जिल्लाको भुमे र सिस्ने गाउँपालिकामा ५ मेगावाट क्षमताको रुकुम गाढ जलविद्युत आयोजना सञ्चालनमा रहेको छ । उक्त आयोजनाबाट हाल २०८१ असोज मसान्त सम्मको बिल रकम सहित रु ५,१३,२८,८५७.७६ (अक्षरमा: पाँच करोड तेह्र लाख अठाईस हजार आठ सय सन्ताउन्न रुपैंया छयाहत्तर पैसा मात्र) आसामी बापतको रकम नेपाल विद्युत प्राधिकरणको नाममा रहेको छ । कम्पनीले उक्त रकम विद्युत खरिद बिक्री सम्झौता अनुसार बिलिङ्ग गरेको छ र उक्त रकम नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा) र कम्पनी बीच हिसाब मिलान हुन बाँकी रहेकोले सो रकम घटबढ हुन सक्ने छ ।
गत वर्षमा बाढीको कारणले रुकुम गाढ जलविद्युत आयोजनामा भएको क्षतिको दाबी इन्सयोरेन्स कम्पनीसँग गरिएको छ र उक्त दाबी settlement को चरणमा रहेको छ र हाल आयोजना पूर्ण रुपमा सञ्चालनमा रहेको जानकारी गराउँदछु ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
यस कम्पनीले रुकुम गाढ जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरि विद्युतको व्यापारीक उत्पादन शुरु गरीसकेता पनि समय समयमा गरि रहने मर्मत सम्भारका कर्ममा दीर्घकालिन सम्पतिमा भएको लगानीलाई स्थिर सम्पतिमा समावेश गर्ने निति रहेको छ ।
कम्पनीले दीर्घकालीन ऋण चुक्ता गर्न १:१ हकप्रद शेयर आ.व. २०७९/०८० को वार्षिक साधारण सभाबाट पारित भइ विद्युत नियमन आयोगको अनुमति पछि धितोपत्र बोर्डमा निवेदन पेश गरी सकिएको छ ।

ग) **विगतको अनुभवबाट संगठित कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:**
यस कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पार्ने खालको घटना र अवस्था हाल सम्म देखिएको छैन । तर, मानवीय नियन्त्रण भन्दा बाहिरको दैविक प्रकोप (काबु बाहिर स्थिति) को असर भने सदा रहिरहने छ ।

**३) कानुनी कारबाही सम्बन्धी विवरण :**
यस त्रैमासिकमा कम्पनीले कसै विरूद्ध र कसैले संस्था विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

**४) कम्पनीको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

क) **धितोपत्र बजारमा कम्पनीको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा कम्पनीको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार:**

| अधिकतम मूल्य रु. | न्यूनतम मूल्य रू. | अन्तिम मूल्य रू. | कारोबार भएको कुल दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| ४९२.६० | ३४६.१० | ४१०.०० | ५७.०० | २३,३२८.०० |

ख) **धितोपत्र बजारमा भएको संगठित कम्पनीको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:**
यस कम्पनीको साधारण शेयरको मूल्य शेयर बजारमा हुने खुल्ला कारोबारले निर्धारण गर्ने हुँदा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

**५) समस्या तथा चुनौती :**
नेपाल विद्युत प्राधिकरण अन्तर्गतको रुकुम पश्चिम-सल्यान-दाङ्गको विभिन्न खण्डको ३३ के.भी.प्रसारण लाइनमा बारम्बार आइराख्ने समस्याका कारण प्रत्यक्ष असर विद्युत उत्पादनमा परेको छ। साथै कम्पनीले वहन गर्नु परेको समस्या तथा चुनौतीहरु बजारमा रहेको यस्तै प्रकृतिको अन्य संस्था सरह नै छन् । अन्य समस्या र चुनौती समाधानका उपायहरु बारेमा संचालक समितिले समय समयमा समिक्षा गरि आवश्यक रणनीति बनाई सो को निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ ।

**६) संस्थागत सुशासन :**
संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनले कर्मचारीको वृत्ति विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

**७) सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण :**
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सू-सुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।




*तस्वीर : रासस*

**प्रधानमन्त्री केपी शर्मा ओली बुधवार जुम्लाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको नवनिर्मित शैक्षिक भवन उद्घाटन गर्दै । उक्त प्रतिष्ठानको दीक्षान्त समारोहमा सहभागी हुन बुधवार प्रम ओली जुम्ला जानुभएको थियो ।**

# आलुको बीउ कुहिंदा १ करोड बराबरको क्षति

नेपालगञ्ज । यहाँको डुडुवा गाउँपालिका-६ मा बेमौसमी वर्षाका कारण भर्खरै रोपिएको आलुको बीउ खेतमै कुहिन थालेको छ । गत कात्तिक १९ गते परेको बेमौसमी वर्षात्का कारण किसानले ३ सय हेक्टरभन्दा बढी क्षेत्रफलमा लगाएको आलुको बीउ कुहिएपछि किसान मर्कामा परेका हुन् । बीउ कुहिँदा करीब रू. १ करोड लगानी खेर गएको किसानले बताएका छन् ।

डुडुवा-६ हिरमिनियाका किसान ओलीराम मुराउले १५ कट्ठा जमीनमा लगाएको आलुको बीउ वर्षाका कारण कुहिँदा १ लाखभन्दा बढी घाटा बेहोरेको बताए । 'तिहारको भोलिपल्ट परेको पानी खेतभरि जम्यो, पानी जमेपछि बीउ उम्रिएन, सबै कुहियो,' उनले भन्ने ।

उनले एउटा पनि नटुसाएको र खनेर हेर्दा बीउ सबै कुहिएको देखिएकाले अब हिउँदभर जमीन बाँझो हुने बताए । आलुसँगै आलुको बीउसमेत उत्पादन गर्दै आएका



**गत कात्तिक १९ गते परेको बेमौसमी वर्षात्का कारण किसानले ३ सय हेक्टरभन्दा बढी क्षेत्रफलमा लगाएको आलुको बीउ कुहिएपछि किसान मर्कामा परेका हुन् । बीउ कुहिँदा करीब रू. १ करोड लगानी खेर गएको किसानले बताएका छन् ।**

अर्का किसान वंशीलाल मौर्यले वर्षाले ठूलो क्षति बेहोर्नुपरेको बताए । 'मैले करीब ४० देखि ४५ बिगाहा क्षेत्रफल जग्गामा आलु लगाउँदै आएको थिएँ, आलुको बीउ मात्र उत्पादन गर्न २ बिगाहा ५ कट्ठा जमीनमा बीउ रोपेको थिएँ, खेतमा पानी जमेपछि सबै नष्ट भयो,' उनले भने ।

डुडुवा-६ का वडाध्यक्ष मोहनराम मिश्रले वडाभित्रका ७० प्रतिशत किसानको आलुखेती नष्ट हुँदा करीब रू. १ करोड बराबरको आर्थिक क्षति पुगेको बताए । वडाका भङ्गोटना, चौधरीपूर्वा, उधुमगञ्ज, कालाबन्जार, मुन्सी पूर्वा, बल्दी पूर्वा, अहिरापुर, अट्वारीपूर्वा, हिरमिनिया लगायतका गाउँमा वर्षाले ठूलो क्षति पुगेको उनले बताए । कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख तथा वरिष्ठ कृषि अधिकृत विनोद घिमिरेले पानीका कारण अन्य स्थानमा भन्दा डुडुवाका किसान बढी प्रभावित भएको जानकारी दिए । *रासस*

# पत्रकार भुलको हत्यामा संलग्नलाई कानूनी दायरामा ल्याउनुपर्ने माग

काठमाडौं । नेपाल पत्रकार महासंघले पत्रकार सुरेश भुलको हत्यामा संलग्नलाई यथाशीघ्र कानूनी कारबाहीको दायरामा ल्याउन माग गरेको छ । महासचिव रोशन पुरीले बुधवार विज्ञप्ति जारी गरी भुलको कुटपिटबाट निधन भएको घटनाप्रति भर्त्सनासमेत गरेका छन् ।

राष्ट्रिय दलित पत्रकार संघ, कैलालीका सहसचिवसमेत रहेका कैलालीको गौरीगङ्गा नगरपालिका-११ कान्तिपुर टोल बस्ने भुललाई यही कात्तिक २५ गते साँझ ५ बजेतिर सामान्य विवादमा सोही ठाउँको एक समूहले निर्मम कुटपिट गरेको जानकारीमा आएको महासंघले बताएको छ ।

कुटपिटबाट गम्भीर घाइते सुरेशको धनगढीस्थित निसर्ग अस्पतालमा उपचारको क्रममा २६ गते बिहान मृत्यु भएको थियो । महासंघले पत्रकार भुलप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदनासमेत प्रकट गरेको छ ।

'घटनाको अनुसन्धानका लागि महासंघले केन्द्रीय सचिव हेमकर्ण विकको संयोजकत्वमा मिशन टोली खटाएको छ, मिशन टोलीले बुधवारैदेखि कार्य थालेको छ । टोलीले १५ दिनभित्र घटनाको सत्यतथ्यसहितको प्रतिवेदन पेश गर्नेछ,' विज्ञप्तिमा भनिएको छ । *रासस*

## ऋण चुक्ता गर्न आउने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

यस सहकारी संस्थाको तपसिलमा उल्लेखित ऋणीहरुको विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयाबधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस सहकारी संस्थामा सम्पर्क राखी तपाई ऋणिले लिएको ऋणकर्जाको सम्पुर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र सहकारी संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पुर्ण रकम (साँवा, ब्याज, हर्जाना आदि) नबुझएमा प्रचलित कानुन तथा ऋणी र यस सहकारी संस्था बिच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सुचिमा समावेश गरिने तथा धितोमा रहेको तपशिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरि यस सहकारी संस्थाको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुन बमोजिम अन्य कानुनी कारबाहिहरुको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, ब्यक्तिगत जमानकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्धारा जानकारी गराउँदछौं ।

**तपसिल**

| क्र.स. | ऋणीको तिनपुस्ते बिवरण | जमानीकर्ता को तिनपुस्ते बिवरण | धितो सुरक्षणको बिवरण |
|---|---|---|---|
| १. | **ऋणी :-रामजी हुमेगांई**<br>न.प्र.न:-२२६४/६९०८<br>जारी मिति :- २०४५/०२/०८<br>स्थान :- शंखुपाटीचौर<br>ग.वि.स वडा नं. ४<br>बुवा :- दिल बहादुर हुमेगांई<br>बाजे :- मिन बहादुर हुमेगांई | **जमानी :- नवराज हुमागाई**<br>न.प्र.नं :- ५७७५४/१३२९<br>जारी मिति :-२०५२/०५/१२<br>स्थान :-शंखुपाटीचौर<br>ग.वि.स वडा नं. ४<br>बुवा :-रामजी हुमेगाई<br>बाजे :- दिल बहादुर हुमेगांई | **साविक** काभ्रेपलान्चोक.जि. शारदाबतासे गा.वि.स.वडा नं. ६ हाल काभ्रे पलाञ्चोक जिल्ला मालपोत कार्यालय धुलिखेल लगतमा दर्ता श्रेष्ता कायम रहेको पनौति नगरपालिका वडा नं. १० कि.नं. २२६,२२७ क्षे.फ. क्रमश ३-१३-२-२, ४-८-०-० जग्गा |

**साक्षी–१) निर्मला हुमागाईं २) सिता हुमागाईं**

**सिञ्चित बचत तथा ऋण सहकारी संस्था लि.**
**सातदोबाटो -१५, ललितपुर फोन नं. ०१- ५४५४१५४**

# उद्योग संगठन मोरङलाई उत्कृष्ट चेम्बरको अवार्ड




विराटनगर (अस) । उद्योग संगठन मोरङ एशिया प्रशान्त क्षेत्रका २७ भन्दा बढी देशका ८१ ओटा स्थानीय औद्योगिक र व्यापारिक चेम्बरलाई पछि पार्दै क्यासी अवार्ड लोकल चेम्बर, बिग क्याटोगरीको उत्कृष्ट चेम्बरको अवार्ड र २ हजार डलर प्राप्त गर्न सफल भएको छ ।

कन्फेडेरेशन अफ एशिया प्यासिफिक चेम्बर अफ कमर्स एण्ड इण्डष्ट्रिज र सिंगापुर म्यानुफ्याक्चरिङ एशोसिएशनको संयुक्त आयोजनामा कात्तिक २६ र २७ गते सिंगापुरमा भएको इकोनोमिक फोरम तथा ३८औं क्यासी कन्फेरेन्सको समापन समारोहमा संगठनका अध्यक्ष राकेश सुरानालाई उक्त अवार्ड प्रदान गरिएको छ ।

**कन्फेडेरेशन अफ एशिया प्यासिफिक चेम्बर अफ कमर्स एण्ड इण्डष्ट्रिज र सिंगापुर म्यानुफ्याक्चरिङ एशोसिएशनको संयुक्त आयोजनामा कात्तिक २६ र २७ गते सिंगापुरमा भएको इकोनोमिक फोरम तथा ३८औं क्यासी कन्फेरेन्सको समापन समारोहमा संगठनका अध्यक्ष राकेश सुरानालाई उक्त अवार्ड प्रदान गरिएको छ ।**

क्यासीले चेम्बरहरूले स्थानीय आर्थिक विकासका लागि निर्वाह गरेको भूमिका, नीति निर्माणका क्षेत्रमा गरेको बहस/पैरवी, स्थानीय औद्योगिक गतिविधिमा पुऱ्याएको टेवाका साथै समग्र आर्थिक एवं औद्योगिक विकासमा पुऱ्याएको योगदानका आधारमा सो अवार्ड प्रदान गरेको हो ।

अवार्डका लागि क्यासीका सदस्य रहेका २७ मुलुकका ८१ ओटा व्यावसायिक संगठनहरू प्रतिस्पर्धामा सहभागी भएका थिए, जसमा गतिविधि, दस्तावेज, औद्योगिक उत्थानका लागि गरेको कार्यक्रमका आधारमा उद्योग संगठन मोरङ उत्कृष्ट हुन सफल भएको हो ।

संगठनले अन्तरराष्ट्रिय अवार्ड जित्न सफल भएकोमा खुशी व्यक्त गर्दै संगठनका अध्यक्ष सुरानाले यसलाई कार्यसमिति, सदस्य उद्योग प्रतिष्ठान, नेपाल उद्योग वाणिज्य महासंघका साथै संगठनका शुभेच्छुकको सामूहिक प्रयासको प्रतिफलको रूपमा रहेको बताए । उनले प्रदेश सरकारको आयोजना तथा संगठनको सहसंयोजनमा २०८१ माघ ११ देखि १३ गते सम्म विराटनगरमा हुने कोशी प्रदेश लगानी सम्मेलन तथा विराट एक्स्पो २०२५ मा सहभागिताका लागि क्यासी कन्फेरेन्समा उपस्थित विभिन्न देशका व्यवसायीलाई आमन्त्रण गरेका छन् ।

अध्यक्ष सुरानाको नेतृत्वमा संगठनको प्रतिनिधिमण्डल कात्तिक २४ गते सिंगापुर गएको थियो । प्रतिनिधिमण्डलमा संगठनका निवर्तमान अध्यक्ष सुयश प्याकुरेल, वरिष्ठ उपाध्यक्ष नन्दकिशोर राठी, उपाध्यक्षहरू राजकुमार गोल्छा, भोलेश्वर दुलाल, कार्यसमिति सदस्य सुरेन्द्र गोल्छा, पारस लुनिया, जयेन्द्र शर्मा, सिद्धार्थ काबरा, सिर्जन प्याकुरेल, वीरेन्द्र राठी, सन्तोषकुमार भगत र महानिर्देशक चूडामणि भट्टराई सहभागी छन् ।

MetLife

**American Life Insurance Company**
**Narayani Complex, Pulchowk, Lalitpur, Nepal**
**Tel :-+977-1-5555166, Fax: +977-1-5555173**
**www.metlife.com.np /service-nepal@metlife.com.np**

## Quarterly Financial Results for First Quarter, F.Y. 2081/82 B.S. (2024-25)

### Condensed Statement of Financial Position
### As on Quarter Ended Ashwin 30, 2081 (16 Oct 2024)

Fig in NPR.

| Particulars | Unaudited<br>At the end of this Quarter | Unaudited<br>At the end of Immediate Previous Year |
|---|---|---|
| **Assets:** | | |
| Goodwill & Intangible Assets | 10,297,299 | 8,388,052 |
| Property and Equipment | 202,685,068 | 217,225,726 |
| Investment Properties | - | - |
| Deferred Tax Assets | 61,240,128 | 65,671,344 |
| Investment in Subsidiaries | - | - |
| Investment in Associates | - | - |
| Investments | 29,502,574,020 | 28,655,002,682 |
| Loans | 1,774,075,487 | 1,748,830,951 |
| Reinsurance Assets | 9,880,732 | 8,629,092 |
| Current Tax Assets | - | 45,688,915 |
| Insurance Receivables | 115,075,931 | 71,264,639 |
| Other Assets | 168,658,072 | 164,493,518 |
| Other Financial Assets | 107,227,191 | 132,671,040 |
| Cash and Cash Equivalent | 659,816,900 | 446,993,105 |
| **Total Assets** | **32,611,530,828** | **31,564,859,064** |
| **Equity:** | | |
| Share Capital | - | - |
| Share Application Money Pending Allotment | - | - |
| Share Premium | - | - |
| Catastrophe Reserves | 504,967,209 | 494,872,173 |
| Retained Earnings | 2,405,036,276 | 2,335,380,527 |
| Other Equity | 1,030,927,786 | 1,019,485,984 |
| **Total Equity** | **3,940,931,271** | **3,849,738,684** |
| **Liabilities:** | | |
| Provisions | 210,802,676 | 210,943,253 |
| Gross Insurance Contract Liabilities | 27,806,013,053 | 26,921,136,058 |
| Deferred Tax Liabilities | - | - |
| Insurance Payable | 154,709,438 | 91,362,415 |
| Current Tax Liabilities | 22,875,605 | - |
| Borrowings | - | - |
| Other Liabilities | 341,501,900 | 356,017,790 |
| Other Financial Liabilities | 134,696,885 | 135,660,864 |
| **Total Liabilities** | **28,670,599,557** | **27,715,120,380** |
| **Total Equity and Liabilities** | **32,611,530,828** | **31,564,859,064** |

### Other Indicators

| Particulars | Current Year<br>Upto this Quarter (YTD) | Previous Year<br>Upto this Quarter (YTD) |
|---|---|---|
| 1. Total inforce policy count | 744,348 | 990,093 |
| 2. Total number of policies issued during the period | 125,255 | 117,177 |
| 3. First Year Premium (including Single Premium) | 322,478,329 | 303,537,940 |
| 4. Single Premium | 114,502,206 | 105,825,186 |
| 5. Renewal Premium | 1,119,668,417 | 1,063,171,163 |
| 6. Total Benefits and Claims Paid in count | 5249 | 4805 |
| 7. Outstanding Benefits and Claims in count | 7124 | 5349 |
| 8. Gross Claim outstanding (Amount) | 663,065,083 | 545,840,520 |
| 9. Declared Bonus rate (FY 2079-80) | 45/55/65, 60/70/80, 60/70/80 | 45/55/65, 60/70/80, 60/70/80 |
| 10. Interim bonus rate | 45/55/65, 60/70/80, 60/70/80 | 45/55/65,60/70/80, 60/70/80 |
| 11. Long Term Investments (Amount) | 24,141,941,241 | 23,468,230,130 |
| 12. Short Term Investments (Amount) | 5,360,632,779 | 3,011,095,623 |
| 13. Policyholders Loan | 1,773,143,876 | 1,629,192,846 |
| 14. Investment in cost value | 29,502,574,020 | 26,479,325,753 |
| 15. Life Insurance Fund (Amount) | 26,660,787,884 | 23,952,779,514 |
| 16. Unearned Premium reserve for term policies (Amount) | 482,160,086 | 427,115,636 |
| 17. Solvency Margin Ratio | 4.16 | 4.16 |

### Condensed Statement of Profit or Loss
### For the Quarter Ended Ashwin 30, 2081 (16 Oct 2024)

Fig in NPR.

| Particulars | Unaudited<br>Current Year<br>This Quarter | Unaudited<br>Current Year<br>Upto this Quarter (YTD) | Unaudited<br>Corresponding Previous Year<br>This Quarter | Unaudited<br>Corresponding Previous Year<br>Upto this Quarter (YTD) |
|---|---|---|---|---|
| **Income:** | | | | |
| Gross Earned Premiums | 1,442,146,746 | 1,442,146,746 | 1,366,709,103 | 1,366,709,103 |
| Premiums Ceded | (65,278,288) | (65,278,288) | (50,301,237) | (50,301,237) |
| **Net Earned Premiums** | **1,376,868,458** | **1,376,868,458** | **1,316,407,866** | **1,316,407,866** |
| Commission Income | 35,205,837 | 35,205,837 | 26,155,820 | 26,155,820 |
| Other Direct Income | 811,108 | 811,108 | 777,578 | 777,578 |
| Interest Income on Loan to Policyholders | 56,168,677 | 56,168,677 | 51,062,725 | 51,062,725 |
| Income from Investments and Loans | 622,305,746 | 622,305,746 | 621,041,224 | 621,041,224 |
| Net Gain/(Loss) on Fair Value Changes | - | - | - | - |
| Net Realised Gains/(Losses) | - | - | - | - |
| Other Income | 2,225,292 | 2,225,292 | 2,435,636 | 2,435,636 |
| **Total Income** | **2,093,585,118** | **2,093,585,118** | **2,017,880,849** | **2,017,880,849** |
| **Expenses:** | | | | |
| Gross Benefits and Claims Paid | 711,904,355 | 711,904,355 | 875,284,023 | 875,284,023 |
| Claims Ceded | (8,605,454) | (8,605,454) | (32,694,192) | (32,694,192) |
| Gross Change in Contract Liabilities | 884,876,993 | 884,876,993 | 693,040,107 | 693,040,107 |
| Change in Contract Liabilities Ceded to Reinsurers | (1,251,640) | (1,251,640) | (11,551,879) | (11,551,879) |
| **Net Benefits and Claims Paid** | **1,586,924,254** | **1,586,924,254** | **1,524,078,059** | **1,524,078,059** |
| Commission Expenses | 119,475,699 | 119,475,699 | 122,664,878 | 122,664,878 |
| Service Fees | 10,816,100 | 10,816,100 | 10,250,318 | 10,250,318 |
| Other Direct expenses | - | - | - | - |
| Employee Benefits Expenses | 98,296,582 | 98,296,582 | 90,775,946 | 90,775,946 |
| Depreciation and Amortization Expenses | 15,812,478 | 15,812,478 | 15,976,845 | 15,976,845 |
| Impairment Losses | - | - | - | - |
| Other Operating Expenses | 56,731,677 | 56,731,677 | 55,105,604 | 55,105,604 |
| Finance Cost | 3,736,513 | 3,736,513 | 2,104,970 | 2,104,970 |
| **Total Expenses** | **1,891,793,303** | **1,891,793,303** | **1,820,956,620** | **1,820,956,620** |
| **Net Profit/(Loss) for the period before share of net profits of associates accounted for using equity method and tax** | **201,791,815** | **201,791,815** | **196,924,229** | **196,924,229** |
| Share of net profit of associates accounted using equity method | - | - | - | - |
| **Profit Before Tax** | **201,791,815** | **201,791,815** | **196,924,229** | **196,924,229** |
| Income Tax Expenses | 105,272,670 | 105,272,670 | 104,375,902 | 104,375,902 |
| **Net Profit/(Loss) for the period** | **96,519,145** | **96,519,145** | **92,548,327** | **92,548,327** |
| **Earning Per Share** | | | | |
| Basic EPS | - | - | - | - |
| Diluted EPS | - | - | - | - |

### Condensed Statement of Other Comprehensive Income
### For the Quarter Ended Ashwin 30, 2081 (16 Oct 2024)

Fig in NPR.

| Particulars | Unaudited<br>Current Year<br>This Quarter | Unaudited<br>Current Year<br>Upto this Quarter (YTD) | Unaudited<br>Corresponding Previous Year<br>This Quarter | Unaudited<br>Corresponding Previous Year<br>Upto this Quarter (YTD) |
|---|---|---|---|---|
| Net Profit/(Loss) for the period | 96,519,145 | 96,519,145 | 92,548,327 | 92,548,327 |
| Other Comprehensive Income | - | - | - | - |
| **Total Comprehensive Income** | **96,519,145** | **96,519,145** | **92,548,327** | **92,548,327** |

**Note:**
1. Above unaudited figures are subject to change after audit finalization.
2. Total benefit and claims paid in count of current year YTD includes 2578 related to Death claims.
3. Outstanding Benefits and claims in count of current year YTD includes 329 related to Death claims.
4. The company is operating as a branch of foreign insurance company thus it doesn't have equity share capital. Therefore, EPS is not calculated.

**Disclosure as per Section 84(3) of Insurance Act, 2079**
1. The company has made adequate reinsurance arrangement to cover the risk from the class of its business.
2. Details regarding legal proceeding: There are no cases filed by or against the company except tax related litigation in the normal course of business.
3. Corporate Governance: Company complies Corporate governance Directive issued by Nepal Insurance Authority.

Note: Detailed interim financial statement is published in company's website : www.metlife.com.np/en/about-us/financial-reports



तस्वीर : रासस

सिन्धुपाल्चोकको मेलम्ची-९ मा रहेको गुफाडाँडा जलवायु उद्यानमा फहराइरहेका नेपालको राष्ट्रिय झण्डा । गुफाडाँडामा पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण हुन थालेसँगै गुफाडाँडा पर्यटकको आकर्षक गन्तव्यस्थल बन्न थालेको छ ।

# चितवनमा १० प्रकारका आलुको अध्ययन

चितवन । जिल्लामा आलुका जातको अध्ययन शुरू गरिएको छ । जिल्ला कृषि विकास कार्यालय चितवनले आफ्नो वार्षिक कार्यक्रमअन्तर्गत धान, मकै र आलुको उन्नत जात तथा स्वदेशी हाइब्रिड जात, जातिको अध्ययन परीक्षण तथा प्रविधि अनुसरण कार्यक्रमअन्तर्गत आलुका जातहरुको अध्ययन शुरू गरिएको हो ।

कार्यालयका सूचना अधिकारी सुरुचि त्रिपाठीका अनुसार कृषकलाई अनुदानको कार्यक्रम गर्दै आएको कार्यालयले यस वर्ष अध्ययन कार्यक्रम गरिएको हो । विभिन्न १० प्रकारका आलुको अध्ययन शुरू गरिएको उनले जानकारी दिइन् ।

अध्ययन शुरू गरिएका आलुमा शून्य दशमलव ५२, २५ दशमलव ७, एल्बर स्टोन रसेट, क्यामेन, स्यागिटा, क्युन्टेरा, इनोभेटरलगायतका जातको अध्ययन परीक्षण थालिएको हो । यस्तै फ्राइसोना, सन्ताना र स्थानीय नीलो जातको आलुको अध्ययन गर्न लागिएको उनले बताइन् । उनका अनुसार अहिले जातीय परीक्षण तथा औद्योगिक आलुको बारेमा अध्ययन शुरू गरिएको छ ।



फ्रेन्चफ्राइ, चिप्सजस्ता वस्तु उत्पादनका लागि आलु उत्पादन गर्न सकिन्छ कि सकिँदैन भन्ने अध्ययन थालिएको हो । एउटा जातको २५ किलो आलुका दरले कृषक र रामपुर कृषि क्याम्पस खैरहनीमा अध्ययन थालिएको हो । खैरहनी नगरपालिकाका वडा नम्बर १० कठारका कृषकको बारीमा आलु लगाइसकिएको छ भने क्याम्पसमा केही दिनमा लगाउने तयारी गरिएको छ ।

किसानले परापूर्वक कालदेखि लगाउँदै आइरहेका आलुको भन्दा परीक्षणस्वरूप लगाइएका आलुको उत्पादन, आकार, लोकप्रियता, स्वाद, रोग किराको आक्रमण, विक्री वितरणमा सहजतालगायतका विषयमा अध्ययन गरिने त्रिपाठीले बताइन् ।

आलुको उत्पादन क्षमता हेरेर कुन आलुलाई यस क्षेत्रमा लगाउँदा बढी प्रतिफल लिन सकिन्छ भन्ने विषयमा अध्ययन गरिने सूचना अधिकारी त्रिपाठीले बताइन् । उत्पादन सफल भएमा स्थानीय कच्चा पदार्थको प्रयोगले उत्पादन बढाएर व्यावसायिक आलु खेतीमा कृषकलाई लगाउन मद्दत पुग्ने कार्यालयका प्रमुख झलकनाथ कँडेलले बताए । 'आलुखेती गर्ने कृषकका लागि यो अध्ययन फलदायी हुनेछ,' उनले भने ।

जिल्लामा गत आर्थिक वर्षमा एक हजार नौ सय ९० हेक्टर क्षेत्रफलमा आलुखेती गरिएको थियो, जसबाट ४९ हजार ६७६ मेट्रिक टन आलु उत्पादन भएको उनले जानकारी दिए । क्षेत्रफल र उत्पादन बढाउन यो प्रयोग फलदायी हुने उनले विश्वास व्यक्त गरे । *रासस*

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ.व. २०८१/८२ को प्रथम त्रैमासिक प्रतिवेदन

## Upper Solu Hydro Electric Company Limited

Hattisar, Kathmandu

## Unaudited Quarterly Financial Reports

### As at 1st Quarter (2081/06/30) of fiscal year 2081/82

| S. N. | Statement of Financial Position | This Quarter Ending Ashwin 2081 | Previous Quarter Ending Ashadh 2081 | Corresponding pervious year Quarter ending Ashwin 2080 |
|---|---|---|---|---|
| 1 | **Assets** | | | |
| | **Non-Current Assets** | | | |
| | Property, Plant & Equipment, Net | 4,614,082,917.66 | 4,657,059,101.41 | 4,736,980,515.45 |
| | Investment (At Cost) | 44,374,600.00 | 44,374,600.00 | 44,374,600.00 |
| | **Total Non-Current Assets** | **4,658,457,517.66** | **4,701,433,701.41** | **4,781,355,115.45** |
| | **Current Assets** | | | |
| | Cash & Bank Balances | 55,366,406.48 | 19,085,069.49 | 12,496,769.45 |
| | Trade & Other Receivables | 189,004,246.27 | 124,339,149.16 | 233,116,542.83 |
| | **Total Current Assets** | **244,370,652.75** | **143,424,218.65** | **245,613,312.28** |
| | **Total Assets** | **4,902,828,170.41** | **4,844,857,920.06** | **5,026,968,427.73** |
| | | | | |
| 2 | **Equity & Liabilities** | | | |
| | **Equity** | | | |
| | Share Capital | 1,350,000,000.00 | 1,350,000,000.00 | 1,350,000,000.00 |
| | Other Equity | 25,040,808.11 | (74,471,420.22) | (14,442,242.44) |
| | | | | |
| | **Total Equity** | **1,375,040,808.11** | **1,275,528,579.78** | **1,335,557,757.56** |
| | **Non Current Liabilities** | | | |
| | Long Term Loans | 3,346,031,719.47 | 3,403,483,952.30 | 3,496,175,400.64 |
| | **Total Non Current Liabilities** | **3,346,031,719.47** | **3,403,483,952.30** | **3,496,175,400.64** |
| | **Curent Liabilities** | | | |
| | Short Term Loans | 156,371,557.73 | 139,749,893.52 | 162,004,389.48 |
| | Trade & Other Payables | 25,384,085.10 | 26,095,494.46 | 33,230,880.06 |
| | **Total Current Liabilities** | **181,755,642.83** | **165,845,387.98** | **195,235,269.53** |
| | **Total Equity & Liabilities** | **4,902,828,170.41** | **4,844,857,920.06** | **5,026,968,427.73** |

### Unaudited Income Statement
For the period 1st Shrawan 2081 to 3oth Ashwin 2081

| S. N. | Particular | This Quarter Ending Ashwin 2081 | Previous Quarter Ending Ashadh 2081 | Corresponding pervious year Quarter ending Ashwin 2080 |
|---|---|---|---|---|
| | Revenue From Sale of Electricity | 259,102,143.41 | 675,020,057.18 | 253,355,232.98 |
| | Plant operating expenses | 18,474,479.22 | 74,067,309.29 | 25,012,658.62 |
| | **Gross Profit** | **240,627,664.20** | **600,952,747.89** | **228,342,574.36** |
| | Other Income | 270,988.78 | 3,721,998.84 | 7,286.00 |
| | Administrative Expennses | (4,033,520.93) | (14,080,611.99) | (3,428,818.20) |
| | Employment Benefit Expenses | (5,633,455.87) | (17,470,082.46) | (6,595,431.27) |
| | Financial Costs | (82,067,916.10) | (370,883,417.50) | (100,098,978.01) |
| | Depreciation | (47,439,683.75) | (190,026,167.00) | (46,880,341.96) |
| | **Profit Before Bonus & Tax** | **101,724,076.33** | **12,214,467.78** | **71,346,290.92** |
| | Staff Bonus Provision | 2,034,481.53 | 244,289.36 | 1,426,925.82 |
| | **Income Statement Balance** | **99,689,594.80** | **11,970,178.43** | **69,919,365.10** |

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि १४
### (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

### आ.व. २०८१/८२ को प्रथम त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

**क) त्रैमासिक अवधीको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:** यसै साथ प्रकाशित गरिएको छ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (EPS) | प्रतिशेयर कुल सम्पतिको मूल्य | प्रति शेयर नेटवर्थ रु. | मूल्य आम्दानी अनुपात | तरलता अनुपात |
|---|---|---|---|---|
| ७.३८ | ३६३.१७ | १०१.८५ | ६७.७१ | १.३४ |

**२. व्यवस्थापकीय विश्लेषण :**

क) त्रैमासिक अवधीमा कम्पनीले निर्माण गरेको आयोजना पुर्ण क्षमतामा संचालनमा रहेकोले बिद्युत बिक्री आय बिगतका त्रैमासिकहरु भन्दा राम्रो रहेको छ ।

ख) कम्पनीले निर्माण गरेको सोलु जलबिद्युत आयोजनाबाट उत्पादित बिद्युत निर्बाध रुपमा बिक्री गर्ने बातारवरण बनाई कम्पनीलाई आर्थिक रुपले सवल बनाउने लक्ष रहेको छ ।

ग) विगतको अनुभवबाट कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : सो नभएको

**३. कानूनी कारबाही सम्बन्धी विवरण :**

क) त्रैमासिक अवधीमा कम्पनीले निर्माण गरेको आयोजना पुर्ण क्षमतामा संचालनमा रहेकोले बिद्युत बिक्री आय बिगतका त्रैमासिकहरु भन्दा राम्रो रहेको छ ।

ख) त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

ग) त्रैमासिक अवधिमा कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेशण :**

क) धितोपत्र बजारमा संस्थाको शेयर कारोबार सामान्य प्रकारबाट नै भै रहेको छ । यस अवधिमा कम्पनीको शेयरको बिबरण निम्न अनुसार रहेको छ ।

| अधिकतम शेयर मूल्य | कारोबार दिन | न्युनतम मूल्य | कारोबार संख्या | अन्तिम मूल्य | कारोबार शेयर संख्या |
|---|---|---|---|---|---|
| ६६१.६० | ५७ | ४२३.०० | १७,१२१ | ५००.०० | १,४०६,००९ |

**५. समस्या तथा चुनौती** : जलबिद्युत कम्पनीहरुले संचालन गरेका जलबिद्युत आयोजनामा प्राकृतिक प्रकोप, पर्याप्त पानीको उपलब्धता, बिद्युत प्रशारण लाईनमा हुने प्राबिधिक समस्याहरु को चूनौती रहि रहने र ति समस्याहरुको समाधान तथा न्यूनिकरणको लागी ब्यबस्थापन हरदम प्रयासरत छ ।

**६. संस्थागत सुशासन** : संस्थागत सुशासनका लागी कम्पनीको बिनियमावलीहरु अनुरुप कार्य गर्ने गराउने गरीएको ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण** : आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु ।

साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ नियम २६ उपनियम १ संग सम्बन्धित अनुसुची-१४

## सुपरमाई हाईड्रोपावर लिमिटेड

रजिष्टर्ड कार्यालय का.म.न.पा.-३० काठमाण्डौं

फोन नं-०१४४४११३७

**१. (क) बित्तीय बिबरण**

आ.ब.२०८१।८२ को प्रथम त्रैमासिक बिबरण व्यबस्थापनद्धारा तयार पारिएको अपरिष्कृत बित्तीय अबस्थाको बिबरण

### बित्तीय अबस्थाको बिवरण

| Particulars | FY 2080/81 IV Quarter | FY 2080/81 I Quarter | FY 2081/82 I Quarter |
|---|---|---|---|
| **Equity & Liabilities** | | | |
| **Equity** | | | |
| Equity Share Capital | 50,00,00,000.00 | 50,00,00,000.00 | 50,00,00,000.00 |
| Other Equity | 12,22,79,747.00 | 9,70,40,618.64 | 15,74,80,217.44 |
| **Total Equity** | **62,22,79,747.00** | **59,70,40,618.64** | **65,74,80,217.44** |
| **Non Current Liabilites** | | | |
| Long Term Borrowings | 78,53,45,000.00 | 84,90,90,000.11 | 76,66,45,000.00 |
| **Total Non Current Liabilities** | **78,53,45,000.00** | **84,90,90,000.11** | **76,66,45,000.00** |
| **Current Liabilities** | | | |
| Trade & other Payables | 9,99,638.00 | - | 32,868.00 |
| Other Current Liabilities | 50,00,216.00 | 67,15,145.30 | 65,87,279.15 |
| **Total Current liabilities** | **59,99,854.00** | **67,15,145.30** | **66,20,147.15** |
| **Total Equity & Liabilities** | **1,41,36,24,601.00** | **1,45,28,45,764.04** | **1,43,07,45,364.60** |
| **Assets** | | | |
| **Non-Current Assets** | | | |
| Property, Furniture and Equipment | 23,72,563.00 | 25,08,416.45 | 22,37,332.73 |
| Intangible Assests | 1,28,98,29,114.00 | 1,32,06,73,715.88 | 1,28,11,15,579.84 |
| Other non Current Assets | 1,00,00,000.00 | 1,00,00,000.00 | 1,00,00,000.00 |
| **Net Property, Plant and Equipment** | **1,30,22,01,677.00** | **1,33,31,82,132.32** | **1,29,33,52,912.57** |
| **Current Assets** | | | |
| Inventory | 54,15,128.00 | 47,90,618.00 | 61,26,705.70 |
| Trade & Other Receivable | 4,16,32,543.00 | 5,58,67,776.60 | 4,07,25,595.90 |
| Cash & Cash Equivalent | 1,67,10,871.00 | 5,54,47,751.49 | 6,55,59,411.20 |
| Other Current Assets | 4,76,64,382.00 | 35,57,485.63 | 2,49,80,739.23 |
| **Total Current assets** | **11,14,22,924.00** | **11,96,63,631.72** | **13,73,92,452.03** |
| **Total Assets** | **1,41,36,24,601.00** | **1,45,28,45,764.04** | **1,43,07,45,364.60** |

### नाफा नोक्सान हिसाव

| Particulars | For the Period 1st Shrawn 2080 to 31 Ashad 2081 (Fourth Quarter) | For the Period 1st Shrawn 2080 to 31 Ashoj 2080 ( Last year I Quarter) | For the Period 1st Shrawn 2081 to 31 Ashoj 2081 ( Current Year I Quarter) |
|---|---|---|---|
| **Direct Income** | | | |
| Revenue from Power Sales | 21,96,15,296.00 | 8,70,92,879.60 | 7,18,80,519.82 |
| Less : Cost of Sales | 2,24,96,786.00 | 61,19,760.70 | 64,76,474.22 |
| **Gross Profit/ (Loss)** | **19,71,18,510.00** | **8,09,73,118.90** | **6,54,04,045.60** |
| Add: Indirect Income | 86,26,774.00 | 18,85,336.61 | 7,32,773.23 |
| **Less : Indirect expenses** | | | |
| Employee Benefits | 16,84,337.00 | 5,31,672.00 | 5,28,737.50 |
| General and Administrative expenses | 53,37,462.00 | 20,82,857.41 | 19,33,925.01 |
| Depreciation Expenses | 4,74,53,490.00 | 1,17,52,512.67 | 1,13,84,493.47 |
| **Net Income from Operation** | **15,12,69,995.00** | **6,49,91,413.43** | **5,22,89,662.85** |
| Less : Financial Expenses | 7,85,85,312.00 | 2,18,21,087.07 | 1,57,86,406.36 |
| **Profit Before Bonus &Tax** | **7,26,84,683.00** | **4,66,70,326.36** | **3,65,03,256.49** |
| Less : Provision for Staff Bonus | 14,53,694.00 | 9,33,406.53 | 7,30,065.13 |
| **Profit Before tax and CSR** | **7,12,30,989.00** | **4,57,36,919.84** | **3,57,73,191.36** |
| Corporate Social Responsibility Exp | 7,12,310.00 | 4,57,369.20 | 3,57,731.91 |
| **Profit Before Tax** | **7,05,18,679.00** | **4,52,79,550.64** | **3,54,15,459.44** |
| Less: Provision for Tax | - | - | - |
| **Profit After Tax** | **7,05,18,679.00** | **4,52,79,550.64** | **3,54,15,459.44** |
| **Profit/(Loss) transferred to B/S** | **7,05,18,679.00** | **4,52,79,550.64** | **3,54,15,459.44** |

*नोटः लेखापरीक्षण नभएका अंकहरु लेखापरीक्षण पश्चात् सामान्य हेरफेर हुन सक्छन् ।*

**ख) प्रमुख बित्तीय अनुपातहरु**

| अबधि | प्रति शेयर आम्दानी रु (EPS) | प्रति शेयर नेटवर्थ रु | प्रति शेयर कुल सम्पत्तीको मुल्य रु |
|---|---|---|---|
| २०८१ अशोज मसान्तसम्म | ७.०८ | १३१.५० | २८६.१५ |

**२. व्यवसायिक बिश्लेषण**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:**

यस बर्ष प्रतिकुल मौसमका कारण बाढी आई काबेली कोरिडोरमा टावर बगाएका कारण बिद्युत उत्पादन घटेर बिक्री आम्दानी लक्ष्य भन्दा कम भएको छ ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**

यस बर्ष कम्पनीले लगानीका स्रोतहरु खोजी गरी लगानी गर्ने योजना रहेको छ ।

**ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:**

कम्पनीले व्यवसायिक उत्पादन गरेको ५ बर्ष पुरा भईसकेकोले नयाँ मेशिनहरु थप वा मर्मत गर्नुपर्ने छ जसले गर्दा कम्पनीको तरलता वा नाफामा थप प्रभाव थप पर्ने छ ।

**३. कानूनी कारबाही सम्बन्धी विवरण:**

यस त्रैमासिकमा संस्थाले वा संस्था विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्दा मामिला परे/गरेको छैन ।

**४. संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

धितोपत्र बजारमा संस्थाको शेयर कारोबार सुचिकरण भई उल्लेखनीय रुपमा कारोबार भईरहेको रहेको छ ।

**५. समस्या तथा चुनौती:**

संस्थाले वहन गर्नु परेको समस्या तथा चुनौतीहरु बजारमा रहेको यस्तै प्रकृतिको अन्य संस्था हरु सरह नै छन् । अन्य समस्या र चुनौती समाधानका उपायहरु बारेमा संचालक समितिले समय समयमा समिक्षा गरि आवश्यक रणनीति बनाई सो को निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ । बर्षायाममा उत्पादित अधिक बिद्युतको भुक्तानी बिद्युत प्राधिकरणले भुक्तानी नगर्ने र सुख्खा याममा उत्पादन कम हुने यस कम्पनीको मुख्य चुतौती हुन् ।

**६. संस्थागत सुशासन:**

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनले कर्मचारी प्रशासन विनियमावली तर्जुमा कर्मचारीहरुको सेवा शर्त निर्धारण, वृद्धि विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरुको समुचित व्यवस्था गर्न उचित वातावरण तयार गर्ने गरेको छ ।

**७. सत्य, तथ्य सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सू-सुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

# दूध उत्पादक किसानलाई अनुदान



नवलपरासी । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिकाले दूध उत्पादक किसानलाई प्रतिलिटर रु २० अनुदान दिने भएको छ । गाउँपालिकाले गत आर्थिक वर्षसम्म प्रतिलिटर सात रुपैयाँ पचास पैसा अनुदान दिँदै आएकोमा चालू आर्थिक वर्षदेखि अनुदान रकम वृद्धि गरी प्रतिलिटर २० पुऱ्याइएको हुप्सेकोट गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताइन् ।

अनुदान रकम साना किसानसम्म पुऱ्याउन एक आवमा सहकारीमार्फत विक्री गरेको दूधको परिमाण अनुसार अनुदान रकम प्रदान गरिने गाउँपालिकाका अध्यक्ष पाण्डेले बताइन् । 'गाउँपालिकाभित्र रहेका दुग्ध सहकारीहरूले उपलब्ध गराएको वार्षिक तथ्यांकका आधारमा अनुदान दिने व्यवस्था गरेका छौं,' उनले भनिन्, 'किसानलाई प्रोत्साहन गरी गाउँपालिकाभित्र दूध उत्पादन वृद्धि गर्ने हाम्रो मुख्य लक्ष्य हो ।'

**गाउँपालिकाले गत आर्थिक वर्षसम्म प्रतिलिटर सात रूपैयाँ पचास पैसा अनुदान दिँदै आएकोमा चालू आर्थिक वर्षदेखि अनुदान रकम वृद्धि गरी प्रतिलिटर २० पुऱ्याइएको हुप्सेकोट गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताइन् ।**

हुप्सेकोट गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को नीति कार्यक्रम एवं बजेटमा गाउँपालिकाभित्रका दुग्ध सहकारीमा किसानले विक्री गरेको प्रतिलिटर दूधमा रू. २० नगद अनुदान दिने उल्लेख गरिएको छ । दूध उत्पादन वृद्धि गर्न गाउँपालिकाले आव २०७८/७९ देखि प्रतिलिटर रू. पाँच अनुदान दिन शुरू गरेकोमा चालू आवमा अनुदान रकम उल्लेख्य वृद्धि गरिएको हो ।

उत्पादनको आधारमा अनुदान दिँदा साना किसान लाभान्वित भएको गाउँपालिका अध्यक्ष पाण्डेको भनाइ छ । उत्पादनका आधारमा दूधमा अनुदान वितरण गर्न थालेपछि दूध उत्पादन र पशु पाल्ने किसानको संख्या वृद्धि भएको उनले बताइन् । 'हुप्सेकोट गाउँपालिकालाई दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउने लक्ष्यअनुसार कृषकलाई आकर्षित गर्ने कार्यक्रम अगाडि सारिएका छन्,' उनले भने, 'गाउँपालिकाको पहाडी क्षेत्रमा पशुपालन कम हुने हुँदा यस क्षेत्रमा दूध उत्पादन कम हुने गरेको छ ।'

गाउँपालिकाले गत आर्थिक वर्षमा प्रतिलिटर रू. १० अनुदान रकम उपलब्ध गराउने घोषणा गरे पनि गण्डकी प्रदेश सरकारले पनि दूधमा अनुदान रकम उपलब्ध गराएकाले प्रदेशबाट किसानलाई प्राप्त अनुदान रकम घटाएर प्रतिलिटर रू. १० हुनेगरी अनुदान वितरण गरिएको हुप्सेकोट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद पराजुलीले बताए । 'आर्थिक वर्ष २०८०/८१ मा ७५ हजार दुई सय दुई लिटर दूधमा कुल पाँच लाख ६४ हजार १२ अनुदान रकम किसानलाई वितरण गरिएको छ,' उनले भने, 'आर्थिक वर्ष २०७९/८० मा ५७ हजार तीन सय २३ लिटर दूधमा प्रतिलिटर रू. पाँचको दरले दुई लाख ८६ हजार अनुदान रकम प्रदान गरिएको थियो ।'

गाउँपालिकाले दूध उत्पादक किसानलाई अनुदान दिन थालेपछि दूध उत्पादनमा वृद्धि भएको हुप्सेकोट गाउँपालिकाका उपाध्यक्ष पूर्णसिंह रानामगरले बताए । उत्पादन वृद्धि सँगसँगै किसानलाई उत्साहित गराउन यस वर्ष दूध उत्पादनमा आकर्षक अनुदान रकमको व्यवस्था गरिएको उपाध्यक्ष रानाको भनाइ छ । चालू आर्थिक वर्षका लागि दूधमा अनुदान कार्यक्रमअन्तर्गत २५ लाख बजेट विनियोजन गरिएको हुप्सेकोट गाउँपालिकाका लेखा अधिकृत राजेन्द्रप्रसाद रेग्मीले बताए । *रासस*



ललितपुरको पाटन दरबार क्षेत्रमा बुधवार घुम्न आएका आन्तरिक तथा विदेशी पर्यटक । *तस्वीर : रासस*

### एलन मस्कलाई ट्रम्पले दिए डीओजीईको जिम्मा

# फेडरल रिजर्भमा के असर पर्ला ?

वासिङ्टन डीसी (अमेरिका) । सरकारको नेतृत्व गर्ने दल तथा प्रमुखले आफ्नो कार्यकालमा आफूले रुचाएका तथा विश्वास पात्रहरूलाई नियुक्ति दिने गर्छन् । यसरी नियुक्ति दिनु स्वाभाविक भए पनि ट्रम्पले दिन लागेका नियुक्ति भने अलि फरक र ठूलो संख्यामा हुने देखिएको छ ।

डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपतिमा पदबहाली भएपछि हुने प्रमुख प्रशासनिक नियुक्ति र नीति परिवर्तनका योजना सार्वजनिक भएका छन् । ट्रम्पको नेतृत्वमा नयाँ डिपार्टमेन्ट अफ गभर्नमेन्ट इफिसेन्सी (डीओजीई) स्थापना गरिएको छ, जसको मुख्य उद्देश्य संघीय सरकारको खर्च घटाउने र नियमहरूको पुनः संरचना गर्नु भएको बताइएको छ ।

यस विभागको नेतृत्व टेक उद्योगका प्रमुख एलन मस्क र उद्यमी विवेक रामास्वामीले गर्ने भएका छन् । मस्कले यस विभागलाई 'अमेरिकाको अन्तिम मौका' भन्दै यसको कार्यलाई अमेरिकी सरकारको अत्यधिक खर्च कटौती गर्ने प्रयास भएको बताएका छन् ।

एलन मस्क, जो टेस्ला र स्पेस एक्सका प्रमुख हुन् । हालै सम्पन्न निर्वाचनमा उनी डोनाल्ड ट्रम्पको प्रमुख समर्थकका रूपमा देखिएका थिए । मस्क र रामास्वामीले विभागमा सरकारी कर्मचारीतन्त्रको विघटन गर्ने तथा अनावश्यक सरकारी खर्च कम गर्न योजना अगाडि सारेका छन् । मस्कले यस विभागलाई कागजी कार्य र सरकारी खर्चमा कटौतीका लागि उन्नत प्रविधिको प्रयोग गर्नेछन् ।



**मस्कका अनुसार विभागले अनावश्यक खर्चलाई पारदर्शी रूपमा सार्वजनिक गर्ने लिडरबोर्ड सृजना गर्नेछ । यतिमात्रै नभई उनले सन् २०२६ सम्ममा २ ट्रिलियन डलर बचतको लक्ष्य राख्ने बताएका छन् ।**

मस्कका अनुसार विभागले अनावश्यक खर्चलाई पारदर्शी रूपमा सार्वजनिक गर्ने लिडरबोर्ड सृजना गर्नेछ । यति मात्र नभई उनले सन् २०२६ सम्ममा २ ट्रिलियन डलर बचतको लक्ष्य राख्ने बताएका छन् । जुन अमेरिकी सरकारको वर्तमान वार्षिक बजेटको ठूलो हिस्सा हो । आफ्नो पुनरुदय भए हजारौं प्रशासनिक प्रमुख परिवर्तन गर्ने बताउँदै आएका ट्रम्पले साउथ डकोटाका गभर्नर क्रिस्टी नोएमलाई गृह सुरक्षा सचिवको रूपमा चयन गरेका छन् । यस भूमिकामा नोएमले सीमा सुरक्षा, साइबर सुरक्षा र आप्रवासन जस्ता प्रमुख मुद्दाहरू हेर्नेछन् ।

ट्रम्पले फक्स न्यूजका होस्ट पीट हेगसेथलाई रक्षा सचिवका रूपमा चयन गरेका छन् । हेगसेथ पूर्व सैनिक हुन् । यस निर्णयले युक्रेन र गाजा युद्धका जस्तो संवेदनशील मुद्दामा ट्रम्पको नेतृत्वको दिशा निर्देश गर्नेछ ।

ट्रम्पले इजरायलका लागि माइक हक्काबीलाई अमेरिकी राजदूतको रूपमा नियुक्त गर्ने निर्णय गरेका छन् । हक्काबी ट्रम्पका प्रखर समर्थक मात्रै होइन, उनी इजरायल समर्थक अधिकारी हुन्, जसले इजरायल र गाजाको मुख्य विवादित भूमि जेरूसलम इजरायलको राजधानी भएको धारणा राख्दै आएका थिए । उनको आगमनले गाजापट्टीलाई अझै असहज हुने आँकलन गरिएको छ । त्यस्तै ट्रम्पले सेन्ट्रल इन्टेलिजेन्स एजेन्सी (सीआइए)का प्रमुखका रूपमा जोन राट्क्लिफलाई नियुक्त गर्ने निर्णय गरेका छन् ।

ट्रम्पले चुनावी अभियानमा केन्द्रीय बैंक फेडरल रिजर्भलाई पुनः संरचित गर्ने योजना ल्याएका छन् । उनले फेडका अधिकारीहरूमाथि हस्तक्षेप गर्न सक्ने बताइएको छ । अमेरिकी संविधानले फेडरल रिजर्भलाई स्वतन्त्रता दिएको छ र यसलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्न प्रयास गरिएको छ ।

ट्रम्पले फेडको कार्यप्रणालीमा हस्तक्षेप गर्ने प्रयास गरे यसले अमेरिकी अर्थतन्त्रमा महत्त्वपूर्ण प्रभाव पार्न सक्छ । यसबाहेक ट्रम्पको क्याबिनेटका धेरै सदस्यहरूको अनुभव र तयारीको प्रश्न पनि उठ्न थालेको छ । यसमा विशेष गरी रक्षा र विदेश नीतिहरू मुख्य छन् ।

*एजेन्सीको सहयोगमा*

## 'वीरगञ्ज क्रिकेट मैदानको मुआब्जा विवाद समाधान गरिने'

वीरगञ्ज (पर्सा) । मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले वीरगञ्ज क्रिकेट मैदानको मुआब्जा सम्बन्धी विवाद छिट्टै टुंगो लगाउने बताएका छन् । नारायणी रंगशाला परिसरमा रहेको उक्त मैदान निरीक्षण गर्दै बुधवार उनले वर्षौंदेखिको मुआब्जा विवाद आफ्नै कार्यकालभित्र टुंगो लगाउने प्रतिबद्धता जनाएका थिए ।

'आजै म काठमाडौं जाँदैछु, संघीय युवा तथा खेलकुदमन्त्रीसँग भेटेरै मुआब्जा विवाद सम्बन्धी फाइल अर्थ मन्त्रालय पठाउन आवश्यक पहलकदमी गर्नेछु,' उनले भने, 'राज्यको न्यून लगानीको बाबजुद पनि खेलाडीले मेहनत गरिरहनुभएको छ । खेलाडीको प्रोत्साहनका लागि प्रदेश सरकारले पनि हातेमालो गरेर अघि बढ्न चाहान्छ ।'

उनले प्रदेश सरकारसँग सीमित स्रोतसाधन भएकाले पर्याप्त बजेट विनियोजन गर्न नसकेको बताए । 'प्रदेश सरकारले क्रिकेट मैदानका लागि थोरै बजेट विनियोजन गरेको छ । सो बजेट पर्याप्त छैन । यद्यपि आगामी आवको बजेटमा थप गर्नेछौं,' उनले भने ।

क्रिकेट संघ पर्साका अध्यक्ष मनिष सिंहले मुआब्जा विवादका कारण क्रिकेट मैदानलाई तारजालीले घेराबेरा गर्न समेत नसकेको गुनासो गरे । 'करीब चार कठ्ठा जग्गाको मुआब्जा विवाद टुंगो नलाग्दा मैदान संरक्षणको काम गर्न समस्या भइरहेको छ,' उनले भने, 'हालसालै वीरगञ्ज क्रिकेट मैदानको 'पिच'लाई स्तरोन्नति गरी खेल्न मिल्ने बनाइसकेका छौं ।' *रासस*

## मन्त्रीले गरे आयल निगमको निरीक्षण

भैरहवा (रुपन्देही) । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले भैरहवामा निर्माणाधीन अवस्थामा रहेको नेपाल आयल निगमको पेट्रोलियम भण्डारण गृहको निरीक्षण गरेका छन् ।

निरीक्षणका क्रममा उनलाई रुपन्देही क्षेत्र नं १ का सांसद तथा नेकपा (एमाले)का सचिव छविलाल विश्वकर्माले आयल निगमको निर्माणले पेट्रोलियम क्षमता भण्डारणमा सहयोग गर्ने भएकाले यसको निर्माणलाई तीव्रता दिन आग्रह गरे ।

त्यस क्रममा रासससँग संक्षिप्त कुरा गर्दै मन्त्री दामोदर भण्डारीले आयल निगमको निर्माणका विषयमा यहाँका सांसद तथा जनप्रतिनिधिले चासो देखाएको बताउँदै आफू काठमाडौं पुग्नेबित्तिकै यसबारेमा छलफल अगाडि बढाउने बताए ।

रुपन्देहीको भलबारी डिपोको भण्डारण क्षमता कम भएको तथा बस्ती नजिक रहेकाले निगमले खरीद गरेको १३ दशमलव ५ बिघा जग्गामा नयाँ भण्डारण गृह निर्माण गर्न लागिएको निगमले जनाएको छ । सो भण्डारण लुम्बिनी प्रदेशको २० दिनको माग धान्ने छ । निगमले पेट्रोलियम पदार्थको भण्डारण क्षमता अभिवृद्धिका लागि देशका विभिन्न स्थानमा भण्डारण गृह निर्माण गरिरहेको छ ।

करीब तीन अर्बको लागतमा भण्डारण गृह निर्माण गर्न लागिएको छ । सो स्थानमा डिजेल भण्डारणका लागि १ हजार १०० किलोलिटर क्षमताका तीन, पेट्रोल भण्डारणका लागि १ हजार ६०० किलोलिटर क्षमताका दुई र मट्टीतेल भण्डारणका लागि ७० किलोलिटर क्षमताका तीनओटा ट्याांक निर्माण गरिनेछ । *रासस*


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०७/२९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** — **२०८१/०८/१३ गते/स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी**

**बोलपत्र खोलिने मिति/समय** — **२०८१/०८/१६ गते, आइतबार दिनको ३ बजे**

| क्र.सं. | ऋणीको नाम, ठेगाना |
|---|---|
| १. | **नाम : मात्रीका प्रसाद ढुंगाना**<br>ना.प्र.नं. ९७७३२३६६६, जि.प्र.का. झापा, जारी मिति : २०४३/०७/०३<br>बाबुको नाम : जय नारायण ढुंगाना, बाजेको नाम : पुण्य प्रसाद ढुंगाना<br>ठेगाना : झापा जिल्ला, कन्काई न.पा. वडा नं. ८ |

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : मेघराज ढुङ्गाना**<br>ना.प्र.नं. ०४१०३०/२५०९, जि.प्र.का. झापा<br>जारी मिति : २०६८/०३/२९<br>बाबुको नाम : मातृका प्रसाद ढुंगाना<br>बाजेको नाम : जय नारायण ढुंगाना<br>ठेगाना : झापा जिल्ला, घैलाडुब्बा वडा नं. ९<br>हाल : झापा जिल्ला, कन्काई न.पा. वडा नं. ८, लक्ष्मीपुर | **२. नाम : प्रतिमा अधिकारी**<br>ना.प्र.नं. ०४-०१-७३-०९८७१, जि.प्र.का. झापा<br>जारी मिति : २०७३/०९/१२<br>पतिको नाम : मेघराज ढुङ्गाना<br>ससुराको नाम : मातृका प्रसाद ढुंगाना<br>ठेगाना : झापा जिल्ला, बुद्धशान्ति वडा नं. ३<br>हाल : झापा जिल्ला, कन्काई न.पा. वडा नं. ८, लक्ष्मीपुर |
| **३. नाम : रोमा ढुङ्गाना**<br>ना.प्र.नं. ९७७३१०३६, जि.प्र.का. झापा, जारी मिति : २०४६/०३/०६<br>पतिको नाम : मातृका प्रसाद ढुंगाना, ससुराको नाम : जय नारायण ढुंगाना<br>ठेगाना : झापा जिल्ला, तोपगाछी वडा नं. ७, हाल : झापा जिल्ला, कन्काई न.पा. वडा नं. ८, लक्ष्मीपुर | |

**धितोको विवरण**

मात्रीका प्रसाद ढुंगानाको नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, घैलाडुब्बा वडा नं. ९ स्थित कित्ता नं. ६८७ र १९०२ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-०-२-० भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६,
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np


## 'प्रदेश सरकार संस्थागत विकास र नीतिगत सुधारमा केन्द्रित'

बागमती । बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले प्रदेश सरकार संस्थागत विकास र नीतिगत सुधारमा केन्द्रित रहेको बताएका छन् । प्रदेश सरकारको सय दिनको उपलब्धि पत्रकार सम्मेलन गरी बुधवार उनले सार्वजनिक गरे । आफ्नो नेतृत्वमा सरकार गठन भएयता सय दिनमा सरकारको संस्थागत विकास र नीति निर्माणमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको जिकिर उनले गरे । उनले यस अवधिमा सरकारले महत्त्वपूर्ण तीनओटा ऐन जारी गराई कार्यान्वयनमा ल्याउन सफल भएको दाबी गरे । उनले प्रदेश सरकारका मन्त्रालय तथा मातहतका निकायको कार्यसम्पादन प्रभावकारी बनाउन मुख्यमन्त्री र मन्त्रीहरूबीच कार्यसम्पादन करार सम्झौता गरी प्रगति समीक्षाको शुरुआत गरिएको बताए । उनले सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिका लागि दीर्घकालीन सोचसहित सरकारले दोस्रो आवधिक योजना कार्यान्वयनमा ल्याएको उल्लेख गरे । *रासस*


## Radhi Bidyut Company Limited

Bluestar Complex, Tripureshwor-11, Kathmandu
Phone : 01-5332750
Email : info@radhibidyut.com.np

### UNAUDITED FINANCIAL STATEMENTS

FIRST QUARTER ENDED (FISCAL YEAR 2081/082 ) AS AT ASHWIN END, 2081 ( OCTOBER 16, 2024)

*Figures in NPR*

| Statement of Financial Position | This Year Quarter Ending Ashwin End, 2081 | Previous Year Quarter Ending Ashadh End, 2081 | Corresponding Previous Year Quarter Ending Ashwin End, 2080 |
|---|---|---|---|
| **Assets** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant & Equipment | 476,952,948 | 478,223,173 | 436,010,385 |
| **Financial Assets** | | | |
| Investment in Subsidiary | 296,263,400 | 296,263,400 | 31,143,800 |
| Investment In Associates | 122,052,773 | 119,812,166 | 128,484,940 |
| Other Equity Investments | 333,456,948 | 288,861,426 | 261,775,850 |
| Other Non Current Assets | 573,927,530 | 469,410,214 | 733,323,137 |
| Deferred Tax | - | 2,968,523 | 6,580,140 |
| **Total Non-Current Assets** | **1,802,653,599** | **1,655,538,901** | **1,597,318,251** |
| **Current Assets** | | | |
| Inventories | 16,751,685 | 15,325,065 | 15,401,800 |
| **Financial Assets** | | | |
| Trade Receivables | 84,541,020 | 76,429,098 | 59,393,195 |
| Cash and Cash Equivalents | 53,940,720 | 16,772,318 | 46,928,800 |
| Term Deposit | 413,972,000 | 413,972,000 | 410,825,300 |
| Other Current Assets | 112,739,712 | 105,214,031 | 52,928,019 |
| Current Tax Assets (Net) | - | 2,355,782 | 185,246 |
| **Total Current Assets** | **681,945,137** | **630,068,294** | **585,662,360** |
| **Assets Held For Sale** | | | |
| **Total Assets** | **2,484,598,736** | **2,285,607,196** | **2,182,980,612** |
| **Equity & Liabilities** | | | |
| **Equity** | | | |
| Equity Share Capital | 1,755,588,846 | 1,755,588,846 | 1,675,979,806 |
| Other Equity | 409,564,584 | 347,799,747 | 356,367,045 |
| **Total Equity** | **2,165,153,430** | **2,103,388,593** | **2,032,346,852** |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| Financial Liabilities | | | |
| Borrowings | 35,304,330 | 47,098,746 | 84,763,369 |
| Other Financial Liabilities | 2,725,798 | 2,725,798 | 1,161,263 |
| Provisions | 1,187,823 | 1,187,823 | 1,317,654 |
| Deferred Tax | 8,887,538 | - | - |
| **Total Non-Current Liabilities** | **48,105,489** | **51,012,368** | **87,242,286** |
| **Current Liabilities** | | | |
| Financial Liabilities | | | |
| Borrowings | 190,720,741 | 89,957,429 | 50,652,904 |
| Trade Payables | 8,972,485 | 24,031,582 | 598,942 |
| Other Financial Liabilities | 3,351,188 | 2,616,547 | 3,930,898 |
| Current tax liabilities (Net) | 4,687,279 | - | - |
| Provisions | 1,763,792 | 2,134,819 | 3,238,702 |
| Other Liabilities | 61,844,332 | 12,465,858 | 4,970,027 |
| **Total Current Liabilities** | **271,339,817** | **131,206,236** | **63,391,474** |
| **Total Liabilities** | **319,445,306** | **182,218,604** | **150,633,760** |
| **Total Equity & Liabilities** | **2,484,598,736** | **2,285,607,196** | **2,182,980,612** |
| **Statement of Profit or Loss and other Comprehensive Income** | **This Year Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| Revenue | 38,894,280 | 97,430,080 | 31,767,881 |
| **Cost of Sales** | | | |
| Generation Expenses | 5,108,049 | 20,225,582 | 5,566,738 |
| **Gross profit** | **33,786,231** | **77,204,498** | **26,201,143** |
| Depreciation | 4,875,700 | 19,921,469 | 4,885,802 |
| Other Income | - | 707,965 | 707,965 |
| Administrative & Other Operating Expenses | 4,156,113 | 30,850,964 | 4,426,541 |
| **Profit from Operation** | **24,754,417** | **27,140,030** | **17,596,765** |
| Finance Income | 17,505,352 | 105,885,337 | 28,156,442 |
| Finance Costs | 3,117,223 | 13,149,565 | 5,976,454 |
| **Profit Before Tax** | **39,142,546** | **119,875,801** | **39,776,752** |
| **Income Tax Expenses** | | | |
| Current Tax | 8,564,375 | 26,921,713 | 7,186,207 |
| Deferred Tax Credit/Charge | 26,738 | 174,589 | 12,627 |
| **Profit for the year** | **30,551,433** | **92,779,499** | **32,577,919** |
| Other Comprehensive Gain/(Loss) for The Year, Net of Tax | 33,256,231 | (7,133,137) | (21,405,392) |
| Total Comprehensive Gain/(Loss) for The Year, Net of Tax | 63,807,664 | 85,646,362 | 11,172,527 |

* Previous Year's Figures have been regrouped whenever necessary.
* We have changed reporting format from functional to nature to align quarterly reporting with Nepal Financial Reporting Standards (NFRS).

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४**
**(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)**

### आ.ब. २०८१/८२ को प्रथम त्रैमासिक विवरण

**१. वित्तीय विवरण**

क) आ.व. २०८१/८२ को प्रथम त्रैमासिक विवरण व्यवस्थापन द्वारा तयार गरिएको अपरिस्कृत वित्तिय विवरण (वित्तिय अवस्थाको विवरण तथा आय विवरण) यसै प्रतिवेदनको साथमा प्रकाशन गरिएको छ । त्यस्तै २०८१ आश्विन मसान्त सम्म रु ८,४५,४१,०२०.०० (अक्षरमा : आठ करोड पैतालीस लाख एकचालिस हजार बिस रुपैंया मात्र) सुचिकृत दर (Posted Rate) सहित कुल आसामी बापत रहेको छ ।

ख) उक्त वासलातको आधारमा कम्पनीको प्रमुख वित्तीय अनुपात निम्न अनुसार छ ।

| अवधी | बार्षिकीकरण गरिएको प्रतिशेयर आम्दानी (रू.) | प्रतिशेयर कुल सम्पत्तीको मूल्य (रू.) | तरलता अनुपात | मूल्य आम्दानी अनुपात (रू.) | प्रतिशेयर नेटवर्थ (रू.) |
|---|---|---|---|---|---|
| यस त्रैमासिक अन्त्य सम्ममा | ६.९६ | १४१.५३ | २.५१ | ५९.१९ | १२३.३३ |

**२. व्यवसायिक विश्लेषण :**

क) नेपाल विद्युत प्राधिकरणको ३३ के.भी प्रसारण लाइनमा बारम्बार आइराख्ने समस्याका कारण प्रत्यक्ष असर विद्युत उत्पादनमा परेको छ ।

ख) गत असार २०८० मा बर्षाको कारणले आयोजनामा भएको क्षतिको रकम इन्स्योरेन्स कम्पनी संग दाबि गरीसकिएको छ हाल उक्त दाबि रकम को Settlement अन्तिम चरणमा रहेको छ ।

ग) यस कम्पनीको लगानी रहेको आयोजनाहरु क्रमशः युनिभर्सल पावर कम्पनी लिमिटेडबाट प्रवर्द्धित तल्लो खारे खोला जलविद्युत आयोजना ११ मेगावाट, दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडबाट प्रवर्द्धित दोर्दी-१ जलविद्युत आयोजना १२ मेगावाट र राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेडबाट प्रवर्द्धित रुकुम गाड जलविद्युत आयोजना ५ मेगावाटको निर्माण सम्पन्न भई विद्युतको व्यापारिक उत्पादन गर्दै ने.वि.प्रा लाई विक्री गर्दै आई रहेको छ । साथै कसुवा खोला हाइड्रो पावर लिमिटेडबाट प्रवर्द्धित कसुवा खोला हाइड्रो पावर आयोजना अहिले निर्माण प्रक्रियामा रहेको छ ।

घ) जलविद्युतको व्यापारिक उत्पादन सुरु गरेको मितिले पहिलो सात वर्षसम्म पूरै आयकर छुट पाउनेछ र त्यस पछिको तीन वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउने ब्यबस्थाअनुसार यस कम्पनीको विद्युत बिक्री आम्दानीमा आयकर छुट अवधि दस बर्ष मिति जेठ ३१, २०८१ मा पुरा भई सकेको र २०८१ अषाढबाट पचास प्रतिशत आयकर छुट पाउने ब्यवस्था सकिएकोले सय प्रतिशत नै आयकर तिर्नुपर्ने ब्यवस्था बमोजिम आयकरको ब्यवस्था गरिएको छ जसको असर आयमा परेको देखिन्छ ।

**३. कानूनी कारबाही सम्बन्धि विवरण :**

यस त्रैमासिकमा कम्पनीले कसै बिरुद्ध र कसैले कम्पनी विरुद्ध साथै संस्थापक र संञ्चालक बिरुद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

**४. कम्पनीको शेयर कारोवार सम्बन्धि विवरण:**

धितोपत्र बजारमा कम्पनीको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा कम्पनीको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन नेपाल स्टक एक्सचेन्ज लि. को वेबसाइट अनुसार :

| अधिकतम मूल्य (रु.) | न्यूनतम मूल्य (रु.) | अन्तिम मूल्य (रु.) | कारोबार दिन | कुल कारोबार संख्या |
|---|---|---|---|---|
| ४७७.०० | २६८.०० | ४१२ | ५७ | ५४,२५१ |

**५. समस्या र चुनौती :**


कम्पनीले बहन गर्नु परेको समस्या तथा चुनौतीहरु बजारमा रहेको यस्तै प्रकृतिको अन्य कम्पनी सरह नै छन् । अन्य समस्या र चुनौती समाधानका उपायहरु बारेमा सञ्चालक समितिले समय समयमा समिक्षा गरि आवश्यक रणनीति बनाई सो को निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ ।

**६. संस्थागत सुशासन :**

संस्थागत सुशासनका लागि व्यवस्थापनले कर्मचारी नियमावली, आर्थिक विनियमावली बमोजिम कार्यसम्पादन गरिरहेको छ । आन्तरिक लेखा परिक्षणको व्यवस्था गरिएको छ । लेखापरीक्षण समिती र जोखिम व्यवस्थापन समिती गठन गरि समितीहरुले समय समयमा दिएको निर्देशन बमोजिम कामकारबाही गरेको जानकारी गराउन चाहन्छु । संस्थागत विकाश तथा कर्मचारीको वृत्ति विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरुको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

**७. सत्य, तथ्य सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु, कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरु सू-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएको छैन ।



*तस्वीर : रासस*

दाङको बंगलाचुली गाउँपालिका–३ स्थित दाङवाङ गाउँ तथा तोरीखेती। बंगलाचुली तोरीखेतीका लागि उर्वर क्षेत्र मानिन्छ।

# पूर्वी नाकाबाट पाँच अर्बभन्दा बढीको भेनियर र प्लाइउड निर्यात

झापा। नेपालमा विदेशी मुद्राआर्जन गर्न र वैदेशिक व्यापार घाटा कम गराउन भेनियर र प्लाई काठको निर्यातले महत्त्वपूर्ण योगदान पुर्‍याएको छ। पहाडमा हुने उत्तिस, कदम, मौवालगायत कमसल काठबाट भेनियर पत्ती र प्लाइउड उत्पादन हुँदै आएको छ।

२०७९ साउन १ गतेदेखि २०८१ असोज मसान्तसम्ममा पूर्वी नाका काँकडभिट्टाबाट रू. पाँच अर्ब ९२ करोड पाँच लाख ९२ हजार बराबरको भेनियर पत्ती र प्लाइउड भारत निर्यात भएको मेची भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत राजेन्द्रप्रसाद चुडालले बताए।

गोलिया काठबाट भेनियर पत्ती उत्पादन हुने गर्दछ भने भेनियर पत्तीबाट प्लाइउड बनाउने गरिएको छ। नेपालमा भेनियर पत्ती सीधै भारत निर्यात हुने गरेको छ भने भेनियर पत्तीबाट प्लाइउड उत्पादन गरेर निर्यात गर्ने प्लाइउड उद्योग स्थापना भएका छन्।

पछिल्लो २७ महीनामा काँकडभिट्टा नाकाबाट रू. ७३ करोड ६४ लाख ३१ हजार मूल्य बराबरको भेनियर पत्ती र रू. पाँच अर्ब १८ करोड ४१ लाख ६१ हजार मूल्य बराबरको प्लाइउड भारत निकासी भएको प्रमुख भन्सार अधिकृत चुडालले जानकारी दिए।

चालू आर्थिक वर्षको पहिलो तीन महीनामा काँकडभिट्टा नाकाबाट रू. १४ करोड ७१ लाख ३६ हजार मूल्य बराबरको भेनियर पत्ती र रू. नौ करोड ९३ लाख ३२ हजार मूल्य बराबरको प्लाइउड भारत निकासी भएको छ।

नेपाल भेनियर उत्पादक संघका अध्यक्ष दीपक पाण्डेले पहाडमा खेर गइरहेको कमसल विक्रीबाट किसानको आयस्तर वृद्धि गर्न, मुलुकभित्रै रोजगारीको अवसर सृजना गर्न, विदेशी मुद्राआर्जन गरी वैदेशिक व्यापार घाटा न्यूनीकरण गर्न र राज्यलाई ठूलो मात्रामा राजस्व बुझाएर अर्थतन्त्र उकास्न भेनियर उद्योगले महत्त्वपूर्ण योगदान पुर्‍याइरहेको बताए। हाल नेपालमा एक सय २० भन्दा बढी संख्यामा भेनियर उद्योग सञ्चालनमा रहेको र त्यसबाट आठ हजारभन्दा बढीलाई प्रत्यक्ष रोजगारी उपलब्ध भइरहेको उनले जानकारी दिए। झापामा सबैभन्दा बढी ३८ ओटा भेनियर उद्योग स्थापना भएका छन्।

भेनियर पत्तीबाट प्लाइउड बनाउन नेपालभर ८० ओटा प्लाइउड उद्योग स्थापना भएका छन्। प्लाइउड उद्योगले आफूलाई आवश्यक पर्ने कच्चा पदार्थको ८० प्रतिशत आपूर्ति गर्न उद्योगभित्रै एक सयभन्दा बढी भेनियर उत्पादन मेसिन जडान गरेका छन्।

काँकडभिट्टा, विराटनगर र भैरहवा नाकाबाट यी सामानको भारत निर्यात हुँदै आएको छ। बिगतमा भारतबाट आयात गरेर माग धान्नुपर्ने अवस्था रहेकामा हाल भेनियर र प्लाइउडमा नेपाल आत्मनिर्भर मात्र भएको छैन, निकासी गर्ने मुलुक बनेको उनको भनाइ छ।

नेपाल भेनियर उत्पादक संघका सचिव सञ्जीव बर्मा विदेशी मुद्रा भित्र्याउने र राजस्व अभिवृद्धिमा योगदान पुर्‍याउने भेनियर उद्योगको प्रवर्द्धनका लागि राज्यको नीति सकारात्मक हुनुपर्ने र प्रोत्साहनको वातावरण बनाउनुपर्ने बताउँछन्। *रासस*

**२०७९ साउन १ गतेदेखि २०८१ असोज मसान्तसम्ममा पूर्वी नाका काँकडभिट्टाबाट रू. पाँच अर्ब ९२ करोड पाँच लाख ९२ हजार बराबरको भेनियर पत्ती र प्लाइउड भारत निर्यात भएको मेची भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत राजेन्द्रप्रसाद चुडालले जानकारी दिए।**

# नेपाली यु–१९ महिला क्रिकेट टोली विश्वकपमा छनोट

काठमाडौं। नेपाली यु-१९ महिला क्रिकेट टोली सन् २०२५ मा मलेसियामा हुने विश्वकपमा छनोट भएको छ। युनाइटेड अरब इमिरेट्स (युएई)मा भएको आइसिसी यु-१९ महिला विश्वकपको एसिया छनोटको अन्तिम खेलमा युएईलाई ८ विकेटले हराउँदै नेपाल विश्वकपमा छनोट भएको हो।

युएईको अजमानस्थित द सेभेन स्टेडियममा बुधवार टस जितेर पहिले ब्याटिङ गरेको घरेलु टोली युएईले ८४ रनको लक्ष्य दिएको थियो। जवाफी ब्याटिङमा आएको नेपालले १४ दशमलव ४ ओभरमा २ विकेटको क्षतिमा उक्त लक्ष्य पूरा गर्‍यो।

नेपालका लागि साना प्रवीणले सर्वाधिक ३५ रन बनाइन्। कप्तान पूजा महतोले १८ बलमा ४ चौकाको मद्दतले २१ रन बनाइन्। त्यस्तै, सोनी पाखीनले १३ तथा सावित्री धामीले १२ रनको योगदान दिइन्। नेपालले अतिरिक्त ५ रन प्राप्त गर्‍यो।

युएईका लागि मेहक ठाकुरले दुई विकेट लिइन्। त्यसअघि, घरेलु टोली युएईले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर ८३ रन बनाएको थियो।

युएईका लागि समाइरा धरनिधर्कले सर्वाधिक ३१ रन बनाइन्। उनले ४८ बलमा एक चौकाको मद्दतले ३१ रन बनाएकी हुन्। यस्तै, रिनिता राजितले १८ बलमा दुई चौकाको मद्दतले २० रन बनाइन्। युएईका लागि लावन्या केनी र इन्धुजा नन्दकुमारले समान दश/दश रनको योगदान दिए।

त्यस्तै, आयुषी महेशले तीन र अवनी सुनिल पाटिलले एक रन बनाए। युएईका एमिली थोमस, मेहक ठाकुर, अल मसीरा जहाँगीर, इशिता राजित र नेहा कुमारीले एक रन पनि जोड्न सकेनन्। युएईले अतिरिक्त ८ रन प्राप्त गर्‍यो।

नेपालका लागि कृश्मा गुरुङले सर्वाधिक ४ विकेट लिइन्। त्यस्तै, रिया शर्मा र सीमा केसीले समान दुई/दुई विकेट लिए भने रचनाकुमारी चौधरीले एक विकेट लिइन्।

यही कात्तिक २१ गतेदेखि सुरु भएको एसिया छनोटमा नेपालले यसअघि पाँचमध्ये चार खेलमा जित हासिल गरेको थियो भने एक खेलमा पराजित भएको थियो।

प्रतियोगिताको पहिलो खेलमा नेपालले थाइल्याण्डलाई ६७ रनको फराकिलो अन्तरले पराजित गरेको थियो। दोस्रोमा नेपालले कुवेतलाई एक सय आठ रनले हराएको थियो। तेस्रो खेलमा नेपालले घरेलु टोली युएईसँग प्रतिस्पर्धा गरेको थियो। उक्त खेलमा १३ रनले पराजित भएको थियो।

आइतवार भएको चौथो खेलमा नेपालले थाइल्याण्डलाई एक सय ६ रन र मंगलवार भएको पाँचौं खेलमा कुवेतलाई एक सय ६५ रनको फराकिलो अन्तरले पराजित गरेको थियो। बुधवारको जितसँगै नेपाल सन् २०२५ मा मलेसियामा हुने आइसिसी यु-१९ महिला विश्वकपका लागि छनोट भएको छ। *रासस*

# लघुवित्त संस्थाको भूमिका स्पष्ट पार्न माग



‘लघुवित्तको उद्देश्य तथा दिगोपनाबीच सन्तुलन’ विषयक छलफलमा सहभागीहरू

**अभियान संवाददाता**

काठमाडौं

लघुवित्त वित्तीय संस्थाहरूले गरीबलाई शोषण गरेको भन्दै विरोध हुन थालेपछि यसको भूमिका स्पष्ट बनाउन सरोकारवालाहरूले माग गर्न थालेका छन्। राज्यका नीति तथा कानूनी व्यवस्था स्पष्ट नहुँदा लघुवित्त संस्थाहरू नाफामुखी भए पनि राज्यबाटै आलोचित हुनुपरेकाले उनीहरूले नीतिगत स्पष्टताको आवाज उठाएका हुन्।

नेपाल लघुवित्त बैंकर्स संघको सहयोगमा लघुवित्त समाज नेपालद्वारा बुधवार आयोजित ‘लघुवित्तको उद्देश्य तथा दिगोपनाबीच सन्तुलन’ विषयक छलफल कार्यक्रममा वक्ताहरूले राज्यको नीतिमार्फत नै लघुवित्तको भूमिका स्पष्ट पार्नुपर्नेमा जोड दिए। सामाजिक संस्थाको रूपमा लघुवित्त कार्यक्रम शुरू भए पनि राज्यको नीतिका कारण कम्पनीमा जानुपरेको र यसले नाफाका लागि दबाब सृजना भएको उनीहरूको गुनासो छ। कार्यक्रममा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले लघुवित्तहरूले बैंकहरूसँग प्रतिस्पर्धा गर्दा आफ्नो मौलिकता गुमाउन थालेको बताए। लक्षित वर्गमा स-सानो कर्जा प्रवाह गर्नुपर्ने लघुवित्त संस्थाहरूले बैंकहरू जस्तो बन्न खोज्दा समस्या देखिएको बताए।

लघुवित्तहरूले विगतमा आवश्यक नभएका व्यक्तिलाई ऋण दिएको र अहिले उनीहरू नै लघुवित्तविरोधी भएर आन्दोलित भएको कार्यकारी निर्देशक पौडेलको भनाइ थियो। एउटै व्यक्तिले १४ ओटासम्म लघुवित्तबाट ऋण लिएको भेटिएको भन्दै उनले यसमा सुधार आवश्यक रहेको उल्लेख गरे। राष्ट्र बैंकले आफै लगानी गरेर लघुवित्त कार्यक्रम शुरू गरेको, यसको उद्देश्य सामाजिक बैंकिङलाई प्रवर्द्धन गर्नु रहेको र अहिले पनि यसको महत्त्व एवं आवश्यकता रहेको उनको भनाइ छ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै लघुवित्त बैंकर्स संघका अध्यक्ष रामबहादुर यादवले लघुवित्त नीति जारी गर्दै भूमिका स्पष्ट पार्नुपर्ने बताए। सामाजिक संस्थाको रूपमा शुरू भए पनि राज्यले सर्वसाधारणको लगानीसहितको कम्पनी बनाउनुपर्ने व्यवस्थाका कारण लघुवित्तलाई नाफा गर्नुपर्ने बाध्यता भएको उनको भनाइ थियो।

लघुवित्तविज्ञ डा. भरतसिंह थापाले लघुवित्तको मुख्य उद्देश्य गरीब तथा विपन्न वर्गलाई वित्तीय सेवा दिने हुनुपर्ने बताए। गरीबलाई सहयोग गर्नेगरी नै लघुवित्त कार्यक्रम शुरू भएको र सामाजिक संस्थाका रूपमा यो अघि बढेको उनको भनाइ थियो। नेपाल राष्ट्र बैंकसँग लघुवित्त कार्यक्रमको नियमन गर्ने क्षमता नभएको भन्दै उनले यसका लागि छुट्टै नियमनकारी निकाय बनाउनुपर्नेमा जोड दिए।

अर्का लघुवित्तविज्ञ डा. नरहरि ढकालले पनि लघुवित्त नीति परिवर्तनमा जोड दिए। २०६४ सालमा जारी भएको नीतिले सबै कुरा समेट्न नसकेको भन्दै यसलाई सुधार गरी समसामयिक नीति जारी गर्नुपर्ने उनले बताए।

लघुवित्तकर्मी रामचन्द्र जोशीले लघुवित्तहरू वित्तीय कारोबारमा मात्र केन्द्रित हुँदा आलोचित हुन थालेको बताए। लघुवित्तको दिगोपनका लागि यसको सामाजिक उद्देश्य बिर्सन नहुनेमा उनको जोड थियो।

लघुवित्त क्षेत्रमा बहस, पैरवी, अध्ययन अनुसन्धान तथा तालीम सञ्चालनको उद्देश्यसहित लघुवित्त समाज स्थापना गरिएको अध्यक्ष विष्णुप्रसाद पाठकले जानकारी दिए।

# ‘जलवायु जोखिम न्यूनीकरणमा साझा कार्यक्रम ल्याऔं’

बाकु (अजरबैजान)। राष्ट्रपति रामचन्द्र पौडेलले जलवायु जोखिमको प्रभावबाट जोगिन आउँदा दिनमा पर्वतीय देश र सामुद्रिक देश मिलेर साझा कार्यक्रमसहित एकीकृत रूपमा काम गर्न आह्वान गर्नुभएको छ। अजरबैजानको बाकुमा शुरू भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धि पक्षराष्ट्रहरूको सम्मेलन (कोप-२९) अन्तर्गत बुधवार नेपालले आयोजना गरेको विशेष बैठकमा उहाँले यस्तो आग्रह गर्नुभएको हो। ‘पर्वतीय क्षेत्रमा जलवायुजन्य हानि तथा नोक्सानीको सम्बोधन’ शीर्षकको उच्चस्तरीय ‘राउण्ड टेबल’ बैठकलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले भन्नुभयो, ‘पहाडी देशमा परेको जलवायु जोखिमको प्रभाव सामुद्रिक देशमा पर्न सक्ने र सामुद्रिक किनार माथि उठ्न सक्ने भएकाले आउँदा दिनमा पर्वतीय देश र सामुद्रिक देश मिलेर साझा कार्यक्रमसहित एकीकृत रूपमा काम गर्न आह्वान गर्दछु,’ राष्ट्रपति पौडेलले भन्नुभयो। राष्ट्रपति पौडेलले मुख्यगरी कार्बन उत्सर्जन गर्ने विकसित एवं तीव्र दरमा आर्थिक वृद्धि गर्ने राष्ट्रले उच्च जलवायु जोखिममा परेका राष्ट्रका लागि बढी सहयोग गर्नुपर्ने बताउनुभयो। ‘बढीभन्दा बढी जलवायु वित्तको व्यवस्थापनका लागि २९औं जलवायु सम्मेलन सफल हुने मेरो विश्वास छ,’ उहाँले भन्नुभयो।

जलवायु परिवर्तन हामी सबैको साझा चुनौती भएको र यसको सामाना गर्न हामी सबैको साझा बुझाइ तथा साझा प्रयास बनाउनुपर्ने भएकाले यस कार्यक्रमको आयोजना गरिएको राष्ट्रपति पौडेलको भनाइ थियो। ‘जलवायु परिवर्तनका उस्तै प्रभावित राष्ट्रलाई एकै ठाउँमा राखेर छलफल गर्दा समस्याका बारेमा बुझ्न र समाधान गर्न पनि सहज हुने हाम्रो विश्वास हो,’ उहाँले भन्नुभयो।




विगत तीन महीनामा जलवायुजन्य प्रकोपमा परेर नेपालमा मात्र पाँच सयभन्दा बढी मानिसले ज्यान गुमाउन पुगेको र खर्बभन्दा बढीको हानि नोक्सानी भएको राष्ट्रपति पौडेलले जानकारी दिनुभयो। यस प्रकारको हानि नोक्सानी भर्खरै स्पेनमा भएको बाढी र डुबान तथा गत जुलाईमा क्यारिबियन क्षेत्रमा आएको आँधीबेहरीले पनि भएको उहाँको धारणा थियो। ‘भोलिका दिनमा यो मानवीय संकट कसलाई कतिबेला पर्छ, कसैलाई थाहा छैन, तर आज समस्या परेको देशलाई सबै मिलेर सहयोग गर्नु आवश्यक छ,’ राष्ट्रपति पौडेलले भन्नुभयो। उहाँले जलवायु परिवर्तनका प्रभाव बहुआयामिक भएकाले हानि नोक्सानीलाई जलवायु वित्त व्यवस्थापनका लागि नयाँ समष्टिगत संख्यात्मक लक्ष्यमा हानि नोक्सानी समेत समेट्न विशेष आह्वान गर्नुभयो।

विशेष सत्रलाई सम्बोधन गर्दै कीर्गिस्तानका राष्ट्रपति सद्यर जापारोभले जलवायु परिवर्तनका असरले पर्वतीय क्षेत्रका पारिस्थितिक प्रणाली र त्यहाँका जनताको जीवनशैलीमा पारेको असरबारे विश्व समुदायको ध्यानाकर्षण गराए। यसमा संयुक्त राष्ट्र संघीय जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरूको सचिवालयले कार्य योजना बनाएर अघि बढ्नुपर्ने धारणा उनले राखे। *रासस*

# क्लाइमेट च्याम्पियन प्रतियोगिताको फाइनल इभेन्ट शुरू

काठमाडौं (अस)। स्टार्टअप डिस्कभरी एशिया (एसडीए) को क्लाइमेट च्याम्पियन प्रतियोगिताको फाइनल इभेन्ट ललितपुरको इडीईएन एम्फिथियटरमा शुरू भएको छ। प्रतियोगितामा १२२ आवेदकहरूबाट छानिएका सातजना फाइनलिस्टले आफ्ना नवीन जलवायु समाधान प्रस्तुत गर्दैछन्। प्रतियोगिताले नेपाली स्टार्टअपलाई जलवायु कार्यको क्षेत्रमा अगाडि बढ्न सहयोग पुर्‍याउने उद्देश्य राखेको छ।




फाइनलिस्टहरूमा आरभीएम नेपाल, क्लाइमट्रेस, सकल, इन्द्र वराह पाइप उद्योग, वायुदृष्टि, ग्रेभोलुसन र एग्री डाइरेक्ट ग्लोबल रहेका छन्।

प्रतियोगिताको निर्णायकको रूपमा इम्प्याक्ट हब काठमाडौंकी कार्यकारी निर्देशक तथा सह-संस्थापक डा. पद्माक्षी राणा, टिम भेन्चर्सका वरिष्ठ लगानी विश्लेषक दीपेश पोते श्रेष्ठ र जलवायु परिवर्तन पत्रकारिताको क्षेत्रमा प्रख्यात नीलिमा वल्लंगी रहेका छन्।

रू. २ लाखको पुरस्कार राशिसहितको प्रतियोगिताले खाद्य प्रणाली, विद्युतीय गत्यात्मकता, पानी तथा सरसफाइ, विपद् तयारी, प्रतिकार्य, जलवायु परिवर्तनका लागि डिजिटाइजेसन, स्वच्छ ऊर्जा तथा निर्माण लगायत क्षेत्रहरूमा काम गरिरहेका व्यक्ति र संस्थालाई सशक्त बनाउने उद्देश्य राखेको छ।

## तथ्यांकोवाच

### चालू आर्थिक वर्षको पहिलो २ महीनामा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीको लगानी (रू. दश लाख)

| प्रकार | असार | | | साउन | भदौ | फरक (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७९ | २०८० | २०८१ | २०८१ | २०८१ | | | |
| | १ | २ | ३ | ४ | ५ | २/१ | ३/२ | ५/४ |
| टर्म लोन | १,११६,८४१ | १,५७९,६१४ | १,९३१,०१४ | १,९३६,०१६ | १,९६५,०३६ | ३१.९८ | २२.२५ | १.५० |
| ओभरड्राफ्ट | ७१८,७७३ | २३०,७८२ | १२४,४३१ | १२०,७३३ | ११८,३४१ | -६७.८९ | -४६.०८ | -१.९८ |
| क्यास क्रेडिट कर्जा | - | ५१६,४५६ | ६४८,७१२ | ६४७,२८८ | ६५५,६२६ | - | २५.६१ | १.२९ |
| ट्रस्ट रिसिप्ट लोन/इम्पोर्ट लोन | ७८,४३२ | ७३,५७८ | ८२,८३५ | ९०,६०९ | ९६,९०९ | -६.१९ | १२.५८ | ६.९५ |
| शर्ट टर्म वर्किङ क्यापिटल/डिमान्ड लोन | १,०१४,०४८ | ८८०,२२६ | ७२५,४४५ | ७२९,१०५ | ७३७,९७७ | -१३.२० | -१७.५८ | १.२२ |
| आवासीय व्यक्तिगत घर कर्जा (२० मिलियन सम्म) | ३३७,७९९ | ३४८,७२५ | ३८७,०१६ | ३९५,२३७ | ३९३,६०१ | ३.२३ | १०.९८ | -०.४१ |
| रियल इस्टेट कर्जा | २२८,२५५ | २४९,५८८ | २६८,१५८ | २६०,७२३ | २६२,८३४ | ९.३५ | ७.४४ | ०.८१ |
| मार्जिन प्रकृतिको कर्जा | ८०,५०८ | ७६,५३५ | ९०,०९३ | ९१,४४३ | ९९,७४७ | -४.९३ | १७.७१ | ९.०८ |
| हायर पर्चेज कर्जा | १५७,१६२ | १५९,२१६ | १२४,१०२ | १२४,१४६ | १२५,०३७ | १.३१ | -२२.०५ | ०.७२ |
| विपन्न वर्ग कर्जा | ३३५,६२३ | ३०८,३५६ | ३१२,१८६ | ३०७,७९९ | ३०५,७१० | -८.१२ | १.२४ | -०.६८ |
| बिल पर्चेज्ड | ३,१३० | ४,२७१ | ७,८१५ | ६,८०८ | ६,५२२ | ३६.४६ | ८२.९९ | -४.२१ |
| अन्य प्रडक्ट | ५५८,४७० | ४५२,५०२ | ४६५,३६५ | ४५९,३८७ | ४५९,४८२ | -१८.९७ | २.८४ | ०.०२ |
| कुल | ४,७०९,०३९ | ४,८७९,८५१ | ५,१६७,१७३ | ५,१६९,२९६ | ५,२२६,८२२ | ३.६३ | ५.८९ | १.११ |

*स्रोत : नेपाल राष्ट्र बैंक*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर